सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ चैत २०८०, मंगलबार (9 April 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३५१ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

६१५ नेपाली साउदी कारागारमा

रमजानको अवसरमा रिहाइ गर्न मिल्नेलाई छाडिदिन साउदी सरकारलाई नेपालको आग्रह

अभियोग

३७८ जना : **घरेलु मदिरा उत्पादन तथा बिक्री-वितरण**
१३३ जना : **लागुऔषध कारोबार**
२० जना : **ठगी**
१८ जना : **चोरी**
११ जना : **घुस लेनदेन**
७ जना : **कुटपिट**
६ जना : **राहदानीसम्बन्धी कसुर**
५ जना : **हत्या**
४ जना : **अनैतिक क्रियाकलाप**
३ जना : **लुटपाट**
३० जना : **अन्य आरोप**



साउदी अरबमा **सुरेन्द्रकुमार कामती**

रोजगारीको सिलसिलामा साउदी अरब पुगेका ६ सय १५ नेपाली कारागारमा छन्। विभिन्न मितिमा पक्राउ परेका नेपालीको यो तथ्यांक साउदी प्रशासनले नेपाली राजदूतावासलाई उपलब्ध गराएको हो।

कारागारमा रहेकामध्ये धेरै मदिरासँग सम्बन्धित आरोपमा पक्राउ परेका छन्। अवैध रूपमा घरेलु मदिरा उत्पादन, बिक्री-वितरण र ओसारपासार गरेको आरोपमा तीन सय ७८ नेपाली पक्राउ परेका छन्। त्यस्तै, एक सय ३३ नेपाली लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा पक्राउ परेको तथ्यांक दूतावासले पाएको छ।

पाँच नेपालीमाथि हत्याको आरोपमा अदालतमा मुद्दा चलिरहेको छ। फैसला हुन नसक्दा उनीहरू पुर्पक्षका लागि कारागारमा छन्। त्यसबाहेक ११ नेपालीमाथि घुस लिएको, सातजनामाथि कुटपिटमा संलग्न भएको, चारजना अनैतिक क्रियाकलापमा संलग्न

» पृष्ठ २ मा क्रमशः

साउदी अधिकारीबाट स्वच्छ सुनुवाइ गरिने आश्वासन पाएका छौं

● **नवराज सुवेदी,**
साउदीका लागि नेपाली राजदूत



कतिपय नेपाली तोकिएको सजाय भुक्तान गरेर पनि रिहाइ हुन सकेका छैनन् भने कतिपयको मुद्दा अदालतसम्म नै पुगेको छैन। साउदीका जेलमा ६ सयभन्दा बढी नेपाली छन्। हामीले साउदी मानव अधिकार आयोगका सभापति र साउदी महान्यायाधिवक्तालाई भेटेर स्वच्छ सुनुवाइका लागि अनुरोध गरिसकेका छौं। उहाँहरूले छिट्टै यस विषयलाई समाधान गर्ने आश्वासन दिनुभएको छ।

उपनिर्वाचन र राष्ट्रिय सभा उपाध्यक्ष चुनावमा पाँच दल पाँचतिर

● राष्ट्रिय सभा उपाध्यक्षको निर्वाचनमा विमला घिमिरेलाई उम्मेदवार बनाउने एमालेको निर्णय, सम्मानजनक शक्ति बाँडफाँट नभएको भन्दै एकीकृत समाजवादी पनि उम्मेदवारी दिने तयारीमा, आज मनोनयन, भोलि चुनाव

● १५ वैशाखमा हुने उपनिर्वाचनमा इलाम २ मा एमालेबाट सुहाङ नेम्वाङ (माओवादीको समर्थन), राष्ट्रिय स्वतन्त्र पार्टीबाट मिलन लिम्बू, एकीकृत समाजवादीबाट जितबहादुर राई र स्वतन्त्र उम्मेदवार डेकेन्द्रसिंह लिम्बूलाई जसपाको समर्थन

● बझाङ (ख) मा एमालेबाट दमनबहादुर भण्डारी, माओवादीबाट जनक बुढा, एकीकृत समाजवादीबाट दिलबहादुर सिंह र जसपाबाट रामबहादुर जाग्री उम्मेदवार



● **देवेन्द्र दाहाल,** एमाले संसदीय दलका नेता, राष्ट्रिय सभा
शीर्ष सहमतिअनुसार नै राष्ट्रिय सभा उपाध्यक्षमा उम्मेदवारी दिन लागेका हौं। त्यसअनुसार हामी मनोनयन गराउँछौं।



● **मुकुल ढकाल**
महामन्त्री, रास्वपा
सरकार र निर्वाचन फरक हो, हामीले सहकार्य गर्ने वेला नै स्पष्ट पारेका थियौं। त्यसैले इलाममा मित्रवत् प्रतिस्पर्धा गर्नेछौं।



● **बेदुराम भुसाल,**
उपाध्यक्ष, एकीकृत समाजवादी
केन्द्र र केही प्रदेश सरकारमा बाहेक अरू सहमति भएको छैन। सबैलाई नयाँ ढंगले विश्लेषण गर्ने छुट छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

बहुमतका लागि संसदीय अंकगणितको बाध्यताले एकै ठाउँ रहेका सत्तारूढ पाँच दल राष्ट्रिय सभा उपाध्यक्ष र उपनिर्वाचनमा भने तितरबितर छन्। सत्ता सहकार्यमा समझदारी देखिए पनि अन्य राजनीतिक मुद्दा र चुनावी मैदानमा भने उनीहरूबीच तालमेल देखिएको छैन। राष्ट्रिय सभा उपाध्यक्ष र इलाम २ मा भने एमाले र माओवादीको सहकार्य छ।

शीर्ष तहमा केन्द्र र प्रदेश सरकारका विषयमा मोटामोटी समझदारीबाहेक अन्य एजेन्डामा गठबन्धनमा समझदारी छैन। सोही कारण पाँच दल आ-आफ्ना उम्मेदवारसहित प्रतिस्पर्धाको तयारीमा छन्। मंगलबार राष्ट्रिय सभा उपाध्यक्षको निर्वाचन मनोनयन र बुधबार चुनाव हुँदै छ। १५ वैशाखमा इलाम र बझाङ प्रदेश सभा 'ख'मा उपनिर्वाचन हुँदै छ। पाँच दलबीच साझा सहमति नजुटेपछि राष्ट्रिय सभा र उपनिर्वाचन दुवैतिर सत्तारूढ दल प्रतिस्पर्धाकै अन्तिम तयारीमा छन्।

राष्ट्रिय सभा उपाध्यक्षमा एमालेले शीर्ष तहमा भएको समझदारीअनुसार सांसद विमला घिमिरेलाई उम्मेदवार बनाउने घोषणा गरिसकेको छ। तर, उपाध्यक्षमै एकीकृत समाजवादीले पहिलेको सकारात्मक कुराकानीअनुसार आफूले पाउनुपर्ने दाबी छाडेको छैन। उपाध्यक्ष बेदुराम भुसालले एमालेले पनि उम्मेदवारी दिने निर्णय गरेपछि आफ्नो पार्टीले पाउने सकारात्मक कुराकानी अहिले अन्योलमा परेको बताए। 'राष्ट्रिय सभाको उपाध्यक्ष पहिले हामीले नै पाउने गरी कुराकानी भएको हो। तर, पछि एमालेले उम्मेदवारी दिने नै कुरा आयो। कुरा चल्दै छ, मंगलबारसम्म के हुन्छ, अहिल्यै भन्न सकिँदैन,' उनले भने।

» पृष्ठ २ मा क्रमशः

■ कोशीमा नयाँ सरकार कि मध्यावधि ?

संविधानको धारा १६८ (५) अनुसार गठन भएको सरकार पहिलोपटक अल्पमतमा, विश्वासको मत नलिने मुख्यमन्त्रीको अडान, नयाँ मुख्यमन्त्री नियुक्ति गर्न एमाले-माओवादीको निवेदन

मुख्यमन्त्री केदार कार्कीको तर्क- **विश्वासको मत लिन आवश्यक छैन**



प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने संविधानको व्यवस्थाअनुसार म मुख्यमन्त्री बनेको हुँ। संवैधानिक रूपमा पनि मैले विश्वासको मत लिन आवश्यकता छैन। उहाँहरूले माग्दैमा राजीनामा दिनुपर्ने आवश्यकता ठान्दिनँ। कानुनअनुसार फेस गर्दै जान्छु।

गठबन्धनको प्रश्न- **राजीनामा दिने कि संसद् सामना गर्ने ?**

● **रेवतीरमण भण्डारी,** प्रमुख सचेतक, एमाले



विश्वासको मत लिनुभएन भने पनि आजका मितिले ३० दिनभित्र उहाँले राजीनामा दिनुपर्छ। संविधान र सर्वोच्चको फैसलाको बर्खिलाप जानुभयो भने ३१औं दिनमा प्रदेश प्रमुखले संविधान, सर्वोच्चको नजिर र हाम्रो निवेदनका आधारमा नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाउनुपर्छ। यो प्रदेश प्रमुखको अधिकार हो।

संवैधानिक व्यवस्था के छ ?

संविधानको धारा १६८ को (७) मा मध्यावधि निर्वाचनबारे उल्लेख छ। जसमा 'उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ' भन्ने व्यवस्था छ।

विराटनगरमा **गणेश लम्साल**

संविधानको धारा १६८ (५) अनुसार गठन भएको सरकार पहिलोपटक अल्पमतमा परेपछि कोशीको सत्ता-राजनीति नयाँ अध्यायमा प्रवेश गरेको छ। अब नयाँ सरकार कि मध्यावधि निर्वाचन भन्ने राजनीतिक र संवैधानिक प्रश्न उब्जिएको छ।

प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने अवस्थामा ६ महिनाअघि मुख्यमन्त्री बनेका काग्रेस नेता केदार कार्की अल्पमतमा परेका हुन्। प्रदेश सभामा ५३ सांसद रहेका एमाले-माओवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका कार्कीले ३० दिनभित्र सदनमा विश्वासको मत लिन्छन् वा अन्य विकल्प रोज्छन्-

» पृष्ठ २ मा क्रमशः



NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कर्नर किक

● रवि मिश्र




दम्पती हत्याको अनुसन्धानमा सिआइबी खटिने

काठमाडौं/ पर्वतको जलजलामा एक साताअघि दम्पती हत्या घटनाको अनुसन्धानका लागि प्रहरी प्रधान कार्यालयले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई खटाउने निर्णय गरेको छ। स्थानीय प्रहरीले अभियुक्तहरू पहिचान गर्न नसकेपछि मंगलबारदेखि सिआइबी टोली खटिन लागेको हो। जलजला गाउँपालिका- २ मल्लाजनिवासी ६९ वर्षीय सूर्यबहादुर जिसी र उनकी श्रीमती ६७ वर्षीया श्रीमती गमला जिसी गत २० चैतम घरमै मृत अवस्थामा भेटिएका थिए। घटनास्थलका आधारमा प्रहरीले उनीहरूको हत्या भएको निष्कर्ष निकालेको छ। पेसेवर आपराधिक समूहबाटै हत्या भएको आधार देखिएपछि सिआइबी खटाउने निर्णय गरिएको प्रहरी प्रधान कार्यालयका एक अधिकारीले बताए। हत्यापछि सुन र नगदसमेत लुटिएको प्रहरीको भनाइ छ।

एकान्तमा रहेको घरमा जिसीदम्पती मात्र बस्दै आएका थिए। उनीहरूका दुई छोरा वैदेशिक रोजगारीको क्रममा कोरियामा र अर्का एक छोरा म्याग्दीको बेनी बजारमा बस्दै आएका थिए। बेनी बजारमा पसल गरेर बस्ने जेठो छोरा रविन जिसीले घरमा बुबाआमालाई फोन गर्दा नउठेपछि छिमेकीलाई बुझ्न लगाउँदा उनीहरू मृत भेटिएका हुन्। कुनै समूहले योजना बनाएरै हत्या र लुटपाट गरेको प्रहरी आकलन छ। घटनाको अनुसन्धान जारी नै रहेको र सिआइबीले पनि अनुसन्धानमा सघाउन लागेको पर्वतका डिएसपी खुमलाल भुसाल बताउँछन्।

सुक्खासँगै बढ्यो आगलागी र डढेलो

डोल्पामा डढेलो निभाउन गएका सैनिकको मृत्यु, बारीमा लगाएको आगोमा परी धनकुटामा बालकको मृत्यु



नासाले भू-उपग्रहबाट खिचेको नेपालमा फैलिएको पछिल्लो २४ घन्टाको डढेलो। हिमाली भेगबाहेक सबैतिर डडेलो बढेको देखिन्छ।



सर्लाहीको बसबरिया गाउँपालिका- ३ भवानीपुरको बंगलवास्थित दलित बस्तीमा सोमबार आगलागीबाट ११ घर जलेका छन्

नयाँ पत्रिका

मुलुक आगलागी र डढेलोको चपेटामा परेको छ। बदली र वर्षाका कारण झन्डै डेढ साता कम भएको डढेलो फेरि बढेको छ। पछिल्लो २४ घण्टामा मात्र ४३ ठाउँमा आगलागी भएको छ। वनजंगलका सयौं ठाउँमा डढेलो सल्किएको छ।

वायु प्रदूषणको रेडजोनमा काठमाडौं

प्रहरीका अनुसार २४ घण्टामा आगलागी र डढेलोमा परी दुईजनाको ज्यान गएको छ। डोल्पामा डढेलो निभाउन गएका एक सैनिकले ज्यान गुमाएका छन् भने धनकुटामा बारीमा लगाइएको

» पृष्ठ २ मा क्रमशः

■ सशस्त्रको गोदाममा आगलागी, करोडौंको क्षति
एआइजीको नेतृत्वमा छानबिन समिति गठन

काठमाडौंको बलम्बुस्थित सशस्त्र प्रहरी बलको केन्द्रीय भण्डारमा भीषण आगलागी हुँदा करोडौंको क्षति भएको छ। भण्डारमा विद्युत् सर्ट भएर आगलागी भएको प्रारम्भिक आकलन गरिएको छ। त्यहाँ सशस्त्र प्रहरी कर्मचारीलाई खरिद गरिएका कपडा, बुटलगायतका करोडौं मूल्यबराबरका सामान स्टोर गरिएको थियो। साँझ पौने ५ बजे लागेको आगो राति करिब ११ बजे नियन्त्रणमा आएको थियो। घटनास्थलमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललगायत पुगेका थिए। आसपासका घरमा रहेका सिसिक्यामेरासमेत हेरेर विस्तृत छानबिन गर्न मन्त्री लामिछानेले निर्देशन दिएका छन्। घटनाको छानबिनका लागि सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) वंशी दाहालको नेतृत्वमा नौ सदस्यीय छानबिन समिति बनेको छ। समितिले सोमबारदेखि नै छानबिन थालिसकेको छ।



वायु प्रदूषणको रेडजोनमा काठमाडौं

नयाँ पत्रिका

तुवाँलोमा आगलागी र डढेलोको धुवाँ मिसिँदा नेपालमा वायु प्रदूषण उच्च भएको छ। अझ काठमाडौं उपत्यकाको हावा झन् खराब स्थितिमा पुगेको छ। वातावरण विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले दक्षिण एसिया नै डढेलोको चपेटामा रहेका वेला नेपाल पनि अछुतो रहन नसकेको बताए। 'काठमाडौंमा वायु प्रदूषण उच्च छँदै छ। त्यसमा डढेलोको हावा पनि मिसिएको हो,' उनले भने, 'तराईमा पनि तुवाँलो छ। प्रदूषण ह्वातै बढेको डढेलोले हो।'

वायुको गुणस्तरको सूचकांकको विश्लेषण गर्ने 'एक्युआइसिएन'का काठमाडौंको आकाशमा वायुमा पार्टिकुलेट म्याटर (पिएम) २.५ भनिने आँखाले देख्न नसकिने र रौंभन्दा पनि साना धुलोको कण प्रतिघनमिटर २०० देखि ३०० सम्म पुग्ने गरेको छ।

५० देखि १०० सम्मको स्थितिलाई सामान्य मानिन्छ। १०० देखि १५० सम्म भएमा बालबालिका, रोगीलगायत समूहका लागि अस्वस्थकर मानिन्छ। हावामा पिएम २.५ को मात्रा १५० देखि २०० पुगेमा सबै समूहका लागि अस्वस्थकर र २०० भन्दा बढी भएमा जनस्वास्थ्य संकटकालको अवस्था मानिन्छ।

यद्यपि, आइतबारभन्दा सोमबार भने केही सुधार भएको छ। त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक डा. विनोद पोखरेलका अनुसार पश्चिमी वायुका कारण थोरै हावा चलेका कारण सोमबार काठमाडौंको वायु गुणस्तरमा केही सुधार आएको हो। उनले भने, 'तैपनि प्रदूषणको मात्रा हानिकारक नै छ, आकाश छ्यांग हुन ठूलो हावा चल्नुपर्छ वा पानी पर्नुपर्ने हुन्छ। अहिले तुवाँलोमा डढेलोका कण पनि मिसिएका छन्। त्यसबाहेक काठमाडौंमा ढल र फुटपाथमा टायल बिछ्याउन धेरै ठाउँमा खनिएकाले पनि धुलो बढेको छ।' मौसम पूर्वानुमान महाशाखाका मौसमविद् वरुण पौडेलका अनुसार प्रदूषण कम हुन समय लाग्ने देखिन्छ। तत्काल ठूलो वर्षा नहुने र तातोहावा चल्ने जोखिम रहेको उनले बताए।

उत्पादन बढाउन खेतबारीमै कृषि पाठशाला

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

नरैनापुर गाउँपालिकाले किसानको खेतबारीमै पुगेर खेती गर्ने विधि सिकाउन 'कृषि पाठशाला' सञ्चालन गरेको छ। पाठशालामार्फत नयाँ नयाँ विधि सिकेपछि यहाँका किसान तरकारी खेतीतर्फ आकर्षित भएका छन्।

परम्परागत विधिबाट खेतीपाती गर्दा उब्जनी थोरै भएपछि उनीहरूलाई प्रयोगात्मक अभ्यासमार्फत नयाँ विधि सिकाउने अभियान थालेको पालिकाका कृषि शाखा प्रमुख सदन भण्डारीले बताए। 'जुन बाली हो त्यसबारे बुझाउने र खेती गर्ने तरिकाको अभ्यास गराउँछौं,' उनले भने, 'बाली विशेषलाई लिएर सातामा एक दिन खेती गर्ने तरिका, कीटजन्य समस्या, उपचार, मल तथा औषधि छर्किने तरिका सिकाउँछौं।'

उत्पादित वस्तुको बजार र भण्डारण विधिबारे समेत सिकाउने गरेको उनले बताए। 'खेतबारीमै गएर बाली लगाउनेदेखि भित्र्याउनेसम्म ज्ञान दिइने भएकाले यसलाई कृषक पाठशाला भनिएको हो,' भण्डारीले भने।

बाँकेका अन्य गाउँपालिकाको तुलनामा नरैनापुर गाउँपालिकामा कृषिका लागि जमिन धेरै छ। तर, सिँचाइको व्यवस्था नहुँदा यहाँका किसान अकासेपानीमा निर्भर छन्। कृषि जेटी र जेटिए खेतबारीमै भेटिन थालेपछि किसानहरूसमेत खुसी भएका छन्।

अन्य बालीभन्दा नगदेबालीतर्फ कृषकलाई आकर्षित गर्न कृषक पाठशाला सञ्चालनमा ल्याएको भण्डारीको भनाइ छ। 'नगदेबालीअन्तर्गत तरकारी खेतीमा आकर्षण गर्न समूह निर्माण गरी कृषक पाठशाला सञ्चालन गरिएको छ,' उनले भने, 'यस वर्ष बन्दागोभी खेतीबारे जानकारी दिन 'कृषक पाठशाला' सञ्चालन गरेका छौं। गर्मी सिजनमा अर्को तरकारीबारे सिकाउने योजना बनाएका छौं।'

पाठशालाबाट खेतीपाती गर्ने आधुनिक विधि थाहा पाएको हरियाली महिला कृषक समूहकी अग्नि चौधरीले बताइन्। 'परम्परागत रूपमा खानका लागि मात्र तरकारी रोपिन्थ्यो। रोपेर छाड्थ्यौं,' उनले भनिन्, 'मलजल मिलाएर नहाल्दा थोरै फल्थ्यो। कृषि पाठशाला सञ्चालनपछि किन फलेन भनेर हेर्ने, गोडमेल गर्ने, मलजल गर्ने, आवश्यकताअनुसार विषादी छर्किन्छौं।'

नरैनापुर गाउँपालिक- ४ हरियाली कृषक महिला समूह दौलतपुरकी अध्यक्ष प्रतिमा भुसालले पनि कृषक पाठशालाले धेरै ज्ञान दिएको बताइन्। 'पाठशालाले मौसमी, बेमौसमी तरकारी खेती गर्नेलगायत ज्ञान दिएको छ,' उनले भनिन्।

यो समूहमा २४ सदस्य छन्। समूहका सबै सदस्य कृषक पाठशालामा गएर जैविक मल बनाउने तरिका, बिउ राख्ने, बिरुवा रोप्ने, गोडमेल गर्ने, किरा लाग्दा जैविक उपचार गर्नेजस्ता तरिका सिक्दै छन्।

नरैनापुर गाउँपालिकाले उत्पादित तरकारी बिक्रीका लागि वडा नम्बर ४ मा हाटबजारसमेत सञ्चालन गरेको र संकलन केन्द्रसम्म ल्याउन कृषि एम्बुलेन्सको व्यवस्था गरेको छ।

६१५ नेपाली...

पृष्ठ १ बाट क्रमशः

रहेको, ६ जना राहदानीसम्बन्धी समस्यामा, २० जना बेइमानी गरेको, १८ जना चोरी र तीनजना लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परेका हुन्। साउदी अरबमा खुला रूपमा मदिरा उत्पादन, बिक्री-वितरणमा रोक छ। दुई महिनाअघि साउदीले राजधानी रियादमा कूटनीतिक क्षेत्रका अधिकारीलाई लक्षित गरी मदिराको पसल सञ्चालनमा ल्याए पनि खुला बिक्री गर्न पाइँदैन।

रियादस्थित नेपाली दूतावासका सूचना अधिकारी टोपनारायण गिरीले मदिरा बनाउने, बेच्ने, सेवन गर्ने गरेको सूचना दूतावासमा पनि प्राप्त भएको बताए। 'हामीले सचेतना अभियान थालेका छौं,' उनले भने, 'त्यसका बाबजुद कतिपय गैरकानुनी काममा लागेपछि पक्राउ पर्ने गर्छन्।' कारागारमा रहेकामध्ये रमजानको अवसरमा रिहाइ गर्न मिल्नेलाई रिहाइ गरिदिन साउदी सरकारलाई अनुरोध गरिएको गिरीले बताए।

साउदीका लागि नेपाली राजदूत नवराज सुवेदीले कतिपय नेपालीले तोकिएको सजाय भुक्तान गरे पनि रिहाइ हुन नसकेको र कतिपयको मुद्दा अदालतसम्म नपुगेको बताए। 'साउदीका जेलमा ६ सयभन्दा बढी नेपाली छन्,' सुवेदीले भने, 'हामीले साउदी मानव अधिकार आयोगका सभापति र साउदी महान्यायाधिवक्तालाई भेटेर स्वच्छ सुनुवाइका लागि अनुरोध गरिसकेका छौं।'

अदालतले तोकेभन्दा बढी समय जेल बसेर रिहाइ हुन नसकेका र हराइरहेकाको सूची साउदीको परराष्ट्र मन्त्रालयमार्फत रियादका गभर्नर, साउदी महान्यायाधिवक्ता र मानव अधिकार आयोगका सभापतिलाई भेटेर बुझाइएको उनले बताए। 'उहाँहरूले छिट्टै यस विषयलाई समाधान गर्ने आश्वासन दिनुभएको छ,' उनले भने।

राजदूत सुवेदीका अनुसार वैदेशिक रोजगारीमा आउनेका लागि साउदीमा भाषागत समस्या हुने भएकाले आधारभूत अरेबिक भाषाको ज्ञान र प्रशिक्षणको व्यवस्थाका लागि श्रम मन्त्रालयमा अनुरोध गरिएको छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Alternative Energy Promotion Centre (AEPC)
Mid Baneshwar, Kathmandu, Nepal
Phone: +9771-4598013, 4598014 Fax: 01-5542397
Website: www.aepc.gov.np, Email: info@aepc.gov.np

REQUEST FOR PROPOSALS

Contract Identification Number: AEPC/SES/RFP/2080/81-02
Date of Notice Publication: 9 April 2024

Alternative Energy Promotion Centre (AEPC), a National focal agency promoting renewable energy technologies in Nepal, is currently executing various Renewable Energy Programs with the support of the Government of Nepal and various international development partners. AEPC hereby Requests for proposals (RFP) from eligible Consulting Firms/Institutions for the task **"Consultancy Services for Preparing an Impact Study Report on Solar Pumping Projects."**.

- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes.** Both the sealed proposals must be sealed in another single envelope mentioning Title of the task and **RFP Number.**
- Detailed RFP (with ToR) for the above task can be downloaded from **www.aepc.gov.np** or can be obtained from AEPC, Mid-Baneshwar, Kathmandu, Nepal.
- Proposal (in Hard Copy) must be delivered manually to the address above by **12:00 hour's local time** on or before **24 April 2024.**
- Received Proposal (Technical) shall be opened in the presence of Proponents' representatives who choose to attend at **12:30 P.M. on 24 April 2024** at the office of AEPC, Mid Baneshwor, Kathmandu, Nepal.
- The method of consultant selection will be **Quality and Cost Based Selection (QCBS), 80:20** weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.

गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया

ठेक्का तोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०८०/१२/२७ गते

तपसिलमा उल्लेखित निर्माण व्यवसायीले देहाय अनुसारको निर्माण कार्य गर्ने गरी सम्झौता बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा कार्य सम्पन्न नगरेको र निर्माण कार्य सम्पन्न गर्नुहुन भनि पटक पटक पत्राचार, ईमेल र फोन मार्फत निर्देशन दिदा समेत कार्यको संवेदनशीलतालाई ध्यान नदिई लापरबाही गरी लामो समयसम्म उक्त निर्माण कार्य सम्पन्न गर्नेप्रति कुनै चासो नदेखाएकाले पालिका, समुदाय लगायत सम्बन्धित सम्पूर्णमा प्रत्यक्ष तथा अप्रत्यक्ष हानि नोक्सानी भैरहेको कुरालाई मध्यनजर गर्दै सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौताका शर्तबमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्न पर्ने कुनै मनासिब कारण भएमा ७(सात) दिन भित्र स्पष्ट कारण सहित यस कार्यालयमा उपस्थित हुन सुचित गरिन्छ अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौताका शर्तबमोजिम ठेक्का रद्द गरि तत्पश्चात गरिने सम्पूर्ण कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

क्र स	बोलपत्र न	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति
1	W/GRM/NCB/04/2078-079	Construction of Blacktop Road and Other Structures work at ShantiBazar Khutena Road	Hamal Builders, Baijanath-03 Banke	लोकेन्द्र बहादुर हमाल	२०७८-०९-०६	२०८०-१२-१९ गते (दोस्रो पटक)
2	W/GRM/SQW/09/2078-079	Construction of Box Culvert at Khallagaun Chihanghat	Tulsi Engineering Construction Pvt. Ltd., New Baneswor kathmandu	कुबेर लम्साल	२०७८-११-२५	२०८०-१२-१९ गते (दोस्रो पटक)

सुक्खासँगै...

पृष्ठ १ बाट क्रमशः

आगोमा परी एक बालकको मृत्यु भएको छ।

डोल्पास्थित मष्टाभवानी सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा जलेर गम्भीर घाइते भएका देवीदत्त गुल्म 'क' मा कार्यरत सिपाही हेमन्त रावलको मृत्यु भएको हो। डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालका अनुसार सदरमुकाम दुनैस्थित जिल्ला अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको हो। डढेलोमा परी गम्भीर घाइते जमदार केशव जागामगरको दुनैस्थित जिल्ला अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था चिन्ताजनक रहेको प्रजिअ दाहालले जानकारी दिए। उपचार गर्न सेनाका चिकित्सक डोल्पा पुगेका छन्।

डढेलोमा परी घाइते प्युठ विजय कोइराला र आशिक बुढालाई थप उपचारका लागि सेनाको हेलिकोप्टरमार्फत काठमाडौं ल्याइएको छ। सुरुमा नेपालगन्ज लगिए पनि उपचार हुन नसकेपछि काठमाडौं ल्याइएको हो। डोल्पाको विभिन्न सामुदायिक वनमा केही दिनदेखि डढेलो सल्किएको छ। वनमा लागेको डढेलो नियन्त्रण गर्न नेपाली सेनाका दुईवटा गुल्म, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीयको टोली खटिए पनि नियन्त्रणमा आउन नसकेको प्रजिअ दाहालको भनाइ छ।

त्यसैगरी, बारीमा झ्यास जम्मा पारी लगाइएको आगोमा परी धनकुटा नगरपालिका-३ कागतेका विनोद श्रेष्ठका तीन वर्षीय छोरा विवेक श्रेष्ठको ज्यान गएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार स्थानीय राजु श्रेष्ठले आफ्नो बारीमा झ्यास जम्मा पारेर आगो लगाई खेत जोत्न लागेको अवस्थामा नजिकै खेलिरहेका विवेक र राजु श्रेष्ठका छोरा १० वर्षीय रोशन श्रेष्ठ आगोले जलेर घाइते भएका थिए। न्युरो अस्पताल विराटनगर हुँदै थप उपचारका लागि काठमाडौंतर्फ लैजाने क्रममा बाटोमै विवेकको मृत्यु भएको हो। घाइते रोशनको न्युरो अस्पताल विराटनगरमा उपचार भइरहेको छ।

यसैगरी, सल्यानको कपुरकोट गाउँपालिका- १ स्थित स्यालेडेरा सामुदायिक वनमा लागेको डढेलो निभाउन गएका १५ जना घाइते भएका छन्। डढेलो निभाउने क्रममा हावाहुरी चलेपछि आगो शरीरमा सल्किएको कपुरकोट रेन्जपोस्ट प्रमुख अन्जना शर्माले बताइन्। आगो निभाउने क्रममा हातखुट्टाका केही भागमा आगोले पोले पनि अवस्था चिन्ताजनक नरहेको उनले बताइन्। धनकुटा-१० मा सल्लेरी सिरानका रत्न मगरको बारीमा गोलभेँडाको झ्यास जलाउन बालेको आगो घरगोठमा सल्किएको छ। आगलागीबाट अन्नपात, लत्ताकपडा, भाडावर्तनलगायतका सामान जलेर करिब ६ लाखबराबरको क्षति भएको छ।

प्रहरीका अनुसार बाराको पचरौता नगरपालिका-१ पिपरपातीस्थित कबाडमा आगलागी हुँदा फुसको घर, कबाडको सामान फुटाउने तथा गलाउने मेसिन एक थान र प्लास्टिकको सामान जलेर करिब २० लाखबराबरको क्षति भएको छ। अर्घाखाँची, भूमिकास्थान नगरपालिका-७ बाजुकास्थित बाजुका सामुदायिक वनमा फैलिएको डढेलो बस्तीमा पसेको छ। मानकुमारी भण्डारीलगायत ६ जनाको घर र गोठ जलेर करिब ५३ लाखको क्षति भएको छ।

सिन्धुलीको फिक्कल गाउँपालिका-४ खाड्साङ बस्ने निर्मलकुमार दर्लामीको घर र गोठमा आगलागी हुँदा करिब ५ लाख १५ हजारबराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ। पाँचथरको हिलिहाङ गाउँपालिका-२ स्थित चिउरीपानी सामुदायिक वनमा लागेको आगो फैलिएर हस्तबहादुर भण्डारीको बाख्राको खोरमा आगलागी भएको छ।

रुकुम पश्चिम, आठबिसकोट नगरपालिका- २ स्यालामा धनबहादुर बोहराको घरमा आइतबार राति आगलागी भएको छ। आगलागीबाट खाद्यान्न तथा किराना पसल, नास्ता पसल, काठ, भाडावर्तन, लत्ताकपडा र नगद तीन लाख ३० हजारको क्षति भएको छ। पाल्पा, पूर्वखोला गाउँपालिका- २ साठीकोल बस्ने टेकबहादुर ठाडाको घरमा सोमबार बिहान आगलागी भएको छ। घर पूर्ण रूपमा जलेर करिब सात लाख रुपैयाँबराबरको धनमाल नष्ट भएको छ।

ओखलढुंगाको चम्पादेवी गाउँपालिका- ९ मिश्र भञ्ज्याङस्थित देवीथान सामुदायिक वनमा सोमबार दिउँसो लागेको आगो विद्यालयमा फैलिएको छ। आगो फैलिएर सोही ठाउँस्थित जीवनज्योति माध्यमिक विद्यालयको स्टोर कोठामा समेत आगलागी हुँदा कम्प्युटर, डेस्कटप, स्कुल ड्रेस, किताबलगायत विद्यालयका अन्य शैक्षिक सामग्री जलेर करिब १० लाखको धनमाल नष्ट भएको छ।

पोखरा महानगरपालिकाको अस्थायी ल्यान्डफिल साइटमा सोमबार आगलागी हुँदा नजिकैका बस्ती जोखिममा परेका छन्। पोखरा-३२ लामेआहालमा रहेको ल्यान्डफिल साइटमा सोमबार साँझ ५ बजेदेखि फैलिएको आगो नियन्त्रणबाहिर गएको हो। पोखरा-३२ मा अस्थायी ल्यान्डफिल साइटमा सोमबार आगलागी भएको छ। आगलागीबाट ल्यान्डफिल साइटसँगै जोडिएको च्याउ फार्ममा समेत क्षति पुगेको छ।

सर्लाहीको बसबरिया गाउँपालिकास्थित भवानीपुरको दलित बस्तीमा भीषण आगलागी भएको छ। बसबरिया गाउँपालिका- ३, भवानीपुर गाउँमा सोमबार दिउँसो एक्कासि आगलागी भएको हो। आगलागीबाट स्थानीयका ११ वटा फुसको छाना भएका घर जलेर नष्ट भएका छन्। पाँचवटा घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

प्रहरीका अनुसार स्थानीय रामविश्वास रामको घरबाट सुरु भएको आगलागीबाट छिमेकी दिनेश माझी, जोखु मुखिया, भुरी देवी, राजनारायण माझी र विन्देश्वर माझीको घर पूर्ण रूपमा जलेर नष्ट भएको हो। आगलागीमा परेर राजनारायण माझी, किशोर मुखिया, हर्ष मुखिया, मिश्री माझी र नरेश रायको घरमा आंशिक क्षति पुगेको छ।

मलंगवा नगरपालिका र हरिवन नगरपालिकाबाट पुगेको बारुणयन्त्र, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको प्रयासमा आगो नियन्त्रणमा आएको थियो। ग्यास सिलिन्डर विस्फोटबाट आगलागी भएको प्रहरीको आशंका छ। आगो समयमै नियन्त्रणमा आएकाले ठूलो क्षति हुनबाट जोगिएको वडाध्यक्ष नन्दलाल महतोले बताए। आगलागीबाट घरमा रहेका लत्ताकपडा, अन्नपात जलेर नष्ट भएको प्रहरीले जनाएको छ। क्षतिको विवरण संकलन भइरहेको प्रहरीको भनाइ छ। आगलागीपीडितलाई तत्कालका लागि राहतस्वरूप खाद्यान्न सहयोग गरिएको बसबरिया गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायले जानकारी दिए।

उपनिर्वाचन...

पृष्ठ १ बाट क्रमशः

उपचुनावमा अलग-अलग प्रतिस्पर्धा गर्ने स्थिति आएकाले सत्तासमीकरण र सहकार्य भए पनि अहिलेको परिस्थितिलाई सबैले आ-आफ्नै ढंगले बुझ्ने र विश्लेषण गरिरहेको उनले बताए। 'केन्द्रीय र केही प्रदेश सरकारमा बाहेक अरू केही पनि सहमति भएको छैन। निर्वाचनको प्रतिस्पर्धाको स्थितिले सबैलाई आ-आफ्ना ढंगले विश्लेषण गर्ने छुट छ,' भुसालले भने।

राष्ट्रिय सभा एमाले संसदीय दलका नेता देवेन्द्र दाहालले भने शीर्ष सहमतिअनुसार नै आफ्नो पार्टीले उपाध्यक्षमा उम्मेदवारी दिन लागेको बताए। 'हामीले शीर्ष सहमतिअनुसार नै उम्मेदवारी दिन लागेका हौं,' दाहालले भने, 'त्यसअनुसार हामी उपाध्यक्षमा उम्मेदवार मनोनयन गराउँछौं।'

अध्यक्षमा मतदान गरेर सहयोग गरेका कारण राष्ट्रिय सभा उपाध्यक्षमा एमालेलाई माओवादीले सहयोग गर्ने तयारी गरेको छ। सत्तारुढ तेस्रो दल राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व राष्ट्रिय सभामा छैन। अर्को दल जसपाले कुनै निर्णय गरिसकेको छैन। एकीकृत समाजवादीले अन्तिमसम्म सहमतिकै लागि कोसिस गर्ने र नभए उम्मेदवारीबारे अन्तिममा एउटा निर्णयमा पुग्ने नीति लिएको छ। एकीकृत समाजवादीका उपाध्यक्ष भुसालले पार्टीले मंगलबार नै त्यसबारे निर्णय लिने बताए।

उता, इलाम- २ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सत्तारुढ पाँच दलभित्र एमाले र माओवादीबीच मात्रै कुराकानी मिलेको छ। एमाले उम्मेदवार सुहाङ नेम्वाङलाई माओवादीले सहयोग गर्ने निर्णय लिए पनि उसले बझाङ 'ख'को प्रदेश सभा सदस्यमा भने आफ्नै उम्मेदवार उठाएको छ।

बझाङ 'ख'मा एमालेबाट दमनबहादुर भण्डारी र माओवादीबाट जनक बुढाले उम्मेदवारी दर्ता गराइसकेका छन्। माओवादीले बझाङमा सहयोग गर्न आग्रह गरे पनि आफ्नो स्थिति मजबुद रहेकाले जितको सम्भावना भएको भन्दै इलाममा सहयोग गरेबापत उम्मेदवारी फिर्ता नलिने बताउँदै आएको छ।

उता, इलाम र बझाङ दुवैतिर नेकपा एकीकृत समाजवादीले उम्मेदवार उठाएको छ। इलाममा जितबहादुर राईलाई उम्मेदवार बनाएको उसले बझाङमा दिलबहादुर सिंहलाई उठाएको छ। इलाममै अर्को सत्तारुढ तेस्रो ठूलो दल रास्वपाले मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ। प्रदेश सभामा भने दल दर्ता नभएकाले उसले उम्मेदवारी दिएको छैन।

महामन्त्री मुकुल ढकालले सरकार र निर्वाचन फरक मोर्चा हो भन्ने पार्टीको बुझाइ र सरकारमा रहेका दलहरूसँग कुराकानी गरेरै आफ्नो पार्टी प्रतिस्पर्धामा उत्रिएको बताए। 'सरकार र निर्वाचन फरक मोर्चा हो, हामीले सहकार्य गर्ने वेला नै यो कुरा स्पष्ट पारेका थियौं,' ढकालले भने, 'त्यसैले हामी इलामको चुनावमा मित्रवत् ढंगले प्रतिस्पर्धा गर्नेछौं।'

अर्को सत्तारुढ दल जसपाले पनि बझाङमा रामबहादुर जाग्रीलाई उम्मेदवार उठाएर अलग प्रतिस्पर्धा गर्ने भएको छ। जसपाले भने इलाममा पहिचानवादी स्वतन्त्र उम्मेदवारलाई सहयोग गर्ने बताएको छ।

एमालेले समाजवादी ध्रुवीकरणको उद्देश्यसहित माओवादी, नेकपा एस, जसपा र नेकपासमेत सामेल समाजवादी मोर्चामा तत्काल सामेल नहुने, तर आपसी संवाद र अन्तर्क्रियामा बस्ने नीति लिएको छ। नयाँ समीकरण फेरिएलगत्तै मोर्चामा आबद्ध नेताहरूले एमालेलाई समेत सामेल गरेर मोर्चा विस्तारको प्रयास गरेपछि उसले यस्तो नीति अख्तियार गर्ने जानकारी दिएको हो। एमाले अध्यक्ष केपी ओलीसँगको पछिल्लो संवादपछि मोर्चाका संयोजक नेत्रविक्रम चन्दले एमाले तत्काल मोर्चामा सामेल नहुने बताउँदै आएका छन्।

कोशीमा...

पृष्ठ १ बाट क्रमशः

निश्चित भइसकेको छैन। कांग्रेसकै एउटा तप्का मुख्यमन्त्री कार्कीको विपक्षमा देखिएको छ।

मुख्यमन्त्रीले विश्वासको मत नलिने प्रतिक्रिया दिएर राजनीतिक तरंग पैदा गरेका छन्। संविधानको धारा १६८ को (७) मा मध्यावधि निर्वाचनबारे उल्लेख छ। जसमा 'उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्नेछ' भन्ने उल्लेख छ।

केन्द्रमा भएको सहमतिअनुसार गठबन्धनबाट एमाले संसदीय दलका नेता हिक्मतबहादुर कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गर्न सोमबार नै प्रदेश प्रमुख परशुराम खापुङसमक्ष निवेदन दिइएको छ। त्यसअघि माओवादीका तीन मन्त्रीले राजीनामा दिएका थिए।

अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले तत्काल राजीनामा नदिने र विश्वासको मत पनि नलिने बताए। 'प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने अवस्थाको स्थितिमा म मुख्यमन्त्री बनेको हुँ। त्यही भएर मैले विश्वासको मत लिन आवश्यकता छैन, राजीनामा दिनुपर्ने आवश्यक पनि ठान्दिनँ,' कार्कीले भने, 'कानुनअनुसार फेस गर्दै जान्छु।'

एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले अल्पमतमा परिसकेकाले मुख्यमन्त्री कार्कीले राजीनामा दिनुपर्ने वा संसद् फेस गर्न तयार हुनुपर्ने बताए। 'संविधानको धारा १६८ (५) बमोजिम बनेको सरकारलाई दिइएको समर्थन फिर्ता हुन सक्छ र फेरि दलीय आधारमा सरकार बन्न सक्छ भन्ने सर्वोच्च अदालतको संवैधानिक इजलासले २८ असार ०७८ मा कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न दिएको फैसलाको पूर्णपाठमा छ,' भण्डारीले भने, 'यो नजिरले विश्वासको मत फिर्ता लिन सकिन्छ भन्ने देखिन्छ।'

भण्डारीले सरकारमा सहभागिताका लागि दल वा सांसदले समर्थन फिर्ता लिन सक्ने व्यवस्था संविधानको १८८ (२) मा रहेको र सर्वोच्चको फैसलाको पूर्णपाठको बुँदा नम्बर ८६ ख्याल गर्न बताए। 'विश्वासको मत लिनुभएन भने पनि आजका मितिले ३० दिनभित्र उहाँले राजीनामा दिनुपर्छ,' भण्डारीले भने, 'उहाँ संविधान र सर्वोच्चको फैसलाको बर्खिलाप जानुभयो भने ३१औं दिनमा प्रदेश प्रमुखले संविधान, सर्वोच्चको नजिर र हामीले आज दिएको निवेदनका आधारमा नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाउनुपर्छ। कुन उपधाराअन्तर्गत सरकार गठनका लागि आह्वान गर्नुहुन्छ, प्रदेश प्रमुखको अधिकार हो।'

कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री उद्धव थापाले भने मुख्यमन्त्री कार्की अल्पमतमा परिसकेकाले राजीनामा दिनुपर्ने बताए। 'उहाँ कांग्रेसका आठ सांसदको सहयोगमा एमालेको साथ पाएर मुख्मन्त्री बन्नुभएको हो। अहिले एमाले र माओवादी दुवैले समर्थन फिर्ता लिइसकेकाले राजीनामा दिन सुझाव दिन्छु,' उनले भने, 'संसद्को अंकगणित हेर्दा पनि उहाँले विश्वासको मत प्राप्त गर्ने सम्भावना छैन।'

कोशीमा एमालेले २७ असोजमा कांग्रेसका बागी उम्मेदवार कार्कीलाई समर्थन गरेर मुख्यमन्त्री नियुक्त गराएको थियो। १ कात्तिकमा कार्कीले एमालेकै समर्थनमा प्रदेश सभाबाट विश्वासको मत पनि लिएका थिए। मुख्यमन्त्री कार्कीलाई एमालेले आफ्नो पार्टी कांग्रेसको मात्र सरकार विस्तार हुनुपर्ने अडान लिँदै आएको थियो। तर, चर्को दबाबमा परेका मुख्यमन्त्री कार्कीले अन्ततः एमालेको दबाबलाई बेवास्ता गर्दै मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए।

अहिले केन्द्रमा गठबन्धन फेरिएपछि एमाले-माओवादीले आफ्नो नेतृत्वमा सरकार बनाउन लागेका हुन्। ९३ प्रदेश सभा सदस्य रहेको कोशीमा सरकार बनाउन ४७ मत आवश्यक पर्छ। एमालेका ४० र माओवादीका १३ सांसद छन्। केन्द्रमा गठबन्धनमा रहेको एकीकृत समाजवादी र जसपासँग पाँच मत छ। कांग्रेसका २९ सांसद छन्।

एकीकृत समाजवादी अनिर्णीत

गठबन्धनमा रहेको एकीकृत समाजवादी कोशी प्रदेशमा पनि अनिर्णीत अवस्थामा छ। एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्र राईले आफूहरू तत्काल कोशी सरकारबाट फिर्ता नहुने बताए। कोशी सरकारमा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगू भौतिक पूर्वाधारमन्त्री छन्। 'प्रदेश प्रमुखलाई हस्तक्षेप गराएर सरकार गिराउने र नयाँ सरकार बनाउने खेलले राजनीतिक स्थायित्व हुँदैन, यसैले हामी संसद्बाटै सबै समस्याको हल हुनुपर्छ भन्ने चाहन्छौं,' नेता राईले भने।

संसद्को विशेष अधिवेशन बोलाउन माग

मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेसँगै एमाले-माओवादीका सांसदले प्रदेश सभाको विशेष अधिवेशन बोलाउन माग गरेका छन्। ५३ सांसदले मुख्यमन्त्रीलाई दिएको विश्वासको मत फिर्ता लिएको र विशेष अधिवेशन बोलाउन प्रदेश प्रमुख परशुराम खापुङसमक्ष निवेदन दिएका हुन्।

प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन)समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम कोशी प्रदेश सरकारका मुख्यमन्त्री र प्रदेश सरकारका विभिन्न पदाधिकारीलाई संकल्प प्रस्तावमार्फत आवश्यक निर्देशन दिन आवश्यक रहेकाले धारा १८३ को उपधारा ३ बमोजिम अधिवेशनको माग गरिएको निवेदनमा उल्लेख छ। एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले विशेष अधिवेशन माग गरिएको, तर मिति तोक्ने अधिकार प्रदेश प्रमुखलाई रहेको बताए।

लगत्तै मुख्यमन्त्री कार्कीले पनि विश्वासको मतको अवधि छल्न डेढ महिना अर्थात् आगामी ११ जेठमा नियमित अधिवेशन बोलाउने निर्णय गराएर प्रदेश प्रमुखसमक्ष सिफारिस गरेका छन्।

कर्णालीमा भागबन्डा नमिल्दा सरकार गठनमा ढिलाइ

सुर्खेत/ कर्णाली प्रदेशमा एमाले र माओवादीका शीर्ष नेताहरूबीच केन्द्रमा भएको सहमतिअनुसार भागबन्डा नमिल्दा नयाँ सरकार गठनमा सकस देखिएको छ। केन्द्रको सहमतिविपरीत मुख्यमन्त्री राजकुमार शर्माले प्याकेजमा सहमतिको अडान राखेपछि नयाँ सरकार गठनमा ढिलाइ भएको हो। गत बुधबार प्रदेश प्रमुख तिलक परियारले मुख्यमन्त्री शर्माले दिएको राजीनामा स्वीकृत गर्दै नयाँ सरकार गठनका लागि सात दिनको समय दिएका छन्। माओवादीले सभामुख, मन्त्रालयको संख्या र आलोपालो मुख्यमन्त्रीको टुंगो नलगाएसम्म अघि नबढ्ने अडान लिएको छ। मन्त्रालय भागबन्डा तथा नयाँ सरकार गठनका विषयमा माओवादी संसदीय दलका नेतासमेम रहेका शर्मा र एमाले संसदीय दलका नेता यामलाल कँडेलबीच केही दिनयता लगातार छलफल हुँदै आएको छ। तर, ठोस सहमति हुन नसकेको मओवादीका प्रमुख सचेतक रणसिंह परियारले बताए। मागको विषयमा टुंगो लागेपछि मात्रै सरकारमा दाबी पेसका लागि एमालेलाई संसदीय दलले पत्र दिने आन्तरिक सहमति रहेको माओवादीले जनाएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमध्ये एकमा माओवादीको दाबी छ। आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने विषयमा पनि लिखित सहमति हुनुपर्ने अडान राखेको छ। ४० सदस्यीय कर्णाली प्रदेश सभामा कांग्रेसका १४, माओवादी १३, एमाले सभामुखसहित १०, राप्रपा, एकीकृत समाजवादी र स्वतन्त्र एक-एक सांसद छन्।

कांग्रेसको अडानले सत्तापक्ष दबाबमा, जुटेन सहमति

मंगलबारको प्रतिनिधिसभा बैठकमा गृहमन्त्री लामिछानेले विधेयक पेस गर्ने कार्यसूची, रणनीति बनाउन कांग्रेस संसदीय दलको बैठक बस्दै

कमलराज भट्ट / नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति माग गरेको प्रमुख प्रतिपक्षी कांग्रेसलाई मनाउन बसेको प्रमुख चार दलको बैठक निष्कर्षविहीन बनेको छ। सभामुख देवराज घिमिरेको कार्यकक्षमा सोमबार दिउँसो बसेको कांग्रेस, एमाले, माओवादी र रास्वपा दलका नेता तथा सचेतकहरूको बैठकले निकास निकाल्न सकेन। मंगलबार प्रतिनिधिसभा बैठक छ।

सहकारीको रकम अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै कांग्रेसले २४ फागुनदेखि संसदीय छानबिन समितिको माग गरिरहेको छ। कांग्रेसले मन्त्री लामिछानेलाई सदनको रोस्टममा पनि जान दिएको छैन। २ चैतमा लामिछानेले राजनीतिक दलसम्बन्धी संशोधन विधेयक पेस गर्न खोज्दा कांग्रेसले बेल घेराउ गरेर रोकेको थियो। अन्य बिजनेसमा भने सदन चल्न दिएको छ।

सदनमा कांग्रेसले बैठकको सुरुमा आफ्नो माग राखेर बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफल तथा केही विधेयकमाथि सैद्धान्तिक छलफल, दफावार छलफल तथा पारित गर्न दिएको छ। पछिल्लो २१ गतेको बैठकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसले दिएको अल्टिमेटम सकिएको भन्दै छानबिन समिति नबनाए अब सदनको कामकारबाही अगाडि बढ्न नसक्ने चेतावनी दिएका थिए।

कांग्रेसको चेतावनीपछि सभामुखले सोमबार बोलाएको बैठक दलहरूको आ-आफ्नै अडानका कारण निष्कर्षविहीन बनेको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले बताए। 'प्रमुख प्रतिपक्षीले संसदीय छानबिन समिति हुनैपर्छ भन्यो, सत्तापक्षले बनाउन सकिँदैन भन्यो। कुरो मिलेन, नयाँ कुरा केही आएन,' उनले भने, 'हरेक विषयवस्तुमा छानबिन समिति बनाएर साध्य लाग्ने विषय भएन। प्रमाणित कुरा केही पनि छैन, त्यही भएर सत्तापक्ष सहमत भएन।'

प्रतिनिधिसभाको चैत मसान्तसम्मको क्यालेन्डरमा २७ चैतमा गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयक पेस गर्ने कार्यसूची तय गरिएको छ। यसअघि २ चैतमा कांग्रेसकै अवरोधका कारण सदनमा पेस गर्न नसकेको विधेयक मंगलबार पेस गर्ने कार्यसूची तय गरिएका वेला कांग्रेसले दलहरूको बैठकमा आफ्नो अडान दोहोऱ्याएको हो। बैठकको सुरुवातमा



सदनको गतिरोध हटाउन सभामुख देवराज घिमिरेले सोमबार बोलाएको बैठकमा प्रमुख चार दलका शीर्ष नेताहरू। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**



● **देवराज घिमिरे**, सभामुख

संसद्मा महत्त्वपूर्ण विधेयक छन्। कम्तीमा पनि तिनलाई पास गर्नैं। संसद् प्रभावकारी भएन भन्ने गुनासो छ, प्रभावकारी बनाऊँ।



● **विष्णु पौडेल**

उपाध्यक्ष, एमाले

सहकारी विषयमा समिति बन्ने कुरा उपयुक्त देखिँदैन। कांग्रेसले उठाएको विषय रिभ्यु गरोस्।



● **रमेश लेखक**

प्रमुख सचेतक, कांग्रेस

सदनमा खेल्नुपर्ने भूमिकाबारे निर्णय लिन बिहान कांग्रेस संसदीय दलको बैठक मंगलबार बिहान बस्न लागेको छ। सहकारी प्रकरणमा संसदीय समिति गठनको मागबाट हामी पछि हट्दैनौं।

सभामुख घिमिरेले सदनलाई प्रभावकारी बनाउन दलहरू मिलेर जानुपर्ने धारणा राखेका थिए। 'संसद्मा महत्त्वपूर्ण विधेयक छन्। कम्तीमा पनि तिनलाई पास गर्नैं। संसद् प्रभावकारी भएन भन्ने गुनासो छ, प्रभावकारी बनाऊँ,' उनले भने।

सभामुखपछि कांग्रेसका तर्फबाट प्रमुख सचेतक रमेश लेखकले सहकारी समस्या अन्त्य गर्न संसदीय छानबिन समिति बनाएर जानुपर्ने धारणा राखे। सभापति शेरबहादुर देउवा बैठकमा बोलेनन्। 'सहकारीको यत्रो धेरै समस्या आएको छ। यसमा संसदीय छानबिन समिति बन्नुपर्छ भनेर न्यूनतम माग राखेका हौं,' लेखकले बैठकमा भने, 'सरकारले यति पनि नबनाउने हो भने राम्रो हुँदैन। हाम्रो माग पूरा नहुने हो भने सरकारले चाहे जसरी सदन अगाडि बढ्दैन।'

एमाले उपाध्यक्ष विष्णु पौडेलले आफ्नो मागमा पुनर्विचार गर्न कांग्रेसलाई अनुरोध गरे। 'यो विषयमा समिति बन्ने कुरा उपयुक्त देखिँदैन। कांग्रेसले उठाएको विषय रिभ्यु गरोस्,' उनले भने।

रास्वपा सभापति लामिछानेले सहकारीमा आफ्नो कतै संलग्नता नरहेको भन्दै संसदीय छानबिन समिति जरुरी नभएको टिप्पणी गरे। आफू जनताबाट निर्वाचित भएर आएको सांसद भन्दै लामिछानेले रोस्टममा बोल्न नदिएकोमा असन्तुष्टि जनाए। 'जनमत लिएर आएको सांसद हुँ, मैले रोस्टममा गएर कुरा राख्न नपाउने ? विषय स्पष्ट पार्न त पऱ्यो नि। मेरो कहींकतै संलग्नता छैन। अदालतमा गएको मुद्दामा प्रतिवादी छैन। कहींकतै किटानी जाहेरी छैन। कांग्रेस नै सत्तामा हुँदा सहकारीमा मलाई नै खोज्नुभएको हो नि। तर, कहीं केही पाउनुभएन र गर्न सक्नुभएन। सम्माननीय प्रधानमन्त्रीज्यूले सबै कुरा बुझेर त संलग्नता छैन भनिसक्नुभएको छ। यी सबै कुरा प्रस्ट हुँदा अहिले यसरी प्रस्तुत हुने कुरा मिलेन,' उनले भने।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विगतका बैठकमा जस्तै आफ्नो कुरा राखेर सदन चल्न दिन कांग्रेसलाई अनुरोध गरेका थिए। 'तपाईंहरू योभन्दा अगाडि जे गरिरहनुभएको थियो, त्यही हिसाबमा आफ्नो कुरा राख्नुस्। संसद्का कामकारबाही अगाडि बढ्न दिनुस्। हाम्रा केही महत्त्वपूर्ण विधेयक छन्, ती विधेयकमा काम गरौं,' उनले भने, 'तपाईंको माग पनि यथावत् राख्नुस्, सदन नियमित ढंगले चल्न दिनुस्, नरोकिदिनुस्।'

अन्त्यमा प्रधानमन्त्री प्रचण्डले कांग्रेस सभापति देउवालाई सोधे, 'के छ, तपाईंहरू भोलि हाउस चल्न दिनुहुन्छ कि दिनुहुन्न ? तपाईंहरूको कुरा के हो ?' जवाफमा देउवाले 'समिति त बनाउनुपर्छ। सहकारी ठुंग्याउनुपर्छ,' भनेका थिए। यसमा प्रमुख सचेतक लेखकले भने, 'हाम्रो मागबाट हामी पछि हट्दैनौं।'

कांग्रेस आफ्नो अडानबाट टसको मस नभएपछि कुनै निष्कर्षमा नपुगी बैठक सकियो। रास्वपा प्रमुख सचेतक सन्तोष परियारका अनुसार प्रधानमन्त्री र सभामुख घोडेजात्रा समारोहमा सहभागी हुन जानुपर्ने समयको चापका बीचमा बैठकमा पर्याप्त छलफल हुन सकेन। मंगलबार बिहान पुनः बस्ने प्रस्ताव गरे पनि कांग्रेस संसदीय दलको बैठक बिहान ८ बजे आह्वान गरिएकाले निश्चित हुन सकेन।

■ आज कांग्रेस संसदीय दलको बैठक

प्रमुख सचेतक रमेश लेखकले मंगलबार सदनमा खेल्नुपर्ने भूमिकाबारे निर्णय लिन बिहान संसदीय दलको बैठक बस्न लागेको बताए। संसदीय छानबिन समिति नबने संसद् बैठक अवरुद्ध हुने र त्यसको जिम्मेवारी सरकारले लिनुपर्ने उनको भनाइ छ। लेखकका अनुसार सोमबार साँझ सभापति देउवानिवासमा बसेको पार्टी पदाधिकारी बैठकले संसदीय छानबिन समितिको अडान जोडदार रूपमा अगाडि बढाउने निर्णय गरेको छ।

नागरिक उन्मुक्तिले हटायो सुदूरपश्चिम संसदीय दलको नेता, सांसद गिरी पदमुक्त

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टीले पार्टीको सुदूरपश्चिम प्रदेश संसदीय दलको नेता घनश्याम चौधरीलाई पदबाट हटाएको छ। अध्यक्ष रञ्जिता श्रेष्ठले सभामुख भीमबहादुर भण्डारीलाई आइतबार पत्र पठाउँदै घनश्यामलाई दलको नेताबाट हटाएर सांसद कैलाश चौधरीलाई दलको नेताको जिम्मेवारी दिएको जनाएकी छन्।

घनश्यामलाई दलको नेताको रूपमा दैनिक सभा सञ्चालनका लागि सहमति भएकोमा उनले दलको निर्देशन पालना नगरेकाले पार्टीले उनलाई परिवर्तन गर्ने निर्णय गरेको पत्रमा उल्लेख छ। चौधरी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री हुन्। अल्पमतमा परेका मुख्यमन्त्री कमलबहादुर शाहले गत फागुन अन्तिम साता दुईपटक गरी नागरिक उन्मुक्तिबाट तीन मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका थिए।



घनश्याम चौधरी

कैलाश चौधरी

इन्दिरा गिरी

अध्यक्ष श्रेष्ठले सभामुखलाई पठाएको पत्रमा पार्टीको संसदीय दलको विधानसमेत तयार नभएको सन्दर्भमा २५ चैतमा बसेको पार्टीको केन्द्रीय समिति बैठकले कैलाशलाई दलको तर्फबाट संसदीय दलको नेताको हैसियतमा काम गर्न दिने निर्णय जनाएकी छन्। कैलाश अध्यक्ष श्रेष्ठनिकट हुन्। प्रदेश सरकारलाई समर्थन गर्ने सन्दर्भमा अध्यक्ष श्रेष्ठ र उनका पतिसमेत रहेका पार्टीका संरक्षक रेशम चौधरीबीचको विवाद उत्कर्षमा छ। प्रदेश सभामा नागरिक उन्मुक्तिका सात सदस्यमध्ये श्रेष्ठको पक्षमा दुई र चौधरीको पक्षमा पाँचजना देखिएका छन्।

नाउपा प्रदेश सभा सदस्य इन्दिरा गिरी पदमुक्त भएकी छिन्। समानुपातिक सांसद गिरीलाई उनको पार्टीले फिर्ता बोलाएको पत्र पठाएपछि सभामुखले पदमुक्त गरेका हुन्। नागरिक उन्मुक्तिले फिर्ता बोलाएको जानकारीसहितको सूचना प्रदेश सभा सचिवालयले सोमबार टाँस गरेको छ। सांसद गिरीलाई फिर्ता बोलाइएको पत्र प्रदेश सभा सचिवालयमा दर्ता भएकाले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३५ बमोजिम सभामुखको निर्देशनअनुसार सूचना टाँस गरिएको प्रदेश सभा सचिवालयका सचिव देवबहादुर बोगटीले जानकारी दिए। संसद् सचिवालयका अनुसार पार्टीले फिर्ता बोलाएको जानकारी बैठक चलेको अवस्थामा सभामुखले सदनलाई दिने वा बैठक नचलेको अवस्थामा सूचना पाटीमा टाँस भएपछि सदस्यको स्थान रिक्त रहने प्रदेश सभा नियमावलीमा व्यवस्था छ।

नागरिक उन्मुक्तिले गिरीलाई फिर्ता बोलाएको पत्र प्रदेश सभामा गत २१ चैतमा दर्ता गरेको थियो। सरकारको समर्थनलाई लिएर नागरिक उन्मुक्तिभित्र विवाद चुलिएपछि अध्यक्ष रञ्जिता श्रेष्ठले समानुपातिक सांसद गिरीलाई कारबाही गर्दै फिर्ता बोलाएको पत्र सभामुखलाई पठाएकी थिइन्। २२ चैतमा पदबाट राजीनामा दिएका मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारमा गिरी सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री हुन्।

माओवादी र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका मुख्यमन्त्री शाहले नागरिक उन्मुक्तिबाट तीन मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका थिए। प्रदेश सरकारमा सहभागिताको विषयलाई लिएर अध्यक्ष श्रेष्ठ र पार्टीका संरक्षक रेशम चौधरीबीच चुलिएको विवादमा गिरी रेशमको पक्षमा उभिएकी थिइन्। अध्यक्ष श्रेष्ठले भने समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिन संसदीय दललाई निर्देशन दिएकी थिइन्। अध्यक्ष र पार्टी केन्द्रले दिएको निर्देशन पालना उल्लंघन गरेको, स्पष्टीकरण सोध्दा जवाफ नदिएको तथा पार्टीको सम्पर्कमा नरहेकाले गिरीलाई कारबाही गरिएको अध्यक्ष श्रेष्ठनिकट नागरिक उन्मुक्तिका एक नेताले बताए। अल्पमतको सरकारमा मन्त्री बनेको एक महिना नपुग्दै गिरी सांसदबाट समेत हटेकी छिन्।

प्रदेश सभामा नागरिक उन्मुक्तिका सातजना प्रदेश सभा सदस्यमध्ये राज्यमन्त्री गिरीसहित पाँचजना रेशमको पक्षमा थिए। उनीहरू पाँचैजना शाह नेतृत्वको सरकारका मन्त्री हुन्। दुईजना भने अध्यक्षको पक्षमा उभिएका थिए। नागरिक उन्मुक्तिका सांसद एकमत नहुँदा विश्वासको मत पाउने आधार नदेखिएपछि गत २२ चैतमा मुख्यमन्त्री शाहले पदबाट राजीनामा दिएका थिए।

संक्षेप

आज राप्रपाले काठमाडौंमा जनप्रदर्शन गर्ने

काठमाडौं / राष्ट्रिय प्रजातन्त्र पार्टीले मंगलबार काठमाडौंमा जनप्रदर्शन गर्दै छ। यसको तयारीका लागि राप्रपाले सोमबार शंखनादसहित प्रदर्शन गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ४० बुँदे मागपत्र बुझाएर उसले आन्दोलन घोषणा गरेको थियो। 'हामी पूर्वघोषित आन्दोलनका कार्यक्रमअनुसार काठमाडौंमा जनप्रदर्शनको अन्तिम तयारीमा छौं,' राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने। राप्रपा निकट पूर्वसैनिक संगठनले आइतबार काठमाडौंमा मार्चपास गरेको थियो।

काठमाडौंमा हुने जनप्रदर्शनको तयारीका लागि अध्यक्ष लिङ्देन नेतृत्वमा शीर्ष नेताहरूले पछिल्लोपटक मधेश र कोशी प्रदेशको भ्रमण गरेका थिए। सबैजसो जिल्ला र सहरमा सानाठूला सभा आयोजना भएको उनले बताए। 'काठमाडौं उपत्यकाका टोलटोलमा आन्दोलन तयारीका लागि कार्यक्रम भइरहेका छन्,' लिङ्देनले भने। मंगलबारको जनप्रदर्शनपछि आगामी कार्यक्रम तय गरिने उनले जानकारी दिए। मंगलबार काठमाडौं उपत्यकाको दर्जनौं स्थानबाट झाँकीसहितको ऱ्याली निस्कनेछ। राप्रपाले ९ फागुनमा प्रधानमन्त्री प्रचण्डलाई बुझाएको ४० बुँदे माग पूरा गराउन दबाब दिन जनप्रदर्शन गर्न लागेको जनाएको छ।

६ वर्षीय आरभबन्धुको एकल चित्रकला प्रदर्शनी



काठमाडौं / चेल्सी वर्ल्ड स्कुल अत्तरखेलमा युकेजीमा अध्ययनरत ६ वर्षीय आरभबन्धु थापाले एकल चित्रकला प्रदर्शनी गरेका छन्। भर्खरै अक्षर चिन्दै गरेका उनी अक्षरभन्दा बढी चित्रका रेखा स्पष्ट र कलात्मक ढंगले उतार्न सिपालु देखिएका छन्। शनिबार उनको परीक्षाको नतिजा आयो। उनी प्रथम भए। चित्रकला प्रदर्शनी गर्ने छात्रको रूपमा पनि उनी प्रथम भएका छन्। काठमाडौंको नयाँबानेश्वरस्थित उमोजा क्याफेमा उनको एकल चित्रकला प्रदर्शनी गरिएको थियो। प्रदर्शनीमा उनले बनाएका २५ चित्रकला, तिब्बतको कैलाश पर्वतदेखि उपत्यकाका मठमन्दिर दरबार क्षेत्र र विभिन्न जात्राको चित्र समेटिएको छ। उनले भक्तपुरलाई पनि ध्यानमा राखेर चित्रकला बनाएका छन्। बिस्केट जात्रा, न्यातपोल मन्दिर, तलेजु मन्दिर, नवदुर्गा देशघर, भक्तपुर दरबार क्षेत्र र सिलु महादेवलगायतका सम्पदा उनले भक्तपुरबाट समेटेका छन्। थापाले कुनै चित्र हेरेर र कुनै कल्पना गरेर बनाएको बताए। उनले एक वर्षबाटै चित्र बनाउन सुरु गरेको आमा गिताञ्जली श्रेष्ठले बताइन्। आरभ चित्रकलामा मात्र नभएर स्कुलका अन्य क्रियाकलामा पनि अब्बल रहेको स्कुलका निर्देशक सुरेश अधिकारीले बताए।

विद्युत्को कर्मचारीको करेन्ट लागेर मृत्यु

बर्दिया / विद्युत् प्राधिकरण राजापुर वितरण केन्द्रमा कार्यरत राजापुर नगरपालिका- ७ भिम्मापुर बस्ने ४० वर्षीय श्यामलाल थारूको करेन्ट लागेर मृत्यु भएको छ। राजापुर नगरपालिका- १० खैरीमा विद्युत् जडान गर्दैगर्दा करेन्ट लागेर उनको मृत्यु भएको इलाका प्रहरीका कार्यालय राजापुरका प्रहरी नायब उपरीक्षक सागर बोहोराले बताए। घरमा विद्युत् मिटर जोडेर विद्युत् पोलमा तार जोड्न लागेका थारूलाई पोलमै करेन्ट लागेको थियो। केहीबेर पोलमा अड्किएपछि जमिनमा झरेका थारूको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

सोमबार बिहान विद्युतीय सुरक्षा दिवस मनाएर फिल्डमा काम गर्न निस्केका थारूलाई विद्युत् करेन्ट लागेको विद्युत् प्राधिकरण राजापुर वितरण केन्द्रका प्रमुख अनिलकुमार चौधरीले बताए। सुरक्षाको सम्पूर्ण ज्ञान भएको र सामान्य सुरक्षा सतर्कता अवलम्बन गरे पनि दुर्घटनावश करेन्ट लागेर थारूको मृत्यु भएको उनले बताए। स्थानीयवासीले भने थारूले चप्पल लगाए पनि बाँकी कुनै पनि सुरक्षा सामग्रीको प्रयोग नगरी पोलमा चढेको बताएका छन्। श्यामलाल करिब डेढ वर्षदेखि प्राविधिक हेल्पर पदमा करार सेवामा कार्यरत रहेको राजापुर वितरण केन्द्रले जनाएको छ।

डिल्लीचौर जलविद्युत् आयोजना अवरुद्ध, स्थानीय अन्धकारमा

जुम्लामा **मानदत्त रावल**

जुम्लाको पूर्वी भेगमा पर्ने पातारासी गाउँपालिका- ४ स्थित डिल्लीचौर जलविद्युत् आयोजना अवरुद्ध हुदा स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन्। ब्युरेनीस्थित विद्युत् नहर पहिरोले भत्काएपछि स्थानीयवासी अन्धकार बस्न बाध्य भएका हुन्। पहिरोले २५ मिटर नहर भत्काएको छ।

आयोजना सञ्चालन गर्दै आएको डिल्लीचौर विद्युत् सहकारीका अध्यक्ष कृष्णबहादुर बुढाका अनुसार गत असारमा पहिरो गएपछि नहर चर्किएको थियो। 'त्यतिवेलादेखि नै नहर मर्मतका लागि गाउँपालिकामा पहल गर्दै आएका थियौं,' उनले भने, 'पहिरो गएको ठाउँमा समयमै मर्मत हुन नसकेकाले अहिले २५ मिटरजति भत्कायो। नहर भत्किएपछि २४ चैतदेखि विद्युत् पूर्ण रूपमा अवरुद्ध भयो।' भत्केको नहर मर्मतका लागि प्राविधिक स्टिमेटअनुसार ६ लाख बजेट आवश्यक पर्ने देखिएको छ। 'पहिरोले भत्काउन थालेको नहर समयमै मर्मत गर्न स्थानीय सरकारसँग पहल गर्यौं, तर



सहयोग भएन। चार लाख गाउँपालिका र दुई लाख विद्युत् सहकारीले उपलब्ध गराउनुस् भन्दा पनि सुनुवाइ हुन सकेको छैन,' उनले भने। अहिले विद्युत् अवरुद्ध हुँदा गाउँपालिकाका ४, ५ र ६ वडाका करिब आठ सय घरधुरी प्रभावित भएको अध्यक्ष बुढाले बताए। 'यहाँका स्थानीय तहसहित अन्य सरकारी निकाय, बैंक तथा वित्तीय संस्थासमेत विद्युत् नहुँदा समस्यामा परेका छन्,' उनले भने। ५८ किलोवाट विद्युत् उत्पादन भएको डिल्लीचौर विद्युत् आयोजनाको ३८ किलोवाट मात्रै खपत भएको बुढाको भनाइ छ। 'बाँकी विद्युत् नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गर्ने पनि योजना बनाएका छौं,' उनले भने।

ज्यान मुद्दामा १० वर्ष सजाय तोकिएपछि फरार मियाँ ३८ वर्षपछि पक्राउ



लहान / ज्यान मारेको कसुर मुद्दामा १० वर्ष कैद सजाय तोकिएपछि फरार भएका इस्लाम मियाँ धुनिया ३८ वर्षपछि पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार लहान नगरपालिका- १८ बयरबोना गाउँका ७० वर्षीय धुनियालाई गाउँघरमा लुकिछिपी बसिरहेको सूचनाका आधारमा पक्राउ गरी आइतबार जिल्ला अदालतमा पेसपछि कैद सजाय भुक्तानका लागि सिराहा कारागार चलान गरिएको छ। ९ कात्तिक ०३६ मा लहान- २४ गोविन्दपुरका खड्ग महतोको ज्यान मारेको कसुरसम्बन्धी मुद्दामा सिराहा जिल्ला अदालतले अभियोग ठहर गर्दै १० माघ ०४२ मा मियाँलाई १० वर्ष कैद सजायको फैसला गरेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तराम सापकोटाले जानकारी दिए। अदालतले फैसला सुनाएपछि फरार रहेका मियाँलाई लहान प्रहरीचौकीबाट खटिएको प्रहरी टोलीले घरबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय ल्याएर आवश्यक अनुसन्धान गरी भोलिपल्ट आइतबार अदालतमा उपस्थित गराइएपछि कैद सजाय भुक्तानका लागि कारागार चलान गरिएको उनले बताए।

नयाँ पत्रिकाकर्मी श्रेष्ठलाई क्रियाशील पत्रकारिता पुरस्कार

धादिङ / नयाँ पत्रिकाकर्मी अर्जुन श्रेष्ठ 'प्रेस चौतारी क्रियाशील पत्रकारिता पुरस्कार'बाट पुरस्कृत भएका छन्। नागरिकको सूचनाको हक एवं अभिव्यक्ति स्वतन्त्रता रक्षाका लागि उल्लेखनीय योगदान पुऱ्याउँदै आएको भन्दै उनलाई क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको प्रेस चौतारी जिल्ला समिति धादिङले जनाएको छ। श्रेष्ठ ०६७ देखि सक्रिय पत्रकारिता क्षेत्रमा क्रियाशील छन्। श्रेष्ठसँगै पत्रकार राजाराम डंगोल पनि सम्मानित भएका छन्। श्रेष्ठ र डंगोललाई नगदसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो। डंगोल रेडियो कृषिको कार्यक्रम संयोजक र टोलटोलको खबरका सञ्चालक हुन्।

त्रिपालबाट बढुवा भएको निरुताको अस्थायी घर

नयाँ पत्रिका

गत १७ कात्तिकमा जाजरकोटको बारेकोट गाउँपालिका- १, रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पले रुकुमपश्चिमको चौरजहारी नगरपालिका-१ मा ८ सय घरमा क्षति पुग्यो। भूकम्पबाट विस्थापित भएका सबै त्रिपालमा बस्न बाध्य भए। भूकम्पको त्रास, चिसो मौसमको कष्टसँगै घरसम्पत्ति, आफन्त तथा परिवारका सदस्य गुमाउँदाको पीडा निकै दुर्दान्त छ।

विपत् प्रभावितमध्येकी एक हुन् १९ वर्षीया निरुता लामिछाने। बाबु, आमा र भाइसँगै उनको पनि वास त्रिपालमै सीमित भयो। लगातारको परकम्पनले निरुतालाई यति त्रसित बनायो कि चिसो हावा त्रिपालसँग ठोक्किएको आवाज सुन्दा पनि उनी झस्किहाल्थिन्। डुंगाको गाह्रोमाथि सिमेन्ट पोतिएको जस्ताको छानाले बनेको दुईतले घर देखाउँदै उनले भनिन्, 'बाबाले दुःख गरेर बनाएको घर भूकम्पको कारण भत्किएपछि पाँच मिटर पर त्रिपालमा बसियो, जुन बसाइ असहज लाग्थ्यो। त्यसमाथि पनि छिनछिनमा गइरहने परकम्पनले झन् त्रास र चिन्ता थप्थ्यो।' निरुताको टहरा निर्माण भएपछि उनको परिवार माघको पहिलो सातादेखि यसैमा बस्न थालेका छन्।

स्नातक प्रथम वर्षमा अध्ययनरत निरुताले भने भाग्यवश आफन्त गुमाउनुपरेन। तर, त्रिपालमा बस्नुपर्ने बाध्यताले उनको पढाइदेखि अन्य सबै काम एकाएक प्राथमिकताबाट बाहिरिए। विपत्को यो पीडा



रुकुमपश्चिमको चौरजहारी नगरपालिका- १ मा नबिल बैंकको सहयोगमा नगरपालिकाले बनाइदिएको जस्तापाताले छाएको घर। इन्सेटमा १९ वर्षीया निरुता लामिछाने

पार गरेकी निरुता अहिले चिटिक्क परेको अस्थायी टहराभित्र खुसी भएर बसेकी छिन्। 'त्रिपालभित्रको सकसपूर्ण वास अहिले अस्थायी टहरामा बढुवा भएको छ। यसले गर्दा चिसोबाट बच्न सकियो, आनन्दले सुत्न सकिएको छ, पढाइ सुचारु गर्न सकिएको छ। अनि आफ्ना दैनिकी पहिलेकै अवस्थामा फर्काउन सकिएको छ,' उनले भनिन्। निरुताको भनाइमा घर केवल वास मात्र होइनरहेछ। यो त मान्छेको स्वास्थ्य, सुरक्षा, अध्ययन, भविष्य जन्माउने आधार नै रहेछ, जुन कुराको सिकाइ विपत्को पीडाबाट हुँदोरहेछ।

निरुताजस्तै भूकम्प प्रभावित ५० परिवारका लागि चौरजहारी नगरपालिका- १ मा नबिल बैंकले स्थानीय सरकारसँगको साझेदारीमा अस्थायी टहरा निर्माण गरेको छ। अस्थायी टहरा निर्माण साझेदारीअन्तर्गत भूकम्प प्रभावित परिवारले श्रमदान र भएसम्म पुरानो घरका ढोका झ्याल उपलब्ध गराए भने निर्माण सामग्री तथा निर्माण कार्यमा नबिल बैंकले सहयोग गऱ्यो। झन्डै ८० हजारबराबरको लागतमा निर्माण भएको टहरा बनाउन परिवारका सबै सदस्यले पनि दिनरात खटिएर श्रमदान गरेकाले छोटो समयमै घर तयार भएको निरुताले बताइन्।

भूकम्प प्रभावितलाई ओत लाग्ने सुरक्षित स्थान निर्माणका लागि नबिल बैंकको सहयोगप्रति नगरपालिका पनि सन्तुष्ट छ। चौरजहारी नगरपालिका- १ का अध्यक्ष इन्द्र गिरीले अस्थायी टहरा निर्माणका लागि नबिल बैंकसहित अन्य गैरसरकारी संस्थासँग पनि साझेदारी भइरहेको छ। बैंकले टहरा बनाउन आवश्यक पर्ने जस्तापाता, बाँस, सिमेन्ट, रंगरोगन, किल्लाकाँटीजस्ता निर्माण सामग्री भूकम्प प्रभावितलाई आफैंले उपलब्ध गराएको र घरधनीलाई समेत घर निर्माणमा संलग्न गराएकाले बैंकले जिम्मा लिएका अस्थायी घरहरू छिटो निर्माण भएको गिरीको भनाइ छ।

विश्व सामाजिक मञ्चको सन्देश

नेपालमा आयोजित विश्व सामाजिक मञ्चले अन्यायपूर्ण विश्वको विकल्पमा न्याय, समानता, शान्त र स्वतन्त्र विश्वको खोजीमा जोड दिएको छ



● सुशील विके

अग्रलेख

दक्षिण एसियामा शान्तिपूर्ण भेला हुने र अभिव्यक्ति स्वतन्त्रतासहितको खुलापन नेपालमा बाँकी रहेको सन्देशसहित विश्व सामाजिक मञ्च सम्पन्न भएको छ। त्यसो त नेपालको यही वातावरणका कारण यो विश्व कार्यक्रम नेपालमा गर्न सम्भव भएको थियो। तर, दुःखसाथ भन्नुपर्छ, विभिन्न ठाउँमा निषेधाज्ञा जारी गरी सरकारले अहिले त्यही स्वतन्त्रता, खुलापन र 'सिभिक स्पेस'माथि निरन्तर प्रहार गरिरहेको छ।

नेपालमा पहिलोपटक आयोजना गरिएको कार्यक्रममा ९८ देशका १४ सयभन्दा बढी विभिन्न सामाजिक आन्दोलनसँग जोडिएका संघसंस्था र प्रत्यक्ष र भर्चुअल गरी ५० हजारको सहभागिता रह्यो। विभिन्न सीमाका बाबजुद सफलतापूर्वक कार्यक्रम सम्पन्न गरेर नेपालले विश्वस्तरका यस्ता कार्यक्रम आयोजना गर्न सक्षम रहेको सन्देश मात्र दिएन, लोकतन्त्र प्राप्तिका लागि गरेको संघर्ष र प्राप्त उपलब्धिबारे पनि विश्वसामु अनुभव आदान-प्रदान गर्न सफल भयो।

नेपालमा पहिलोपटक हुन लागेको र अनुभव पनि नभएको हुँदा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न नेपाल आयोजक समिति बढी नै गम्भीर देखिन्थ्यो। स्रोत-साधनको व्यवस्थादेखि समग्र कार्यक्रमको आयोजना र व्यवस्थापन गर्नु चुनौतीपूर्ण थियो। तर, यहाँका सबै सामाजिक आन्दोलन, मजदुर, किसान, महिला, दलित, जनजाति, मधेसी, अपांगता भएका समुदाय तथा विभिन्न सामाजिक संघसंस्थाको निरन्तरको बहस, छलफल, योजनाबद्ध र निरन्तर खटेर काम गर्ने शैलीका कारण कार्यक्रम सफल रूपमा आयोजना भयो।

मञ्चले एक्काइसौँ शताब्दीमा कुनै पनि देशले आफूमा रहेको धनपैसा, प्रविधि, हतियार वा अन्य शक्तिका नाममा लाद्ने हैकमवाद, शोषण, दमन तथा एकाधिकार अस्वीकार्य रहेको सन्देश दिएको छ। निर्विकल्प ठानिएका पुँजीवादी र साम्राज्यवादी नीति र सिद्धान्तमा टेकेर कथित पहिलो विश्वका देशहरू उन्मत्त साँढेजस्तो भएर गरिब देशमाथि मनपरी गर्ने परिपाटीको मञ्चले कडा विरोध गर्दै संसारभर भइरहेका आततायी युद्ध र दमन रोक्न माग गरेको छ। मञ्चमा गुञ्जेका नारा, जुलुस, पोतिएका पोट्रेट, पर्चा-पमप्लेट, नाटक, वक्ताका भनाइ र विभिन्न सामाजिक आन्दोलनले जारी गरेका ६५ भन्दा बढी घोषणापत्रको एउटै सार भनेको यस्तो अन्यायपूर्ण विश्वको विकल्पमा न्याय, समानता, शान्त र स्वतन्त्र विश्वको खोजी हो।

अहिलेको विश्व व्यवस्थाले अँगालेका नीतिले विभिन्न समस्या सिर्जना गर्ने, तर समाधानको ठोस पहल गर्न नसक्ने परिपाटीले विश्व जनसंख्याको ठूलो हिस्सा बहुमुखी समस्याको सामना गर्न बाध्य छ। जलवायु परिवर्तन सिर्जित वातावरणीय संकट, भोकमरी, महामारी, गरिबी, बेरोजगारी, आप्रवासन, विभेद, असमानता, वञ्चितीकरण, द्वन्द्व तथा युद्धजस्ता गम्भीर समस्याले पृथ्वी र मानव जातिलाई गम्भीर संकटमा धकेलिरहँदा अहिलेको विश्व रमिते बनेको देखिन्छ। यस्तो परिवेशमा अर्को विश्व निर्माण गर्ने यात्रालाई मञ्चको १६औँ संस्करणले थप गतिशील र ऊर्जाशील बनाउने काम गरेको छ। मञ्चका माध्यमबाट एक ठाउँमा जुटेका सीमान्तकृत नागरिकले आफ्ना कुरा खुलेर राखेका छन् भने आफ्ना मुद्दा सम्बोधन गर्नका लागि सुझाव, दबाब र खबरदारी चर्को रूपमा गरेका छन्।

पछिल्लो समयमा विश्व व्यवस्थासँग जोडिएका नीति, सिद्धान्तमा आलोचनात्मक बहस र छलफल कम भएको परिवेशमा मञ्चमा निर्विकल्प सिद्धान्तका रूपमा वर्तमान विश्वले अँगालेका नवउदारवादी, पुँजीवादी नीति र यसले पारेका नकारात्मक प्रभावबारे गम्भीर चिरफार भएको छ। वैकल्पिक विचारको मन्थनले शोषण, दमन र विभेदमा परेका नागरिकमा यो विश्वबाट न्याय नमिले अर्को बनाउन पनि सकिन्छ र त्यसले न्याय दिन सक्छ भन्ने आशाको सञ्चारसमेत गराएको छ।

कार्यक्रम सुरु हुनुअघिसांस्कृतिक झाँकीसहित गरिएको 'सोलिडारिटी मार्च'मा 'जस्टिस फर प्यालेस्टाइन' भन्ने चर्को नारा लाग्यो। ठूलो संख्यामा नेपाली र अन्य विदेशी डेलिगेट्सहरूले झन्डासहित प्यालेस्टाइनका पक्षमा ठूलो ऐक्यबद्धता प्रकट गरे। गाजा क्षेत्रमा महिला, बालबालिका र निःशस्त्र नागरिकमाथि भइरहेको नरसंहार रोक्न विभिन्न सत्रमा गम्भीर बहस भए। यति मात्र होइन, विश्वमा भइरहेका अन्य युद्ध रोक्न, सैनिकीकरण र हतियारको व्यापार रोक्नुपर्ने आवाज सशक्त रूपमा उठ्यो।

मञ्चको उद्देश्यअनुरूप चार सयभन्दा बढी सभा, सम्मलेन, फोरम, डिस्कोर्सजस्ता कार्यक्रम सम्पन्न भए। अधिकांश कार्यक्रममा सबै महादेशबाट प्रतिनिधित्व हुने गरी वक्ता चयन गरिएका थिए भने सोहीअनुसार छलफल पनि भएको थियो। यसले सबै देशका सहभागीलाई एक-अर्काको देशका विषयमा सिक्न र बुझ्न सम्भव भयो। विश्वका सामाजिक आन्दोलन कसरी अघि बढेका छन्? तिनका चुनौती र भविष्यबारे महत्त्वपूर्ण छलफल भएको छ। पुँजीवादी कर्पोरेट हाउस र बहुराष्ट्रिय कम्पनीका नाफामुखी नीतिका कारण कृषि क्षेत्र र किसानमा परेको असरदेखि मजदुरमाथि परेको प्रभावसम्म छलफलका महत्त्वपूर्ण विषय बने। जलवायु परिवर्तनले संसारलाई पारेको प्रभावबारे बहस हुँदा हिउँ पग्लेर काला हुँदै गएका नेपालका हिमालको चर्चा नहुने कुरै भएन। यति मात्र होइन, विश्वभर महिलाले भोग्दै आएका हिंसाका कुरा, दलित समुदायले भोग्दै आएका छुवाछुतका कुरा, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता समुदायले भोगेका पीडाका कुरा तथा जनजाति समुदाय, बालबालिका तथा युवाका सवाल कार्यक्रममा छलफलमा आए। विश्वले भोगेका संकट मात्र होइन, मिडियाले भोगेका संकटदेखि समाजवादको भविष्यबारे समेत बहस भए।



वर्तमानमा खबरदारी गर्दै भविष्यलाई मार्गदर्शन गर्ने यस्ता कार्यक्रममा स्वदेश तथा विदेशका युवाको आकर्षण र उपस्थितिले सामाजिक आन्दोलनमा अन्तरपुस्ता बहस र पुस्तान्तरणको आवश्यकता र महत्त्व दर्शाएको छ। यसले सामाजिक रूपान्तरणको अभियानमा सकारात्मक आशा जगाएको छ भने बुद्धिजीवी र मिडियामाझ अपेक्षाकृत बहस हुन नसक्दा एक खालको निराशा पनि पैदा भएको छ।

विश्वका कुनै पनि कुनामा भएका घटना, विषय र पात्रबारे बुझ्न, कुरा गर्न र स्टोरी बनाउन नेपालबाट त्यहीँ पुग्न सहज हुँदैन। तर, ग्रासरुटको आन्दोलनदेखि अन्तर्राष्ट्रिय आन्दोलनसम्म जोडिएका विश्वका विभिन्न देशका मानिस दैलोमै आउँदा उनीहरूले देखेका, भोगेका समस्या र उनीहरूले गरेका संघर्ष र अनुभव सुन्न र स्टोरी वनाउन नेपाली मिडियालाई निकै ठूलो अवसर थियो। त्यसो त बुद्धिजीवी तथा लेखकलाई पनि यो अवसर थियो। तर, अधिकांश मिडिया र बुद्धिजीवीले बेवास्ता गरेको देखियो।

प्यालेस्टाइनबारे प्रशस्त बहस भयो। तर, त्यति ठूलो नरसंहार, युद्ध अपराध, हतियारको व्यापार र साम्राज्यवादी हर्कतबारे नेपाली मिडियामा कुनै सामग्री देखिएन। मञ्चका अन्य कार्यक्रमलाई एकाधबाहेकका मिडियाले न अपेक्षाकृत कभरेज गरे, न आलोचनात्मक बहसको पहल नै। कतिपयले कार्यक्रमको सामान्य समाचार प्रकाशन गरेर झारा टार्ने काम गरे भने कतिपयले त त्यो पनि गरेनन्। विश्वका विभिन्न भागबाट आएका विभिन्न पृष्ठभूमिका व्यक्तिबाट गहिराइमा पुगेर विभिन्न सूचना, ज्ञान र अनुभव लिन मिडियाले आवश्यक ठानेनन्, चाहेनन्, सकेनन् वा भाषा या अरू कुनै अवरोध भयो, त्यो बुझ्न सकिएन।

> मञ्चले एक्काइसौँ शताब्दीमा कुनै पनि देशले आफूमा रहेको धनपैसा, प्रविधि, हतियार वा अन्य शक्तिका नाममा लाद्ने हैकमवाद, शोषण, दमन तथा एकाधिकार अस्वीकार्य रहेको सन्देश दिएको छ

क्युबामा बस्ने चे ग्वेभाराकी छोरी तथा समाजवादी राजनीतिज्ञ एलेदा ग्वेभारा हुन् या भारतकी अधिकारकर्मी मेधा पाटकर, उनीहरूजस्ता कैयौँ विश्वप्रसिद्ध नेतृत्व र ग्रासरुटमा संघर्ष गरिरहेका योद्धा तथा विज्ञसँग नेपाली मिडियाले विशेष साक्षात्कार गर्न सक्थ्यो। तर, उनीहरूका सामान्य विचारसम्म पनि मिडियाले लिन आवश्यक ठानेनन्। यसले हाम्रो मिडियाको साँघुरो र कमजोर धरातल मात्र देखाउँदैन, नेपालबाहिरको दुनियाँबारे चासो राख्न नचाहेको पनि देखियो। गुगलमा सर्च गरेर वा कुनै विषय अनुवाद गरेर कभरेज गर्नु र व्यक्तिसँग प्रत्यक्ष कुरा गरेर लेख्नुमा आकाश-जमिनको अन्तर हुन्छ भन्ने तथ्य मिडियाले कहिले बुझ्ने?

आश्चर्यलाग्दो विषय त यो थियो कि यही अवधिमा कर्पोरेट हाउसले प्रायोजन गरेका फेस्टिबलका प्रत्येक सेसनको 'लाइभ' गर्नेदेखि ठुल्ठूला समाचार प्रकाशन गर्न भने मिडियाको होडबाजी नै थियो। मञ्चका कार्यक्रम राजधानीमा चलिरहँदा पोखरामा लिचरेचर फेस्टिबल र सुर्खेतमा कर्णाली महोत्सव चलेका थिए। यता पीडा र संघर्षमा रहेका नागरिकले स्वस्फूर्त आयोजना गरेका अन्तर्राष्ट्रिय कार्यक्रममा चासो नराख्ने मिडिया पोखरा र सुर्खेतबाट हरेक सेसनको लाइभ र विशेष कभरेज गर्दै थिए। यताका कार्यक्रममा चासो नराख्ने बुद्धिजीवी र नेताको ती कार्यक्रममा सशक्त उपस्थिति देखिन्थ्यो। यसले के पुष्टि गर्छ भने सीमान्तकृत नागरिकका आवाज उठाउने विश्व सामाजिक मञ्चभन्दा कर्पोरेट हाउसको प्रायोजनमा नाफा कमाउने उद्देश्यले गरिएका फेस्टिबलमा अधिकांश मिडिया, नेता र बुद्धिजीवीको बढी चासो छ। सधैँ सबै ठाउँमा र प्रत्येक महोत्सवमा बोलिरहने र उनीहरूले के बोल्छन् भन्ने पूर्वानुमान लगाउन सकिने र कतिपय अवस्थामा पाठकले सुन्न र पढ्नसमेत विरक्त मान्ने स्वदेशी वक्ता बोलेका विषय मिडियाको प्राथमिकतामा पर्ने तर ग्रासरुटमा काम गरेका र अर्को विश्व वनाउन एक खालको त्याग, समर्पण र बलिदान गरेका विश्वका आन्दोलनकारीका विचार र अनुभव चासोमा नपर्ने, यो कस्तो विडम्बना हो?

अहिलेको विश्व र अर्को विश्वबीचको भेदबारे गम्भीर आलोचनात्मक बहस गर्ने र विश्वका विभिन्न कुनाका संघर्षका सूचना र ज्ञानलाई खोतलेर नेपाली जनता र सरोकारवालासमक्ष प्रस्तुत गर्न बुद्धिजीवी तथा मिडिया चुकेको देखियो। सामाजिक दायित्व निर्वाह गरी आवाजविहीनको आवाज बन्नेभन्दा पनि कतै न कतै विश्वव्यापी फैलिएको कर्पोरेट पुँजीवाद र नाफाखोरको प्रभावमा नेपाली मिडिया परेको देखियो। के यसैले देखाउँदैन र नेपाली समाजको चेतनाको क्षितिज?

अन्त्यमा, सीमित धनाढ्यको वर्चस्व रहने विश्वका अरू सभा-सम्मेलन तथा फोरमभन्दा सबैको पहुँच पुग्ने र नागरिकका आवाज गुञ्जने यस्ता फोरमको अलग महत्त्व हुने गर्छ। अनुभव र सिकाइ आदान-प्रदानसहित सन् २०२६ मा अफ्रिकाको वेनिनमा हुने १७औँ संस्करण र सिंगो मञ्चका लागि नेपाल संस्करणले एक खालको ऊर्जा पैदा गराएको छ। यसले न्याय, समानता, स्वतन्त्रता, मानव मर्यादासहितको विश्व, विभेदरहित विश्व, मानवमुक्ति भएको अर्को विश्व निर्माणमा महत्त्वपूर्ण योगदान गर्नेछ।

विभेद र असमानता सिर्जना गर्ने, त्यसलाई विकास गर्दै टिकाउने धार्मिक सत्ता, जातीय सत्ता, पितृसत्ता, रंगभेदी सत्ता र असमावेशी आर्थिक सत्ताको अन्त्यविना अर्को विश्व सम्भव छैन। यसैले, यस्ता सत्ता टिकाउने मुख्य वैचारिक हतियार नवउदारवाद, पुँजीवाद, साम्राज्यवाद, नवउपनिवेशवाद र यसैका आडमा लादिने शोषण, दमन र हैकमवादविरुद्ध निरन्तर संघर्षको खाँचो छ। मञ्चको समापनसँगै विश्वभरका आमनागरिकतर्फ एउटा गम्भीर प्रश्न तेर्सिएको छ- 'मुठीभरका धनाढ्यको कब्जामा रहेको अहिलेको विश्व व्यवस्था र उल्लिखित सत्ताले पस्केर दिएका अन्यायपूर्ण चिजलाई दास मानसिकतासाथ निर्विकल्प स्वीकार गर्ने कि एक मानवका रूपमा अस्वीकार गरी न्यायपूर्ण विश्व बनाउन संघर्ष गर्ने?'

---

३ प्रश्न

अधिवक्ता
डा. रुद्र शर्मालाई



गण्डकीमा नयाँ सरकार गठन प्रक्रिया कति संविधानसम्मत छ?

उहाँहरूले सभामुखलाई समेत दलको सांसदका रूपमा अंकगणित मिलाएर सरकार गठन प्रक्रिया अघि बढाउनुभएको छ। तर, संविधानले सभामुखलाई स्वतन्त्र र निष्पक्ष मानेको छ। सभामुख कुनै दलको पक्ष या विपक्षमा लाग्दा सो पदको गरिमा र निष्पक्षतामाथि प्रश्न उठ्छ। सायद यो विषय पनि अदालत पुग्ला। यस विषयमा कोशीको नजिर त छँदै छ। कोशी प्रकरणअघि चाहिँ संविधानको कस्तो व्याख्या होला भन्ने प्रश्न कायमै थियो। तर, अहिले भने यसको व्याख्या भइसकेको हुनाले यो प्रकरण अदालत पुग्यो भने त्यहीँबाट यसको निरूपण हुनेछ।

दलहरूले संविधानमाथि किन बलमिच्याइँ गरिहन्छन् होला?

दलहरूका आआफ्ना राजनीतिक दाउपेच हुन्छन्। उनीहरू आफूलाई फाइदा हुनसक्ने अवस्थामा संविधानका अनेकौँ छिद्र खोजेर त्यसमा खेल्न खोज्छन्। पहिले कोशी र अहिले गण्डकीमा जे भइरहेको छ, त्यो राम्रो होइन। तर, संविधान बनाउँदा भविष्यको शतप्रतिशत अनुमान गर्न सकिन्न। त्यसैले, संविधानमा यस्ता छिद्रहरू रहेका हुन सक्छन्। प्रयोग गर्दै जाँदा तिनमा देखिएका कमी कमजोरी हटाउँदै जानुपर्छ। सर्वोच्चले गर्ने व्याख्या यसैको एउटा पाटो हो।

प्रदेशप्रमुख र सभामुखहरू किन पटकपटक विवादमा परिरहन्छन्?

जो सभामुख हुन्छ, ऊ जनताबाटै निर्वाचित भएको हुन्छ। उसले पनि आफ्नो निर्वाचन क्षेत्रको प्रतिनिधित्व गरिरहेकै हुन्छ। भोलि फेरि जनतामाझ जानुपर्ने भएकाले पनि ऊ पार्टीप्रति बफादार हुन्छ नै। कोशी प्रकरणमै सभामुखको भूमिकाबारे बृहत्तर व्याख्या हुनुपर्ने थियो तर हुन सकेन। सायद भविष्यमा मुद्दामा परेमा यस विषयमा बृहत् व्याख्या होला कि?

प्रेरक प्रसंग

'ब्ल्याक बेल्ट'को हकदार

मार्सल आर्टको लामो अभ्यासपछि एक युवकलाई ब्ल्याक बेल्टका लागि सिफारिस गरियो। ब्ल्याक बेल्ट वितरण समारोहमा बेल्ट लिन मञ्चमा पुग्दा मुख्य प्रशिक्षकले उनलाई सोधे- ब्ल्याक बेल्ट पाउनुअघि तिमीले थप एउटा परीक्षा दिनुपर्छ। के तिमी तयार छौ? युवकले केही झुकेर जवाफ दिए- म तयार छु गुरु! सायद कसैसँग भिडन्त गर्नुपर्ने होला भन्ने उनले सोचे। तर, मुख्य प्रशिक्षकको दिमागमा भने अर्थोकै चलिरहेको थियो। उनले युवकलाई सोधे- तिम्रा लागि ब्ल्याक बेल्ट प्राप्त गर्नुको वास्तविक अर्थ के हो?

युवकले उत्तर दिए- यो मेरो यात्राको अन्त्य हो। मेरो कठोर परिश्रमको इनाम पनि हो यो बेल्ट। मुख्य प्रशिक्षक उनको उत्तरबाट सन्तुष्ट भएनन्। उनले भने- तिमी अहिले ब्ल्याक बेल्ट पाउन योग्य भइसकेका छैनौ। एक वर्षपछि फेरि आऊ।

युवक विनम्रतापूर्वक झुकेर गुरुलाई अभिवादन गरेर त्यहाँबाट बिदा भए। एक वर्षसम्म कठोर परिश्रमपूर्वक अभ्यास गरिसकेपछि युवक पुनः ब्ल्याक बेल्ट लिन गए। मुख्य प्रशिक्षकले पुनः पहिलेकै प्रश्न दोहोऱ्याए। युवकले जवाफ दिए- यो बेल्ट यस मार्सल आर्टको सबैभन्दा ठूलो उपलब्धि हो। मुख्य प्रशिक्षक यसपटक पनि उनको जवाफबाट सन्तुष्ट भएनन्। युवकले थप केही भन्छन् कि भनेर उनी केहीबेर मौन रहे। तर, युवक शान्त रहे। मुख्य प्रशिक्षकले तिमी यसपटक पनि बेल्टका लागि योग्य भइसकेका छैनौ। जाऊ, थप मिहिनेत गर र अर्को वर्ष आऊ भनेर पठाइदिए।

एक वर्षपछि युवक पुनः बेल्ट लिन पुगे। यसपटक पनि मुख्य प्रशिक्षकले उही प्रश्न सोधे। युवकले आत्मविश्वाससाथ जवाफ दिए- ब्ल्याक बेल्ट आरम्भ हो। यो कहिल्यै समाप्त नहुने यात्रा हो, जसमा अनुशासन छ, कठोर परिश्रम छ र जहिल्यै सर्वोत्तम मापदण्ड छुने लालसा छ।

मुख्य प्रशिक्षकले खुसी हुँदै भने- एकदम ठीक भन्यौ। अब भने तिमी ब्ल्याक बेल्ट पाउन बिलकुलै लायक बनेका छौ। यो सम्मान ग्रहण गर र आफ्नो काममा लाग।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गौतमको लेख पढेपछि

२५ चैतको नयाँ पत्रिकामा पामिर गौतमको 'बाइडेन-सी टेलिफोन वार्ता र विश्व राजनीति' पढेँ। मगरिट थ्याचर चिनियाँ सिँढीबाट लडेकी होइनन्, लन्डन द्वितीय विश्वयुद्धपछि प्रत्येक देशको सिँढीबाट लडेको त्यो आखिरी उदाहरण थियो। लेखकले अमेरिका र चीनको मिल्तीमा विश्वको भलो देखेका छन्। विगतमा अमेरिका र रुसको प्रतिस्पर्धामा मैले बढी विश्वहित देख्ने गर्थें। बिचरो चीन रुसले जस्तो विचारधारा फैलाउन सक्दैन, किनभने संसारले त्यसलाई अस्वीकार गरिसकेको छ। अमेरिका र चीनको मिल्तीको मतलब हो, ताइवानको विलय र फिलिपिन्स आदि देश टुहुरो हुनु, जसले विश्व राजनीतिको कुरूपता झल्काउनेछ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

घुस्याहालाई कारबाही गर

ठेकेदारलाई आयोजना दिलाउँदा घुसबापत जग्गा लिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको समाचार पढियो। यो देशमा भ्रष्टाचार गर्नेहरूले अनेक उपाय लगाउने गरेका छन्। तिनले कहिले नगद हात थाप्छन् त कहिले यसरी जिन्सी हात पार्छन्। घुस्याहालाई यहाँ कोही कसैको कुनै छेकबार छैन। त्यसैले, यहाँ घुसखोरी राम्रैसँग मौलाएको छ। यहाँ जताततै घुस्याहा नै घुस्याहा देखिन्छन्। यस्ता घुस्याहालाई खोजी-खोजी कारबाही गरियोस्।

● **अमृता पुडासैनी**
गोठाटार, काठमाडौं

दलहरूले संविधान मान्नुपर्दैन?

दलहरूले आफूलाई फाइदा पुग्ने अवस्थामा जताबाट र जसरी भए पनि संविधान मिच्दै आएका छन्। केही समयअघि कोशी प्रदेशमा जसरी सभामुखको समेत हस्ताक्षर गरेर सरकार गठन गरिएको थियो, अहिले गण्डकी प्रदेशमा पनि ठीक त्यसैगरी सरकार गठन गरिएको छ। कोशी प्रकरणमा सर्वोच्च अदालतले केही दिनमै सो सरकार गठन असंवैधानिक घोषणा गरेर खारेज गरिदिएको थियो। अब गण्डकीमा पनि त्यस्तै होला। के दलहरूले चाहिँ संविधान मान्नुपर्दैन?

● **भूमिका कठायत**,
सानोगौचरन, काठमाडौं

घाँडो बन्दै प्रदेश सभा

राजनीतिक दलहरूको स्वार्थका कारण भइरहने आन्तरिक खिचातानीले गर्दा नेपालको संविधान २०७२ लाई संशोधन गर्नुपर्ने अपरिहार्यता देखिँदै गएको छ। संविधान गतिशील हुने हुनाले पनि समयानुसार यसै पनि यसलाई संशोधन गर्नुपर्छ। तर, अहिले संविधानले गरेको व्यवस्थाको फाइदा उठाएर दलहरूले आफ्नो स्वार्थपूर्ति गरिरहेकाले तत्काले संविधान संशोधन गरेर दलहरूको मनमौजीमाथि अंकुश लगाउनुपर्ने देखिन्छ। संविधानले गरेको संघ र प्रदेशको एउटै शासन प्रणाली र सरकार गठन प्रक्रियामा परिवर्तन गरिहाल्नुपर्ने देखिन्छ।

अहिले केन्द्रमा हुने राजनीतिक दलहरूको गठबन्धन परिवर्तनले प्रदेशमा पनि पूर्ण रूपमा असर गरिरहेको छ। यसले गर्दा संघीय प्रणालीमाथि नै प्रश्न उठिरहेको छ। यस्तो अवस्थाको सिर्जना संघीयताको बिरुवा रोप्नेहरूबाटै भएको छ। गत वर्षको संघीय निर्वाचनपछिको कुरा गर्दा पनि तीनपटक गठबन्धन परिवर्तन भइसकेको अवस्था छ। एउटा सरकार बनेर बल्लतल्ल कामको मेसो समातेको हुन्छ अनि फ्याट्ट दलको नेतृत्वलाई कुनै कुरामा चित्त बुझ्दैन, गठबन्धन परिवर्तन गर्दिन्छ। यसको तरंग प्रदेशसम्मै पुग्छ र सबै तहसनहस पारिदिन्छ। यस्तो अवस्थाले जनतामा नैराश्यभन्दा कुनै कुराको अनुभूत गराएको देखिँदैन। प्रदेश संघको नियन्त्रणमा रहनु नै संघीयताको प्रमुख बाधक हो। यो बन्धनबाट मुक्त गराउन पनि संविधान संशोधन गर्नुपर्ने देखिन्छ। यदि दलहरूलाई प्रदेश या संघीयता नै चाहिएको छैन भने यसलाई खारेज गर्दा नै ठीक हुन्छ। संविधानमै संघीयताको व्यवस्था समेटिएको हुनाले संघीयता खारेज गर्नकै लागि पनि संविधान संशोधन गर्नुपर्ने देखिन्छ।

● **सुजन देवकोटा**, पालुङ्टार-४, गोरखा
sddevkota778@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सम्भव छ त अमेरिकाविनाको नेटो ?

ऊर्जा आपूर्तिका लागि रुसमाथिको निर्भरता अन्त्य गर्न सक्ने युरोप अमेरिकी प्रतिबद्धताविना बाँच्न किन सक्दैन ?



देश/विदेश

● इयान ब्रेमर

उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) इतिहासको सबैभन्दा सफल सैन्य गठबन्धन हो र यो अहिले पहिलेभन्दा बलियो छ। फेब्रुअरी २०२२ मा युक्रेनमा रुसको पूर्ण-स्तरीय आक्रमणपछि नेटोको निरन्तर उद्देश्य र मूल्य थप पुष्टि भएको छ र त्यसपछि दुई सक्षम नयाँ सदस्य फिनल्यान्ड र स्विडेन नेटोमा थपिएका छन्। यद्यपि रुसले लगातार सैनिक, हतियार र दीर्घकालीन आर्थिक लचिलोपन गुमाउँदै छ, तर रुसको प्रहारलाई नेटोले नभई युक्रेनले अवशोषित गरिरहेको छ। नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डोनाल्ड ट्रम्पको पुनः निर्वाचित हुन सक्ने सम्भावनालाई लिएर युरोपेली नेता चिन्तित छन्। ट्रम्पको पुनरागमनले नेटोको मुख्य समर्थक र गठबन्धनको बललाई अमेरिकाले दिने सुरक्षाको विश्वसनीयतामाथि शंका उत्पन्न गर्ने युरोपेली नेतालाई डर छ।

वास्तवमा पूर्वराष्ट्रपति ट्रम्पले केही वैध चिन्ता व्यक्त गरेका छन्। रुसले सन् २०१४ मा क्रिमियामा आक्रमण गरेपछि प्रत्येक सदस्य राष्ट्रले सन् २०२४ सम्म राष्ट्रिय कुल गार्हस्थ उत्पादन (जिडिपी)को कम्तीमा दुई प्रतिशत रक्षा क्षेत्रमा खर्च गर्ने वाचा गरेका थिए। दुई महिनाअघि नेटोका महासचिव जेन्स स्टोल्टनबर्गले सन् १९४९ मा गठबन्धनको जन्मपछि पहिलोपटक युरोपेली सदस्यले सामूहिक रूपमा उल्लिखित वाचा पूरा गर्ने घोषणा गरेका थिए। तर, यो अपुग छ किनभने केही राज्य, विशेषतः रुसी सीमानजिकका राज्यले आफ्नो कोटाभन्दा बढी खर्च गरिरहेका छन्।

विशेषतः नेटोका ३१ सदस्यमध्ये १३ ले अझै पनि रक्षामा जिडिपीको दुई प्रतिशत खर्च गर्नुपर्ने नियम पूरा गर्दैनन् र ट्रम्पले सहयोगीका रूपमा यी १३ राष्ट्रको विश्वसनीयतामाथि प्रश्न उठाएका छन्। यदि यी मुलुक रुससँग यति धेरै डराउँछन् भने किन तिनीहरू अझै पनि जिडिपीको दुई प्रतिशत आफ्नै सुरक्षामा खर्च गर्न इच्छुक छैनन् भन्दै ट्रम्प प्रश्न गर्छन्। अधिकांश युरोपेली नेताले रक्षा खर्च बढाउनुपर्ने आवश्यकतालाई स्विकारेका छन्। कम खर्च गर्ने देशले परिणाम भोग्नुपर्छ भन्ने ट्रम्पको हालैको आशयले युरोपेलीलाई सम्भावित राष्ट्रपति ट्रम्पको प्रभावबारे अनुमान लगाउन बाध्य बनाएको छ। प्रश्न उठ्छ, के नेटो बलियो र भरपर्दो अमेरिकी प्रतिबद्धताविना बाँच्न सक्छ? नेटोको ७५औँ वार्षिकोत्सवका अवसरमा आयोजित समारोहमा स्टोल्टेनबर्गले अमेरिकाको सन् २०२४ को चुनावी नतिजाबाट स्वतन्त्र भई युक्रेनका लागि १० खर्ब सात अर्ब डलरबराबरको पाँच वर्षको कोषको प्रस्ताव गरेका थिए। युक्रेन नीतिमा चिन्ताका अतिरिक्त युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयनले युरोपेली रक्षा आयुक्तका लागि गरेको आह्वानले आयोगको तयारीको कमीबारे युरोपको व्यापक डर झल्काउँछ।

यो महत्त्वाकांक्षी योजना युरोपेली नेताले हालैका वर्षमा गरेको पहिलो योजना हुनेछैन। यी नेताले कोभिड-१९ महामारीका समयमा खोपको द्रुत वितरणको निरीक्षण गरेका थिए। आवश्यक पर्ने सरकारलाई आपत्कालीन राहत प्रदान गरेका थिए, र फेब्रुअरी २०२२ पछि ऊर्जा आपूर्तिका लागि रुसमाथिको निर्भरता अन्त्य गर्ने महँगो र जटिल कार्यक्रम सुरु गरेका थिए। र, यी नेताले ऐतिहासिकस्तरमा शरणार्थीको उच्च संख्यालाई शरण दिएका थिए। यति गर्न सकिने हो भने किन ट्रम्पविनाको युरोपेली सुरक्षा बलियो गर्न सकिँदैन? तर, तत्कालका तीनवटा चुनौतीका कारण शंका गर्ने ठाउँ भने कायमै छ।



तस्बिरः पेट्रास मालुकास/एएफपी

पहिलो, रक्षा र औद्योगिक नीतिमा युरोपेली आयोगका लागि बलियो भूमिका लागू गर्नु भनेको समय खर्च हुने प्रक्रिया हुनेछ। नियन्त्रणका लागि अनिच्छुक राष्ट्रिय अधिकारीको विरोधको सामना गर्नुपर्ने हुनेछ। सामूहिक रक्षा र आणविक क्षमताका लागि लामो समयदेखिको पैरवीलाई ध्यानमा राख्दै युरोपेली सुरक्षा नीति तय गर्नमा युरोपियन युनियनको एक मात्र आणविक राष्ट्र फ्रान्सको प्रभावबारेमा चिन्तित केही सदस्यबीच चिन्ता थप बलियो भएको छ।

दोस्रो, अमेरिकी हतियार प्रणालीमा युरोपियन युनियनको भारी निर्भरता, अमेरिकी खुफियामा पहुँच र नेटोको अन्तरसञ्चालनमा अमेरिकाको नेतृत्वले महत्त्वपूर्ण चुनौती खडा गरेको छ। रुसको खतराले बढ्दो रक्षा खर्च र सैन्य क्षमतालाई उत्प्रेरित गरिरहेको वेला आत्मनिर्भरता हासिल गर्न एक दशक लाग्नेछ, जुन वर्तमान सुरक्षा चिन्ता सम्बोधन गर्न लाग्ने धेरै लामो समय हो।

अन्त्यमा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बान र स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिको जस्ताका केही युरोपेली सरकारले युरोपियन युनियनका समकक्षीसँग निकट सम्बन्धका मामिलामा ट्रम्पसँग जोडिनुलाई प्राथमिकता दिन्छन्। इटली वा फ्रान्सजस्ता अधिक प्रभावशाली युरोपियन युनियनका सदस्य राष्ट्रमा लोकप्रियतावादी र रुसमैत्री सरकारले सम्भावित रूपमा शक्ति प्राप्त गर्न सक्ने भएकाले ट्रम्पसँग जोडिने प्रवृत्ति अझ बढ्न सक्छ। ऐतिहासिक रूपमा स्वतन्त्र युरोपेली विदेश एवं सुरक्षा नीतितर्फ झुकेको एलिसी प्यालेसभित्र पनि यो परिवर्तन देख्न सकिनेछ। आगामी अमेरिकी चुनावलाई हेर्दा एउटा महत्त्वपूर्ण दीर्घकालीन मुद्दा उठ्छ, यदि ट्रम्प पराजित भएमा के उनको राजनीतिक कार्यकालसँगै थप पृथकतावादी र लेनदेनात्मक अमेरिकी विदेश नीति समाप्त हुनेछ? वा सन् १९४५ देखि २००८ सम्मको देशको अन्तर्राष्ट्रिय भूमिकासँग अपरिचित अमेरिकी मतदाताको युवा पुस्ताले परम्परागत रूपमा डेमोक्र्याट र रिपब्लिकन दुवैले वकालत गर्ने विश्वव्यापी नेतृत्वप्रतिको मनोवृत्ति परिवर्तन गरेका छन्?

यदि यसो हो भने बाइडेनको विजयले पनि युरोपभित्र आफ्नै सुरक्षाबारेको बहस समाप्त हुनेछैन।

(ब्रेमर युरेसिया ग्रुप र जिजेरो मिडियाका संस्थापक एवं अध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

सेनेगलको चुनावले अफ्रिकामा जगाएको आशा

भ्रष्टाचारविरोधी कदम चाल्न र आर्थिक समावेशीकरणलाई बढावा दिन राष्ट्रपतिलाई बलियो जनादेश मिलेको छ



● राबाह एरेज्की

'फ्रेन्च नेसनल सेन्टर फर साइन्टिफिक रिसर्च' अनुसन्धान निर्देशक ऐरेज्की फाउन्डेसन फर स्टडिज एन्ड रिसर्च अन इन्टरनेसनल डेभलपमेन्ट र हार्वर्ड केनेडी स्कुलका वरिष्ठ फेलो हुन्।



सेनेगलको कुल गार्हस्थ्य उत्पादन अर्को पश्चिम अफ्रिकी मुलुक नाइजेरियाको तुलनामा कम भए पनि खुला अर्थतन्त्र भएको सानो देशले 'परिपक्व लोकतन्त्र'को हैसियतमार्फत अफ्रिका महादेशभर निकै ठूलो भूमिका खेल्छ। सन् १९६० मा फ्रान्सबाट स्वतन्त्रता हासिल गरेदेखि सेनेगलमा एकपटक पनि सैन्य कु भएन, जसप्रति सेनेगलवासी गर्व गर्छन्। प्रजातान्त्रिक इतिहासप्रति गर्व गर्ने सेनेगल रहेको क्षेत्रको इतिहास भने भिन्न छ। त्यही भेगमा पछिल्लो केही वर्षभित्रै गिनी, माली, बुर्किना फासो, निजेयर र ग्याबोनजस्ता देशले एकपछि अर्को सैन्य विद्रोहको सामना गरे।

प्रजातन्त्रतर्फको संक्रमणमा सेनेगलले पनि सानातिना समस्या सामना नगरेको होइन। विशेषतः निवर्तमान राष्ट्रपति म्याकी सालको शासनमा देशको प्रजातान्त्रिक अभ्यासमा उतारचढाव बढ्दै गएको थियो। यही निर्वाचनमा पनि अन्तिम समयसम्म उनी संविधानले तोकेको समय सीमा उल्लंघन गरेर पुनः अर्को कार्यकालमा उठ्ने चिन्ता कायम थियो। आमचिन्ताबीच साल लामो समयसम्म मौन थिए। सडकमार्फत आन्दोलनकारीको बढ्दो दबाबमा झुक्दै अन्ततः उनले अर्को कार्यकालमा नउठ्ने घोषणा गरे। त्यस्तो घोषणापछि उनले पुनः जनादेशको म्याद समाप्त भएको लामो अवधिसम्म चुनावलाई पछि धकेलिरहे।

यसको विरोधमा देशव्यापी प्रदर्शन भयो। कैयौंको ज्यान गयो। कैयौं जेल परे। व्यापक जनदबाब र संवैधानिक अदालतको एक निर्णयपछि अन्ततः राष्ट्रपति चुनाव गराउन बाध्य भए। गत मार्च २४ मा सम्पन्न निर्वाचनमा चुनावको समय जेलमा रहेका उम्मेदवार बास्सिरो डिओमाये फाय निर्वाचित भए। पूर्वकर निरीक्षक फायलगायत उनका राजनीतिक गुरु ओस्मान सोनकोसँगै देशभर हजारौं राजनीतिक अभियन्ता जेलमा राखेए यो निर्वाचन गरिएको थियो। सोनकोलाई त निर्वाचनको उम्मेदवारी दिन पनि रोकिएको थियो। सोनकोको राजनीतिक दल पास्टेफ (सेनेगलका देशभक्त) गत ग्रीष्ममा विघटन गरिएको थियो।

स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लडेका फायको चुनावी एजेन्डा देशमा व्याप्त भ्रष्टाचारविरुद्ध संघर्ष गर्ने र आर्थिक सार्वभौमसत्ता प्रवर्द्धन गर्ने भन्ने थियो। यस एनेन्डाले देशका देशभक्त तथा आर्थिक प्रगतिको चाहना गर्ने ठूलो संख्याका युवा जनसंख्यालाई आकर्षित गऱ्यो। सेनेगलका युवामा अहिले पनि स्वतन्त्रतापछिको युगकै झझल्को दिने देशभक्ति देखिन्छ। आजको द्रुत रूपमा विकसित भूराजनीतिक वातावरणमा धेरै अफ्रिकी समाज तिनको चासोलाई थप दृढतापूर्वक पछ्याउने अवसर देख्न थालेका छन्। र, अन्य धेरै अफ्रिकीजस्तै युवा सेनेगाली नेतासँग निराश छन्। हुन पनि अफ्रिकी नेता आफ्नै व्यक्तिगत स्वार्थमा फस्दै जाने र देशको प्राथमिकतामा ध्यान केन्द्रित गर्न अक्षम वा अनिच्छुक साबित हुँदै गएका छन्।

> सेनेगलको राष्ट्रपति चुनावमा ४४ वर्षीय बास्सिरो डिओमाये फायको सानदार जितले ठूलो आशा जगाएको छ। नवनिर्वाचित फायले युवाको माग पूरा गर्ने अपेक्षा छ। तर, त्यसमा उनी सफल हुन्छन् कि हुँदैनन्, परीक्षा सुरु भएको छ।

अफ्रिका महादेशमा आर्थिक उदारीकरणलाई प्रायः अन्तर्राष्ट्रिय संस्थाहरूले लगानीलाई बढावा दिन प्रवर्द्धन गरे। तर, अहिले यस नीतिले उल्टै असर गरेको देखिन थालेको छ। कमजोर भ्रष्टाचार नियन्त्रण गर्ने निकाय तथा कानुनले राजनीतिज्ञ र विदेशी कम्पनीबीचको दुर्नियतपूर्ण गठजोडमा वृद्धि हुन थालेको छ। सेनेगलमा अफ्रोब्यारोमिटरले गरेको सर्वेक्षणले सन् २०२२ मा देशका ७३ प्रतिशत नागरिकले तिनको देशको पहिलेदेखिको भ्रष्टाचार थप बढेको धारणा व्यक्त गरेको देखाएको थियो। अफ्रिकीहरूको मनस्थिति बुझ्न सन् २०१७ मा ब्रिटिस पेट्रोलिमय (बिपी)ले सेनेगलको तटनजिक ठूलो तेल र ग्यास भण्डार भेट्दाको समयलाई ख्याल गर्दा उचित हुन्छ। त्यस खोजपछि सुरुमा धेरै सेनेगाली नागरिकले तिनको देशको आर्थिक रूपान्तरण हुने आशा गरेका थिए। तर, आयोजना निर्माणमा देखिएको ढिलासुस्ती, त्योसँग जोडिएका एकपछि अर्को भ्रष्टाचार काण्ड र वातावरणीय ह्रासको चिन्ताले मानिसमा निराशा बढाउन थाल्यो। त्यस्तै, सेनेगलको ठूलो व्यवसायको रूपमा विकसित मत्स्य क्षेत्रको आर्थिक समावेशीकरण नहुँदा आममानिसले यसबाट खासै लाभ लिन सकेका छैनन्। सीमित ठूला कम्पनीले अत्यधिक माछा मारेर विदेश निर्यात गर्छन् भने सर्वसाधारण सेनेगाली नागरिक त्यो व्यवसायको मूकदर्शक मात्र भएर बसेका छन्।

पछिल्ला तथ्यांकले सेनेगलको आर्थिक वृद्धिको बलियो सम्भावना देखाएका छन्। देशभित्र चरम गरिबीमा उल्लेखनीय गिरावट पनि आइरहेको छ। बिजुलीमाथिको आमपहुँचमा निरन्तर वृद्धि भइरहेको छ। तर, यसका बाबजुद युवा सेनेगालीले ज्यान जोखिममा पारेर गैरकानुनी युरोप जाने आप्रवासी भिडमा मिसिने क्रम बढ्दो छ। आर्थिक सुधारको सम्भावना र नकारात्मक धारणाबीचको यो बेमेल अफ्रिकामा पनि अन्यत्र देख्न सकिन्छ। शिक्षित तथा सामाजिक सञ्जालमा जोडिएको वर्तमान युवा जनसंख्याको महत्त्वाकांक्षा विगतका पुस्ताभन्दा उच्च छ। यसले राजनीतिक नेताबाट अपेक्षा बढाएको छ। तर, नेताहरूबाट औसतसमेत काम हुन सकेको छैन। त्यसमाथि पानी, सडक, विद्यालयजस्ता सेवाहरू उपलब्ध हुँदा पनि तिनको कमजोर पूर्वाधार तथा देशमा बढ्दो भ्रष्टाचारले युवामा निराशा बढाउन योगदान गरेको छ। निराशासँगै आममानिसमा उच्च आक्रोश र असन्तुष्टि पनि देखिन्छ।

फायले चुनावको समयमा समाधान गर्ने वाचा गरेको अर्को मुख्य मुद्दामा पश्चिम अफ्रिकी आर्थिक र मौद्रिक संघ-सम्बन्धमा जोडिएको अनिश्चितासँग जोडिएको छ। सैन्य कुपछि बुर्किना फासो, नाइजर र मालीले भर्खरै एक गठबन्धन घोषणा गर्दै उनीहरूले आफूहरूमाथि लगाइएको प्रतिबन्ध तथा अन्य कारबाहीको कारण पश्चिम अफ्रिकी राज्यको आर्थिक समुदाय छोड्ने बताएका छन्। यद्यपि पछि उनीहरूमाथि लगाइएका प्रतिबन्ध हटाइएको छ। तर, यसका बाबजुद ती मुलुकका सैन्य नेता तिनको पूर्वघोषित कार्यक्रममा अघि बढ्नेमा प्रतिबद्धजस्तो देखिएका छन्। पश्चिम अफ्रिकी राज्यको आर्थिक समुदाय छाडेपछि ती मुलुक एक संयुक्त रक्षा बल बनाउने बताइरहेका छन्। साथै तिनले हाल पश्चिमी अफ्रिकी राज्यको आर्थिक समुदायका सदस्य रहेका आठ मुलुकले प्रयोग गरिरहेको 'सिएफए फ्र्यांक'को प्रयोग अन्त्य गर्ने घोषणा गरेका छन्।

फ्रान्सले बनाइदिएको यस मुद्रा (सिएएफ फ्र्यान्क)लाई परित्याग गर्ने घोषणाले आफ्नो सार्वभौमसत्तामाथि दाबी गर्न चासो राख्ने आममानिसलाई आकर्षित त गर्छ। तर, यो मुद्रा प्रयोग गर्ने संघबाट अलग्गिँदा त्यसले छोटो अवधिमा राम्रोभन्दा बढी हानि हुनेछ। यदि फायले पश्चिम अफ्रिकी देशको समूहको एकता जोगाउने प्रबन्ध गरे भने त्यो परिणाम उल्लेखनीय उपलब्धि हुनेछ। आखिरमा राम्रो अघि बढाइयो भने पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय अफ्रिकाभित्र बृहत्तर क्षेत्रीय एकता प्रक्रियालाई शक्ति दिने इन्जिन बन्न सक्छ। सन् २०२१ मा कोभिड महामारीको समयमा सदस्य राष्ट्रहरूले एक-अर्काको सामानमा भन्सार छुट गर्न थालेदेखि नै यसको सकारात्मक प्रभाव देखिन थालेको थियो। तथापि यसमा अरू विभिन्न अवरोध अझै रहेकाले तिनलाई पनि सामाधान गर्न सक्ने व्यापारमा थप सुधार गर्न सकिन्छ। यसले सीमापार लगानी र व्यापारलाई मात्र उत्प्रेरित गर्दैन; कृषि, दूरसञ्चार, विद्युत् र वित्तजस्ता प्राथमिकताका क्षेत्रमा महाद्वीपीयस्तरको एकीकरणलाई पनि प्रवर्द्धन गर्नेछ। यस सन्दर्भमा, अफ्रिकाको बढ्दो जनसंख्याले थप स्थानीय उत्पादन र रोजगारी सिर्जनाका लागि प्रोत्साहन प्रदान गर्न सक्छ।

फायको सानदार विजयले उनलाई भ्रष्टाचारविरोधी कदम लागू गर्न र आर्थिक समावेशीकरणलाई बढावा दिन बलियो जनादेश दिएको छ। तर, आफ्नो चुनावी वाचा पूरा गर्न, उनले पहिले देशको राजनीतिक नियन्त्रण र सन्तुलनलाई सुदृढ गर्नुपर्छ। त्यो तब मात्र सम्भव हुन्छ, जब देशको न्यायपालिकाको स्वतन्त्रतामाथि उठेको कालो बादल हटाइनेछ र सरकारका सबै तहमा पारदर्शिता सुनिश्चित गरिनेछ। सेनेगलको प्रजातान्त्रिक संस्थानलाई सबल बनाउन असफल भएमा देश भर्खरै भएकोजस्तै राजनीतिक ह्रासमा फस्नेछ। अफ्रिका महादेशभर विशेषगरी युवाले परिवर्तनको माग गरिरहेका छन्। सेनेगलका नवनिर्वाचित ४४ वर्षीय राष्ट्रपति तिनको माग पूरा गर्ने पहिलो हुन नेता हुने सम्भावना छ, अब उनको परीक्षा सुरु भएको छ।

(प्रोजेक्ट सिन्डिकेटबाट)

इतिहासमा आज



सन् १९४० : जर्मनीद्वारा डेनमार्क र नर्वेमाथि आक्रमण। अप्रेसन विसियुबंगको औचित्य स्विडिस फलाम खनिज पहुँच सुरक्षित गर्नु थियो। नर्वेमा म्याक्स मानुस र गुन्नार सोन्स्टेबीवरपरको प्रतिरोधी समूहले जर्मन युद्ध प्रयासलाई सफलतापूर्वक तोडमोड गऱ्यो।

- **सन् १९५२** : बोलिभियाली राष्ट्रिय क्रान्तिले ह्युगो बलिभियनको सरकारलाई सत्ताच्युत गऱ्यो। राष्ट्रवादी आन्दोलनले विश्वव्यापी मताधिकार, टिन खानीहरूको राष्ट्रियकरण र राष्ट्रिय जीवनमा पहिले सीमान्तकृत जातिलाई समावेश गर्नेलगायत कट्टरपन्थी सुधार सुरु गऱ्यो।
- **सन् १९६७** : बोइङ ७३७ ले आफ्नो पहिलो उडान भरेको थियो। बोइङ ७३७ छोटोदेखि मध्यम दायराको विमान इतिहासमा सबैभन्दा बढी बिक्री हुने विमान हो।
- **सन् १९७३** : २०औँ शताब्दीका प्रभावकारी कलाकार पाब्लो पिकासोको ९१ वर्षमा निधन।
- **सन् २००५** : बेलायतका तत्कालीन राजकुमार तथा वर्तमान राजा चार्ल्सको क्यामिला पार्कर बोउलेससँग विवाह सम्पन्न। त्यसअघि चार्ल्सले वेल्सकी राजकुमारी डायनासँग विवाह गरेका थिए। क्यामिलासँगको उनको दोस्रो विवाहले उनलाई नागरिक विवाह गर्ने बेलायती शाही परिवारको पहिलो सदस्य बनायो।

दुर्व्यवहार रोक्न प्रविधिको प्रयोगभन्दा मानिस सचेत हुन आवश्यक

विद्यालय तथा क्याम्पसमा दुर्व्यवहारविरुद्धको लडाइँमा केवल उन्नत प्रविधि प्रयोग गर्नु पर्याप्त छैन। यस विषयमा गम्भीर ध्यानाकर्षणका साथै अधिकारीको सक्रिय प्रतिक्रिया पनि आवश्यक छ।



क्याम्पसमा दुर्व्यवहार बढ्दो समस्या बन्दै गएको छ। फुजियान प्रान्तको राजधानी फुझाउमा रहेको एओफेङ स्कुलले दुर्व्यवहारका घटना पत्ता लगाउन शौचालयभित्र ग्याजेट जडान गरेको छ।

विद्यालयले शौचालयजस्ता संवेदनशील ठाउँमा अलार्म प्रणाली स्थापना गरेको छ, जसले आवाज पहिचान र संवेदनशील शब्द सक्रियताबारे जानकारी दिन्छ, यदि कसैमाथि दुर्व्यवहार भइरहेको छ भने प्रणालीले कर्मचारीलाई विशेष पीडादायी संकेत प्रदान गरी सचेत गराउँछ।

प्रणालीले आवाज पहिचानका लागि कृत्रिम बुद्धिमत्ता प्रयोग गर्छ, तर यसको प्रभावकारिता यी प्रविधिमा मात्र निर्भर हुँदैन। प्रविधिभन्दा बढी महत्त्वपूर्ण स्कुलका स्टाफ हुन्, जुन पीडादायी बोलावटमा (डिसट्रेस कल) द्रुत र प्रभावकारी रूपमा प्रतिक्रिया दिन खटिएका छन्।

मौलिक रूपमा प्रविधिले विद्यालयका अधिकारीलाई दुर्व्यवहारका घटना रिपोर्ट गर्ने माध्यमको रूपमा काम गर्छ। वास्तवमै उल्लेखनीय के छ भने दुर्व्यवहार रोक्न अधिकारीहरूको समयमै हस्तक्षेप आवश्यक छ। विद्यालयमा हुने दुर्व्यवहारका धेरैजसो घटनामा शिक्षक र प्रशासकहरूले प्रारम्भिक चेतावनीका संकेतलाई बेवास्ता गरेका छन्, जसले स्थितिलाई नियन्त्रणबाहिर पुऱ्याउँछ। यो कहिलेकाहीँ घातक साबित हुन सक्छ।

उदाहरणका लागि, हेबेई प्रान्तको हान्डनमा भर्खरै एउटा दुःखद घटनामा तीन माध्यमिक विद्यालयका विद्यार्थीले षड्यन्त्र रचेर आफ्नो १३ वर्षीय सहपाठीको ज्यान लिए। अपराधीहरूले केटालाई भयभीत बनाएका थिए, तर विद्यालयका डिनले हत्या गर्नुअघि धम्कीको कुनै प्रमाण नभएको दाबी गरे।

विद्यालयले हत्याभन्दा पहिले भएको बदमासीमा ध्यान दिएको भए यो विपत्ति टार्न सकिन्थ्यो। विद्यालयमा धम्कीका 'साना' उदाहरणमा बढी ध्यान दिँदा पक्कै पनि यसलाई नियन्त्रण गर्न सकिन्छ। फुझाउको प्रणाली हेर्दा विद्यालयले यो पहल हाल प्रयोगात्मक चरणमा रहेको र यसलाई थप परिष्कृत गरेपछि कार्यान्वयनमा आउने संकेत गरेको छ। प्रणाली प्रभावकारी साबित भएमा सम्बन्धित सरकारी निकायले अन्य विद्यालयमा हुने दुर्व्यवहार रोक्न यस्तै संयन्त्र लागू गर्न सक्छन्।

विद्यालय तथा क्याम्पसमा बदमासी र दुर्व्यवहारविरुद्धको लडाइँमा केवल उन्नत प्रविधि प्रयोग गर्नु पर्याप्त छैन। यस विषयमा गम्भीर ध्यानाकर्षण हुनुका साथै अधिकारीहरूको सक्रिय प्रतिक्रिया पनि आवश्यक छ। टेक्नोलोजीले निश्चित रूपमा एक महत्त्वपूर्ण उपकरणको रूपमा सेवा गर्न सक्छ, तर मानवीय तत्त्वहरू सावधानी, हेरचाह र समयमै हस्तक्षेप अन्ततः सबै विद्यार्थीका लागि सुरक्षित वातावरण सिर्जना गर्ने कुञ्जी बन्न सक्छ।

(चाइना डेलीका लागि झाङ झोउजियाङको रिपोर्ट)

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय, हेटौडा, नेपाल

सामुदायिक माध्यमिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत विद्यार्थीहरूका लागि शैक्षिक छात्रवृति सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८०/१२/२७

शैक्षिक छात्रवृति निर्देशिका, २०८० अनुसार सामुदायिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरहमा कृषि, भेटनरी, सर्भेयर, सिभिल इन्जिनियर वा वन विज्ञान विषयमा पहिलो वर्ष/पहिलो सेमेष्टरमा अध्ययनरत बागमती प्रदेश भित्रका दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका तथा आर्थिक रूपले विपन्नका साथै लोकतन्त्र प्राप्तिका आन्दोलनका घाइते परिवारका छात्र छात्राहरू मध्ये बागमती प्रदेशका प्रत्येक स्थानीय तहबाट एकजना छात्र वा छात्रालाई भर्ना शुल्क र शिक्षण शुल्क बापतको रकम छात्रवृति बापत प्रदान गर्ने कार्यक्रम भएको हुँदा बागमती प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालय/शिक्षालयमा कक्षा ११ वा सो सरह अध्ययनरत दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जाति तथा आर्थिक रूपले विपन्नका साथै लोकतन्त्र प्राप्तिका आन्दोलनका घाइते परिवारका छात्रछात्राहरूले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आवश्यक कागजातहरु सहित शैक्षिक छात्रवृति निर्देशिका २०८० को अनुसुची १ को ढाँचामा आफ्नो स्थानीय तहमा निवेदन पेस गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। शैक्षिक छात्रवृत्ति निर्देशिका २०८० निर्देशनालयको वेवसाइट edd.bagamati.gov.np तथा सामाजिक विकास मन्त्रालयको वेवसाइट mosd.bagamati.gov.np मा हेर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

बागमती प्रदेशका सम्पूर्ण स्थानीय तहहरूलाई विशेष अनुरोधः

यसै सूचनालाई आधार मानी माथि उल्लेखित शर्त पुरा गरेका प्रत्येक स्थानीय तहबाट एक जना छात्र वा छात्रा छनोट गरि शिक्षा विकास निर्देशनालय हेटौडामा सिफारिस गरिदिनुहुन अनुरोध छ।.

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/१२/२७)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित गरेको मितिले १५ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा बापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानुनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा १६औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सुचना प्रकाशित भएको १५ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

केन्द्रिय कार्यालयः कमलादी काठमाडौं

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नामः पारस प्रधान ठेगानाः बनेपा-०८, काभ्रे बुवाः केशवलाल प्रधान बाजेः चिनियालाल प्रधान कर्जा शिर्षकः व्यक्तिगत कर्जा	पारस प्रधानको नाममा दर्ता रहेको काभ्रे जिल्ला, श्रीखण्डुपुर वडा नं. ०५ स्थित कित्ता नं. १६८९को क्षेत्रफल ०-१२-०-०को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	**बाल कृष्ण श्रेष्ठ** ठेगानाः का.म.न.पा-०३, काठमाण्डौ बुवाः राम प्रसाद श्रेष्ठ बाजेः भक्तलाल श्रेष्ठ

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरू: १. शिलवन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले १६ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय सिमरा

बक्यौता कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/२७

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुलाई वक्यौता कर रकम दाखिला गर्न कार्यालयको अभिलेखमा भएको ठेगानामा विभिन्न मितिमा पत्र पठाईएकोमा हालसम्म बक्यौता रकम दाखिला नगरेको तथा कार्यालयमा सम्पर्क राख्न नआएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरी सकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ। अन्यथा, आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०४ देखि १११ सम्मको, अन्तःशुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १०ज तथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१ को उपदफा (१) मा उल्लेखित कुनै वा सबै प्रावधानहरुको हदैसम्मको प्रक्रिया अवलम्वन गरी बक्यौता कर रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्बारा सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

तपसिल

क्र. सं.	स्था.ले.नं	करदाताको नाम	ठेगाना	प्रो./सं.को नाम	आयकर/ अन्तःशुल्क बक्यौता	मू.अ.कर बक्यौता	जम्मा बक्यौता
१	३०२४३६३८७	रिद्धी सिद्धी इण्टरप्राइजेज प्रा.लि.	परवानीपुर १, बारा	श्याम मल्ल		४२५२०८११	४२५२०८११
२	३०५३१५३८४	श्री मिनाक्षी प्रोडक्ट्स नेपाल प्रा.लि.	गढिमाई ९, बारा	जे. डी. जोहा	४२११६३५४		४२११६३५४
३	६१७७६८८१२	छनु ट्रेडर्स	जीतपुरसिमरा २, बारा	छनु माझी		२५६९१७२६	२५६९१७२६
४	६०८८७००१०	मां अम्बे ट्रेडर्स	परवानीपुर ३,	राम प्रकाश यादव	६९४१३५३	६५५४३१०	१३४९५६६३
५		अजय ट्रेडर्स प्रा.लि., कलैया	०	०	७२६७६२५।६४		७२६७६२६
६	३०१०७९४१५	सीमा गल्ला भण्डार	गरुडा ६, रौतहट	सत नारायण साह वनिया	५७४९८४६		५७४९८४६
७	३०००२०१४०	गौरी शंकर रोलिङ्ग मिल्स प्रा.लि.	लिपनि माल ३, बारा	जगदिश प्रसाद सरावगी	५११३४२२।५५		५११३४२३
८	३०००४९६५१	फेमिना ओभरसिज प्रा.ली.	कलैया ४, बारा	बिनोद कुमार अग्रवाल		५०३६३०६	५०३६३०६
९	६०३३२१७९३	ओम सप्लायर्स	कलैया १, बजार, बारा	ओम शंकर प्रसाद	१३३२०४८	३१८६९७६	४५१९०२४
१०	३०४८४४१६०	शिवशक्ति वायो प्लान्ट्रीक प्रा.लि.	परवानीपुर ४, लिपनिमाल, बारा	के.वि तिरुपती राय	३७३९९९७		३७३९९९७
११		न्यू कर्मा ट्रेड प्रा.लि. जितपुर			३६०२८९१।६६		३६०२८९२
१२	३०२०७५०२७	रेडियो दुर्गा भगवती ९६.६ मेगाहर्ज (क्रिएटिव ग्रुप अफ नेपाल)	दुर्गा भगवती २,क्रिएटिव टोल, रौतहट	प्रवीण कुमार शर्मा		३४८१३६७	३४८१३६७
१३	३०००४५३०५	रिवण्ड ट्रेड प्रा. लि.	कलैया ४, बारा	हरिशंकर प्रसाद गुप्ता		२८६४९५२	२८६४९५२
१४	३०३७९७७३७	मनकामना जेनरल स्टोर तथा गल्ला भण्डार	गौर ५, रौतहट	मनिष कुमार जयसवाल		२६८८६०८	२६८८६०८
१५	३०००२०५४२	आरती डिटरजेन्ट इण्डष्ट्रीज प्रा.लि.	जीतपुरसिमरा ९,गढीमाई स्थान, बारा	श्री मती वीणा लोहिया		२६१७८३९	२६१७८३९
१६	३०४८४०३०६	पुरुसोत्तम राज क्लिनिक	परोहा ५, बसन्तपट्टी, रौतहट	हरि किशोर साह तेलि	२६१७२८१		२६१७२८१
१७	३०२६५९६६१	ओम सूर्ति प्याकिङ उद्योग	निजगढ ९, लच्काटोल, बारा	हर्क बहादुर मगर		२५४५३९१	२५४५३९१
१८	३०००२०३९१	इष्टर्न टेक्सटाईल इण्डष्ट्रीज लिमीटेड	जीतपुरसिमरा ९, छाता पिपरा, बारा	राज कुमार लोहिया	२४०४३१९		२४०४३१९
१९	३०१५३१७००	जे.के.इन्टरप्राइजेज	कलैया १, देवकोटा, बारा	अब्दुल सफिक अंसारी		२३९१३७०	२३९१३७०
२०	६०९६६१०६२	रहमत कन्स्ट्रक्सन	बृन्दावन ७, रौतहट	रहमत मंसुरी		२२१६९३०	२२१६९३०
२१	३००७८०५८३	बगान ईन्टरप्राइजेज प्रा.लि.	कलैया ४, अदालतरोड, बारा	विनोद कुमार अग्रवाल		२१६३३९०	२१६३३९०
२२	३०००२०३२०	किविजयश्री ट्रेडर्स प्रा. लि.	जीतपुरसिमरा ७, जितपुर, बारा	०		१९८०५८४	१९८०५८४
२३	३०१५३१६१०	विनोद कुमार प्राइजेज	पोखरिया ४, भेडियारी, पर्सा	विनोद कुमार वरै		१९६६२४८	१९६६२४८
२४	३०००२०१८२	व्याहुत कमर्शियल ट्रेडर्स	जीतपुरसिमरा १, सिमरा, बारा	विनोद प्रसाद कलवार		१९४५३५९	१९४५३५९
२५	३०००२१०९५	वैद्य डिष्टिव्युटर्स	चन्दनिगाहपुर १, रौतहट	नारायण वैद्य		१६६३७३२	१६६३७३२
२६	३०१३८०६४५	श्री नारायणी खाइडसारी चिनी उद्योग प्रा.लि.	बौधीमाई ९,सरमुजवा, रौतहट	राधा प्रजापति		१५७०१३५	१५७०१३५
२७	६०८३१२८८८	एम एस ट्रेडर्स	चन्द्रपुर ४, रौतहट	मुना श्रेष्ठ		१५२०८८४	१५२०८८४
२८		एन.वि. ट्रेडर्स प्रा.लि. कलैया ५			१२४३७२१।७२		१२४३७२२
२९	६०८५९१३०६	डि.एम.ईटा उद्योग	बृन्दावन ८, गम्हरीया विर्ता, रौतहट	महेश लाल साह		१२२२७७१	१२२२७७१
३०	३०५४२२८०२	अर्गन वायर इण्डष्ट्रिज प्रा.लि.	जीतपुरसिमरा २३, रामपुरटोकनी, बारा	उत्तम प्रसाद कायस्थ		११९२५१०	११९२५१०
३१	३०१३८१३९४	वावा डिष्टिलरी प्रा.लि.	गरुडा ८, विर्ता चौक, रौतहट	ओम प्रकाश		१११७९७४	१११७९७४
३२	३०००२१६१९	स्टार प्याकेजिङ्ग एण्ड प्रिन्टीङ्गस	परवानीपुर १,बहुअरी, बारा	सेख अफताव आजम		१११०५६२	१११०५६२
३३		रौतहट आधुनिक दाल उद्योग गौर			१०८९९३८		१०८९९३८
३४	६०९९३४७१७	नेपाल विनडोर इण्डष्ट्रिज प्रा.ली	परवानीपुर ३, बारा	अनिक कुमार तिवडेवाल		१०७२५८६	१०७२५८६
३५	६०१७३७६१३	विश्वास ईट्टा उद्योग	प्रसौनी ३, इटियाही, बारा	विश्वास कुमार प्रजापति		१०४८०५७	१०४८०५७
३६	३०३५५८४०४	जय मां शाकम्बरी ट्रेडर्स	गरुडा ४, रौतहट	मुकेश कुमार चौधरी		१०२९२३२	१०२९२३२
३७	६०२३३२१९८	नित्यम ट्रेडर्स	निजगढ ८, सहिदचौक, बारा	किरण कुमारी		१००९४६१	१००९४६१
३८	३०००२०२८५	डि.एस. ट्रेडिड. कन्सर्न (प्रा.) लि.	कलैया न.पा.	दिनेश कुमार अग्रवाल		१००३५८४	१००३५८४
३९	३००७८०५९६	उदती इन्टरप्राइजेज प्रा.लि.	कलैया ४, अदालतरोड, बारा	विनोद कुमार अग्रवाल		९७३४८४	९७३४८४
४०		न्यूलर ओभरसिज ट्रेड कर्न्सन प्रा.लि.			९५४३०१।०६		९५४३०१
४१		प्रविण फुटवेयर प्रा.लि., छातापिपरा			२५४८२१३		२५४८२१३
४२	३०००२१२०४	न्यू खेतान एण्ड कन्सर्न प्रा. लि.	जीतपुरसिमरा ७, जितपुर, बारा	०		९२५१७८	९२५१७८
४३	६०४९३०२५७	गौतम कन्स्ट्रक्सन	जीतपुरसिमरा २, बारा	दामोदर गौतम		८८१८८४	८८१८८४
४४	३०४८४९२२६	यस आयल स्टोर्स	आदर्श कोटवाल ४,इनर्वामाल, बारा	एम.डि. समिम आलम		८८१०९३	८८१०९३
४५	१२८०७२०९७	ए क्युव एडभरटाइजिङ्ग	जीतपुरसिमरा १, सिमरा, बारा	बिन्दु न्यौपाने (दवाडि)		८३८७३१	८३८७३१
४६	६०१०२७४७१	मुन ड्रप्स वेभरेज कम्पनी प्रा.लि.	चन्द्रपुर ५, चिडियादह, रौतहट	विनोद कुमार घिमिरे		८३११४३	८३११४३
४७	३००४९५६५६	पिंकी कन्स्ट्रक्सन	कलैया ६, पदम रोड, बारा	गजानन्द प्रसाद अग्रवाल		८२५०१४	८२५०१४
४८	६१००६०९६४	निटको कन्स्ट्रक्सन ल्याबरोटोरी प्रा.लि	चन्द्रपुर ४, रौतहट	कमलेश कुमार यादव		७८४२७२	७८४२७२
४९	३०३१५४३४९	तराई इलेक्ट्रीक पोल एण्ड कंक्रीट इण्डष्ट्रिज प्रा.लि.	जीतपुरसिमरा २२, अमलेखगंज, बारा	प्रसान्त वहादुर पाठक	४०६९५९।५	३७६२५	७८३५८५
५०	३०२६६०१४६	यादव ट्रेडर्स	कलैया ४, बजार, बारा	विभा ब्याहुत कलवार		७६२४४०	७६२४४०
५१	६०५६६५३७४	अमोल ईट्टा उद्योग	फेटा ८, बारा	अवधेश प्रसाद यादव		७३२४९६	७३२४९६
५२	३००१०४१३६	कंचन विजुली पसल	गौर ५, रौतहट	मुन्नी कुमारी श्रीवास्तव		७३०७९७	७३०७९७
५३	६१९७२८१८६	बेष्ट क्यारियर्स् एण्ड लजिष्टिक्स प्रा.लि.	जीतपुरसिमरा,७ जितपुर, बारा	सुनील कुमार गुप्ता		७१८०४८	७१८०४८
५४	३०००२०४०७	एग्रो नेपाल लिमिटेड	पिपरा गा. वि. स. ३, नितनपुर चौक, बारा	श्री सन्तोष कुमार		७१३११७	७१३११७
५५	३०२२३५५७१	आर.एम.वि.सप्लायर्स	जीतपुरसिमरा १८, वडहरवा, बारा	वेद प्रसाद धिमिरे		७०२१३७	७०२१३७
५६	६०१०३०८३३	नेपाल ईट्ट उद्योग	फेटा ८, पुरैनिया, बारा	प्रधुमन प्रसाद चौरसिया		६९७७८३	६९७७८३
५७	१२०१५५०३१	जय पशुपतीनाथ म्यानुफ्याक्चरिङ्ग उधोग	प्रसौनी ५, बारा	शोभा कुमारी रौनियार		६७६७०७	६७६७०७
५८		विन्दा इन्टरनेशनल प्रा.लि., कलैया			६७४९२२।०६		६७४९२२
५९	६१६९२६७४३	जयसवाल ट्रेडर्स	माधव नारायण ३, रौतहट	विनोद साह कलवार		६५७७६३	६५७७६३
६०	६०५०७७६३२	विशमिल्लाह वर्कशप	कलैया ३, बैजानथपुर, बारा	लतिफ मियाँ ठकुराई		६४८८८५	६४८८८५
६१	६०९९७२६१०	भिक्टर सर्भिसेज प्रा. लि.	जीतपुरसिमरा २ सिमरा, बारा	बाल कुमारी दाहाल		६४५३५०	६४५३५०
६२	६१८७१८२०९	ब्राइट सिनर्जी राजदेवी भक्त जे.भी	चन्द्रपुर ५, रौतहट	कृष्ण देव यादव		६३१५०९	६३१५०९
६३	६०३२८३७२३	न्यू संजिवनी इन्टरप्राईजेज	कलैया ४, पन्नाबाग, बारा	सुमन यादव		६२४९७३	६२४९७३
६४	३०१७५७६८१	दिप ट्रेड कर्न्सन	कलैया १, बारा	मिथलेश कुमार कलवार		६२१८९२	६२१८९२
६५	३०००२१७८३	रेणुका हर्वल कस्मेटिक्स प्रा.लि.	बुनियाद गा.वि.स. ८, बुनियाद, बारा	सत्य नारायण प्रसाद		६०२४७१	६०२४७१
६६	११७०६५५१८	रायमाझी हार्डवेयर	निजगढ ७, बारा	गणेश बहादुर क्षेत्री		५८३१३२	५८३१३२
६७	३०००२०६६१	आर. वि. एक्सपोर्ट इम्पोर्ट प्रा. लि.	जीतपुरसिमरा ७, जितपुर, बारा	०		५७७४७२	५७७४७२
६८	६१०२४७२३५	राजपुत लेबर सप्लायर्स प्रा.लि.	जीतपुरसिमरा २, बारा	अजय कुमार सिंह		५७३३१०	५७३३१०
६९	३०००२१८४४	न्यू नारायणी ट्रेडर्स (प्रा.) लि.	कलैया न.पा. ५,	दिनेश कुमार अग्रवाल		५६७७९१	५६७७९१
७०	३०२९१७६५९	राहुल मोटर्स	गौर ५, वि.पि. चौक, रौतहट	गुफराना वेगम		५५७३४५	५५७३४५
७१	३०४८४२३३१	विजय लक्ष्मी क्लियरीङ्ग हाउस	गौर ३, रौतहट	किरण देवी गुप्ता		५५७१६३	५५७१६३
७२	६०१३६८६४२	श्री शिव शक्ती ईट्टा उद्योग	कोल्हवी १०, बछनपूर्वा, बारा	ललित बहादुर राउत क्षेत्री		५४६२०४	५४६२०४
७३	३०१९१६३२५	पुजा किराना स्टोर	जीतपुरसिमरा १०, पहारी, बारा	रवर कुमारी		५३२५१५	५३२५१५
७४	३०४८४९१७८	सोनी इट्टा उद्योग	कलैया १८, वलिरामपुर, बारा	मुस्ताफा मिया धुनिया		५३२२७९	५३२२७९
७५	३०००२२७३१	श्री शंकर निर्माण सेवा र श्री शंकर वेल्डीङ एण्ड भल्कनाईजिङ वर्क सप	कलैया ६, बारा	रामाशंकर ठाकुर (शर्मा)		५३१४०५	५३१४०५
७६	३०००२१९५०	केसरी हार्डवेयर स्टोर्स एण्ड सप्लायर्स	गारै न.पा. ९, रौतहट	निर्मल कुमार केसरी		५३०८१५	५३०८१५
७७	३०००२१०८२	न्यू मित्तल ट्रेड सेन्टर	गौर न. पा. १, ट्रान्सफोरमर चोक, रौतहट	रेनु कुमारी मित्तल		५२८३६०	५२८३६०
७८	३०४००१४१९	सिर्जना सप्लार्यस	जीतपुरसिमरा २,सिमरा, बारा	उदय श्रेष्ठ		५२८२१०	५२८२१०
७९	३००९००४४०	सुधा इन्टरप्राईजेज	गौर १, रौतहट	अरविन्द कुमार जायसवाल		५२५०५७	५२५०५७
८०	६०५६७५८१४	आदर्श आयल स्टोर्स	गरुडा ६, रौतहट	हेमन्ती देवि		५२१२२६	५२१२२६
८१	३०१५३२५९४	सुदर्शन कन्टक्सन	जीतपुरसिमरा १, सिमरा, बारा	सुदर्शन सेठाई		५०८२१५	५०८२१५
८२	६०७६७७८२९	ॐ मा कामख्या ईट्टा उद्योग	आदर्श कोटवाल ८, बारा	रामचन्द्र थापा, रामनिवास साह कलवार		५०६५९१	५०६५९१
८३	६०४७७२११४	संचार उत्थान गृह	कलैया १, बारा	दुष्यन्त चौधरि		५०१६८९	५०१६८९
८४	६१७४९३१५८	आर.जे ईटा उधोग	कटहरिया ६, रौतहट	पतीया देवी कलवारीन		४९८२७६	४९८२७६
८५	३०३५५६१८३	आचार्य निर्माण सेवा	कलैया ५, धुसुकपुर, बारा	अनुप प्रसाद यादव		४९७८४६	४९७८४६
८६	३०००२३८११	सज्जन ट्रेडर्स	कलैया ५, बारा	सत्येन्द्र प्रसाद सिंह (राजपुत)		४९७७८२	४९७७८२
८७	३०००२०६५८	नारायणी लेदर मैनुफैक्चरिङ्ग ईण्डष्ट्रिज	बिरगंज ६, महावीर स्थान, पर्सा	नेत्र प्रसाद मैनाली		४९१८०९	४९१८०९
८८	६०४१२८७४६	दिप ज्योति ट्रेडर्स	चन्द्रपुर ६, रौतहट	धर्मेन्द्र कुमार चौधरी		४९०१०८	४९०१०८
८९	६१२८७०६९७	गहवा माई पैकेजिङ्ग उद्योग	प्रसौनी ४, बारा	भाग नारायण पंडित		४८९०४६	४८९०४६
९०	३००७७८६२९	पशुपति भाडा पसल	चन्द्रपुर ४, दुर्गा चौक, रौतहट	दिनकर प्रसाद साह		४८७२२०	४८७२२०
९१	६०४३५३४२१	बायोटेक डिष्टिलरी प्रा.लि.	प्रसौनी १, बारा	श्याम श्रेष्ठ		४८०८१८	४८०८१८
९२	३०२९१९११८	आनन्द कुमार कर्माचार्य ट्रेडर्स	काठमाडौं १३, काठमाडौं	आनन्द कुमार कर्माचार्य	४८०३९१		४८०३९१
९३	६०६६००८८२	एम. एस. ट्रेड एण्ड लेवर सप्लायर्स प्रा. लि.	जीतपुरसिमरा १, सिमरा, बारा	डेकराज रिजाल		४७९३०३	४७९३०३
९४	६०७३७६९७५	एस.के.वाई ईट्टा उद्योग	परोहा ५, बसन्तपट्टी, रौतहट	हरि किशुन साह तेली		४७०३३७	४७०३३७
९५	३०३१५७९०४	सोनु आयल ट्रेडर्स	महागढीमाई ७, तेलकुवा, बारा	सरिता सिंह		४७००१४	४७००१४
९६	६०५१७६६६१	चौरसिया ईट्टा उद्योग	कलैया २५, सिसहनिया, बारा	जयचन्द्र प्रसाद चौरसिया		४६७१५५	४६७१५५
९७	६०६६३२८८७	प्रेम फुयाल निर्माण सेवा प्रा ली	जीतपुरसिमरा १६, महेन्द्रनगर, बारा	Prem fuyal		४६२१४८	४६२१४८
९८	३०१३७९९५१	श्री गुप्ता पेन्टींग सेन्टर	कोल्हवी ६, परसौनी, बारा	जयनारायण गुप्ता तेली		४५९०१४	४५९०१४
९९	३०१३८११९८	तिरुपति ट्रेडर्स	गरुडा ५, शिवनगर, रौतहट	शंकर राम यादव		४४६३७६	४४६३७६
१००	३०५४२१२७२	शालिमार पाईप उद्योग	जीतपुरसिमरा २, सिमरा, बारा	मनोज कुमार गुप्ता		४४५४८०	४४५४८०
१०१	६०४०२७४१२	एम डी ईट्टा उधोग	बृन्दावन ८, गम्हरीया विर्ता, रौतहट	मौजे लाल साह		४४४२५६	४४४२५६
१०२	३००४९५५११	ॐ शंकर हार्डवेयर स्टोर्स	कलैया १, बारा	दिनेश्वर प्रसाद साह		४४३८२८	४४३८२८
१०३	३००१०४०८८	डि. डि. कन्स्ट्रक्सन	यमुनामाइ ४, सरुअठा, रौतहट	वीरेन्द्र कुमार सिंह		४३३७१६	४३३७१६
१०४	३०४३५३००४	लक्की ईट्टा उद्योग	कलैया ९, बारा	सनोवार बेगम		४३१०५३	४३१०५३
१०५	६०५६८४२७४	कैलाश इन्टरप्राइजेज	कैयामाई १, हरैया, बारा	मन्दिप प्रसाद यादव		४२५७५२	४२५७५२
१०६	६०९९२३००७	बीर देवि कन्स्ट्रक्सन प्रा.ली	परवानीपुर १, बुनियाद, बारा	विनोद प्रसाद मण्डल		४२४५११	४२४५११
१०७	३०००२०२६९	अलका ट्रेडीड. कम्पनी (प्रा.) लि.	कलैया न.पा ४, राजदेवी, बारा	निरंजन कुमार अग्रवाल		४२२४३२	४२२४३२
१०८	३००६४२८४१	श्री साह हार्डवेयर	गरुडा ५, महम्मदपुर, रौतहट	श्रीचन साह कलवार		४१५२९६	४१५२९६
१०९	३००८९९७७९	मेघा सोप एण्ड के.ई.प्रा.लि. रामपुर टोकी	काठमाडौं १३, ताहांचल, काठमाडौं	मनोज कुमार अग्रवाल	४१३७४०		४१३७४०
११०	३०४३५२३६८	धानेश्वर ईट्टा उद्योग	महागढीमाई २, इनर्वा, बारा	नरेश प्रसाद जयसवाल		४११४२४	४११४२४
१११	६०६९५६८८४	एम.वि.आई.ईट्टा उधोग	गरुडा ४, रौतहट	रामअशिष प्रसाद जयसवाल		४१०६८४	४१०६८४
११२	६१८८९३९९९	सिनर्जी-राजदेवी भक्त-आर.पी. जे भी	चन्द्रपुर १, रौतहट	राम प्रसाद राउत		४०९४६७	४०९४६७
११३	६०४२८२६९१	कम्युनिकेशन सेन्टर प्रा. लि.	जीतपुरसिमरा २, सिमरा, बारा	बेद प्रसाद भट्ट	४०६१४१		४०६१४१
११४	३०१३७८५२७	कौशल ट्रेडर्स	गरुडा ४, रौतहट	जय प्रकाश कौशल		४०४५७१	४०४५७१
११५	६०१०२५०२८	श्री पालनपोषण बचत तथा ऋण सहकारी संस्था लि.	महागढीमाई २, वरियारपुर, बारा	विर किशोर साह	४०४२१२		४०४२१२
११६	३००१०३४३२	श्री राम खाद्य उधोग प्रा. लि.	काठमाडौं १३, ताहांचल, काठमाडौं	मनोज कुमार अग्रवाल	४०३०४३।०९		४०३०४३
११७	६०८२५२१४४	शुभ श्री जगदम्बा डिष्ट्रीव्युटर्स एण्ड सेल्स	कलैया ५, पन्नावाग,जानकी हांल, बारा	अनिल कुमार पटेल		३९९४५३	३९९४५३
११८		बैकुण्डपति इम्पोक्स प्रा.लि., कलैया				३९८५१५।२५	३९८५१५
११९	६०३०९२४७३	पि.एण्ड.एस.इन्टरप्राइजेज	बौधीमाई ५, सरमुजवा, रौतहट	पुनम कुमारी जैसवाल	३९७२१४		३९७२१४
१२०	६०८०९०६६५	श्री प्रतिकराज ईट्टा उद्योग	फेटा ५, जोतपुर, बारा	जगदेव प्रसाद कोइरी		३९३२३२	३९३२३२
१२१	३००९०१८६१	शुभाष ईम्पोरियम	जीतपुरसिमरा ७, जितपुर, बारा	मोहन साह कल्वार		३८६७८०	३८६७८०
१२२	६०६५५१२३४	बिनोद दास क्रसर एण्ड निर्माण सप्लायर्स सेवा	चन्द्रपुर ७, रौतहट	विनोद दास		३८६४१७	३८६४१७
१२३	६०५५१६६१०	आजम ईट्टा उधोग	बृन्दावन ६, सखुअवा, रौतहट	शेख ओबैदुल्लाह		३८४१४५	३८४१४५
१२४	६०२८३९११०	माया कन्सट्रक्सन	गौर ५, रौतहट	बजरङ्गी गुप्ता		३८३७१८	३८३७१८
१२५	३००१०३५५१	जयसवाल स मिल	गरुडा वेरीया २,	भिखारी देवी कलवारिन		३८२०६०	३८२०६०
१२६	३०४८४०३०६	पुरुसोत्तम राज क्लिनिक	परोहा ५, बसन्तपट्टी, रौतहट	हरि किशोर साह तेलि		३७२७२३	३७२७२३
१२७	३०४८४०५६०	न्यु प्रिति हार्डवेयर	बौधीमाई ७, सरमुजवा, रौतहट	राजन वावु जयसवाल		३५६२०३	३५६२०३
१२८	३००६४५४८०	राकेश अफसेट प्रेस	गौर ५, रौतहट	राकेश कुमार झा		३५५५६१	३५५५६१
१२९	६१४६३०७१४	जैसवाल कवाड पसल	गौर ६, रौतहट	मिना देवी		३५३२०९	३५३२०९
१३०	६०६७४२६५८	बिल्ड ड्रिम एण्ड डिजाईन	सुवर्ण ८, बारा	Md Parwej Khan		३५०८०७	३५०८०७
१३१	६०६९०७२३९	रुद्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन	जीतपुरसिमरा ४, सरस्वती टोल, बारा	Laxman Dhakal		३४८३१५	३४८३१५
१३२	३०००४९६३५	ग्लो ओभरसिज प्रा.लि.	कलैया ४, बारा	विनोद कुमार अग्रवाल		३४७३४०	३४७३४०
१३३	३०००२२५५१	अग्रवाल वैरिङ्ग सेन्टर	गौर १, रौतहट	लक्ष्मी कान्त अग्रवाल		३४४६४२	३४४६४२
१३४	६०५७०५५०४	तराई ईटा उधोग	गुजरा २, रंगपुर, रौतहछ	शेख अबदुल खैर		३४१८७३	३४१८७३
१३५	६०४९८२०९४	शिव दुलारी ईट्टा उद्योग	जीतपुरसिमरा २, प्रसौनी, बारा	बिरेन्द्र प्रसाद यादव		३४०९६५	३४०९६५
१३६	३०३७९६२२६	जयमातादी ईट्टा उद्योग	गरुडा ६, रौतहट	रेणू देवि		३३८४५४	३३८४५४
१३७	३०४३५१५५८	शिव विनायक इट्टा उद्योग	महागढीमाई ४, दहियार, बारा	जैसवाल माया कुमारी		३३४६२१	३३४६२१
१३८		तेजु विल्डर्स सिमरा बारा				३३०८३९।७५	३३०८४०
१३९	६१४९५६८१०	आर.एम.ईटा उधोग	बृन्दावन ७, रौतहट	गणेश कुमार लामा		३३०५९८	३३०५९८
१४०	३००६४६२१६	श्री अनिल स्टेशनरी सेन्टर	गौर २, रौतहट	अनिल कुमार मण्डल		३२९२४०	३२९२४०
१४१	६१०१३०००३	नन्दनी लेबर्स सप्लायर्स प्रा.लि.	जीतपुरसिमरा ८, बारा	तरुण सहनी		३२७२९०	३२७२९०
१४२	६११४६९४७४	अनमोल सप्लायर्स	दुर्गा भगवती १, रौतहट	मुकेश कुमार साह		३२६४६३	३२६४६३
१४३	३०२४३७५७३	श्रेष्ठ सप्लायर्स	जीतपुरसिमरा १६, महेन्द्रनगर, बारा	नवराज श्रेष्ठ		३२४३९५	३२४३९५
१४४	६१३०५७५९८	श्री स्वस्थानी माता आयल सेन्टर	महागढीमाई २, बरियारपुर, बारा	रिंकु कुमारी		३२१६७२	३२१६७२
१४५	३००६४५६२८	आलम ईट्टा उद्योग	यमुनामाइ ३, राजपुर तुल्सी, रौतहट	शेख साहीद हुसेन		३१९३२१	३१९३२१
१४६	३०४३५११८५	बौध्दिमाई ईट्टा उद्योग	महागढीमाई ९, बारा	सुरेस प्रसाद शाह कानु		३१५८७६	३१५८७६
१४७	६०३२७८६८०	विशाल सप्लायर्स	जीतपुरसिमरा २, सिमरा, बारा	श्यामबाबु राउत कुर्मी		३१४३४२	३१४३४२
१४८	३०५६०६०४२	ममता ट्रेडर्स	जीतपुरसिमरा २, सिमरा, बारा	प्रदिप कुमार कलवार		३१२९३५	३१२९३५
१४९	६१२७१०७३१	आर वि आई ईट्टा उद्योग	बृन्दावन ९, रौतहट	शिवनाथ प्रसाद साह		३११३३९	३११३३९
१५०	३०४३५०२९८	ए.एमःप्लाष्टिक उद्योग	जीतपुरसिमरा ३, सिमरा, बारा	अवसर अन्सरी		३१००२३	३१००२३
१५१		शाह एण्ड शर्मा ट्रेडर्स प्रा.लि., जितपुर				३०७९२०।५	३०७९२१
१५२	३०५६१६४७६	करण इन्टरप्राइजेज	कलैया ५, बारा	पप्पु कुमार जयसवाल		३०२३६२	३०२३६२
१५३		पंचपुखी निर्माण सेवा कलैया				३००६७०।३९	३००६७०

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २७ चैत ०८०

साढे तीन महिनामा सवा आठ अर्बको विद्युत् आयात

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले साढे तीन महिनामा भारतबाट आठ अर्ब २६ करोड ६२ लाखबराबरको विद्युत् आयात गरेको छ। हिउँदका कारण खोलामा पानी कम भएर स्वदेशी उत्पादन घटेपछि प्राधिकरणले २१ मंसिरदेखि विद्युत् आयात सुरु गरेको हो।

फागुन मसान्तसम्म प्राधिकरणले सो मूल्यबराबरको विद्युत् आयात गरिसकेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। यो गत आव ०७९/८० को फागुन मसान्तसम्मको तुलनामा १४ प्रतिशतले कम हो। गत आवको फागुन मसान्तसम्म नौ अर्ब ५८ करोड ८७ लाख रुपैयाँको विद्युत् आयात भएको थियो। गत आवभर भने १९ अर्ब रुपैयाँभन्दा बढीको विद्युत् आयात गरिएको थियो। आव ०७८/७९ मा भने १४ अर्ब ४३ करोड ११ लाख रुपैयाँको विद्युत् आयात भएको थियो। सोही आवको फागुनसम्म भने ६ अर्ब ६७ करोड चार लाखको विद्युत् आयात भएको थियो।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर)मा आधारित छन्। हिउँदमा खोलामा पानी कम हुँदा विद्युत् उत्पादन पनि स्वतः कम हुन्छ। त्यसैले स्वदेशी उत्पादनले नपुगेर भारतबाट विद्युत् आयात गर्नुपर्छ। प्राधिकरणले यस अवधिमा भारतबाट दैनिक ६ सय मेगावाटसम्म विद्युत् आयात गरेको थियो। नेपालमा अहिले विद्युत्को जडित क्षमता तीन हजार मेगावाट छ। तर, हिउँदमा १२ सय मेगावाट हाराहारीमा विद्युत् उत्पादन हुन्छ। विद्युत्को माग भने १८ सय मेगावाट हाराहारीमा छ। बर्सातमा खोलामा पानी बढी हुँदा भने पूर्ण क्षमतामै विद्युत् उत्पादन हुन्छ। जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ। बर्खामा प्राधिकरणले ६-७ सय मेगावाट विद्युत् भारतमा निर्यात गर्दै आएको छ।

प्राधिकरणको तथ्यांकअनुसार गत बर्खायाममा १५ अर्ब २४ करोडको विद्युत् निर्यात गरिएको थियो। प्राधिकरणले जेठदेखि २० मंसिरसम्ममा एक अर्ब ७३ करोड ७१ लाख युनिट विद्युत् निर्यात गरी १५ अर्ब २३ करोड ८० लाख आम्दानी गरेको थियो। त्यसमा चालू आवको साउनदेखि २० मंसिरसम्ममा १३ अर्ब २३ करोड ६७ लाख रुपैयाँको विद्युत् निर्यात गरिएको थियो। त्यसअनुसार हालसम्म नेपाल-भारतबीचको विद्युत् व्यापारमा नेपाल नाफामै देखिएको छ।

असार मसान्तसम्म पुग्दा पनि नेपाल-भारतबीचको विद्युत् व्यापारमा नेपाल नाफामै जाने प्राधिकरणको दाबी छ। गत आवमा भने विद्युत् व्यापार नौ अर्बले घाटामा थियो।

प्राधिकरणले चैतको तथ्यांक तयार गरिसकेको छैन। यद्यपि, भारतले १९ चैतयता दिउँसो मात्रै विद्युत् किन्न मिल्ने गरी प्राधिकरणलाई स्वीकृत दिएको छ। त्यसअनुसार १९ चैतयता रातको समयमा विद्युत् आयात भएको छैन। आगामी जेठको अन्त्य वा असारदेखि प्राधिकरणले भारतमा विद्युत् निर्यात गर्न सुरु गर्नेछ। गर्मीका कारण हिउँ पग्लेपछि वैशाख-जेठमा खोलामा पानीको सतह बढ्न गई विद्युत् उत्पादन बढ्न थाल्छ। बर्खाका कारण असारदेखि भने पूर्ण क्षमतामै विद्युत् उत्पादन गर्न सकिन्छ, जुन वेला विद्युत् निर्यात नै सकिन्छ। तसर्थ, चालू आवमा भारतसँगको विद्युत् व्यापार नाफामा जाने आधार तयार भएको प्राधिकरणका अधिकारीहरू बताउँछन्।

वन तथा वातावरणसम्बन्धी नीति विकासमैत्री बनाउन माग

काठमाडौं/ वन तथा वातावरणसम्बन्धी नीतिहरू कडा हुँदा पूर्वाधार विकासमा बाधा पुगेको विज्ञहरूले बताएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालले सोमबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनीहरूले यस्तो बताएका हुन्। कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले वन तथा वातवारणसम्बन्धी नीतिका कारण आयोजना निर्माणमा धेरै दुःख पाएको बताए। 'सरकारले वातावरण प्रभाव मूल्यांकनसम्बन्धी प्रतिवेदन स्वीकृत गर्नै समय लगाउँछ। सरकारले स्वीकृत गरेको प्रतिवेदन फेरि अदालतले खारेज गरेको इतिहास पनि छ,' उनले बताए।

यस्तै, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक सिन्धुप्रसाद ढुंगानाले पनि विकासमैत्री नीति बनाउने विषयमा आफू सकारात्मक भएको बताए। यसका लागि उच्चस्तरको सरकारी संयन्त्र तथा राजनीतिक तहबाट पहल अघि बढाउनुपर्ने उनको भनाइ छ। यस्तै, पूर्वाधार विकास समितिका सभापति तथा सांसद दीपकबहादुर सिंहले पनि पूर्वाधार विकासमैत्री कानुन बनाउन आवश्यक रहेको बताए।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले जलविद्युत् तथा पूर्वाधार विकासमा सरकार र निजी क्षेत्रका दुवैको कमजोरी भएको बताए। उनले भने, 'तसर्थ, यस्ता समस्याको समाधान गर्न संयुक्त रूपमै अघि बढ्नुपर्छ।'

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit

उद्घाटनको १० महिना बित्दा पनि विराटनगरमा चलेन कार्गो रेल

प्रतिटन दुई सयसम्म महँगो भएको भन्दै व्यवसायीले प्रयोग नै गरेनन् आइसिपी

कृष्ण रिजाल/नयाँ पत्रिका



भारतको सीमावर्ती बथनाहा रेलवे स्टेसनदेखि विराटनगरको आइसिपीस्थित रेलवे स्टेसनसम्म आउने गरी १० महिनाअघि उद्घाटन गरिएको कार्गो रेल अझै सञ्चालनमा आउन सकेको छैन। नेपालतर्फको रेलवे स्टेसनले प्रतिटन दुई सय रुपैयाँसम्म बढी शुल्क लिएको भन्दै व्यवसायीले भारतीय रेलवे स्टेसन नै प्रयोग गर्दा अन्तरदेशीय कार्गो रेल सञ्चालनमा आउन नसकेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १८ जेठ ०८० मा संयुक्त रूपमा कार्गो रेल उद्घाटन गरेका थिए। तर, नेपालका सरकारी निकायले महँगो शुल्क असुल गर्दा विराटनगरको आइसिपी यार्डसम्म कार्गो रेल सञ्चालन हुन नसकेको एक अध्ययनले देखाएको हो। उद्योग संगठन मोरङले गरेको अध्ययनले भारतीय रेलवे स्टेसनको तुलनामा नेपालको रेलवे स्टेसन प्रयोग गर्दा प्रतिटन ६४ देखि दुई सय रुपैयाँसम्म महँगो पर्ने पाइएको छ। विराटनगरको आइसिपीमा रहेको रेलवे स्टेसनको प्रयोग लागत महँगो भएपछि विराटनगरका उद्योगी-व्यवसायीले जोगबनी र बथनाहा रेलवे स्टेसनबाटै कार्गो ल्याइरहेको अध्ययनले औंल्याएको हो।

कार्गो रेल उद्घाटनका दिन आरती स्ट्रिप्सले औद्योगिक कच्चा पदार्थ एचआर सिट नेपालतर्फको रेलवे स्टेसनसम्म ल्याएको थियो। त्यसपछि उक्त रेलवे स्टेसनमा कुनै पनि कार्गो रेल आउन नसकेको अध्ययनमा उल्लेख छ। विराटनगरमा मुख्यतः कार्गो रेल ल्याउनेमा फलाममा आधारित उद्योग नै पर्छन्। तर, फलाममा आधारित सबै उद्योगले कार्गो रेलका लागि भारतीय रेलवे स्टेसन नै अपनाइरहेका छन्। पशुपति आइरन, स्वस्तिक रोलिङ मिल्स, हुलास वायर, प्रिमियर स्टिल, प्रिमियर वायर, पायनियर वायरलगायत फलामे उद्योगले आयात गर्ने एचआर सिट, स्पन्ज आइरन र एमएस वायर रडजस्ता औद्योगिक कच्चा पदार्थ ती उद्योगले भारतीय रेलवे स्टेसनबाटै ल्याइरहेका छन्।

■ लोड-अनलोडदेखि पार्किङ शुल्कसमेत महँगो

संगठनले नेपाल र भारततर्फका रेलवे स्टेसन प्रयोग गरेर स्पन्ज आइरन, एमएस वायर रड र एचआर सिटको आयात गर्दा कार्गो ह्यान्डलिङ र ढुवानीमा कति खर्च लाग्छ भनेर तुलनात्मक अध्ययन गरेको थियो। अध्ययनले नेपालतर्फबाट मालवस्तु आयात गर्दा भारतीय रेलवे स्टेसनका तुलनामा प्रतिटन ६४ देखि दुई सय रुपैयाँसम्म महँगो पर्ने देखाएको हो।

'भारतीय रेलवे स्टेसनबाट स्पन्ज आइरन ल्याउँदा कार्गोको लोडिङ-अनलोडिङ चार्ज र २५ किलोमिटरसम्मको ढुवानीदर प्रतिटन ६ सय ६४ रुपैयाँ छ। त्यस्तै, पार्किङ शुल्क ३२ रुपैयाँ तोकिएको छ। यसरी एक टन स्पन्ज आइरन भारतीय रेलवे स्टेसन ल्याएर कारखानासम्म पुऱ्याउँदा ६ सय ९६ रुपैयाँको खर्च छ,' अध्ययन प्रतिवेदनमा उल्लेख छ, 'यही स्पन्ज आइरन विराटनगरको आइसिपीस्थित रेलवे यार्डबाट ल्याउँदा प्रतिटनको लोडिङ-अनलोडिङ चार्ज चार सय र २५ किलोमिटरसम्मको ढुवानीखर्च प्रतिटन तीन सय ६० रुपैयाँ गरी सात सय ६० रुपैयाँ तिर्नुपर्छ।' यसरी भारतीय रेलवे स्टेसनबाट स्पन्ज आइरन ल्याउँदा प्रतिटन ६ सय ९६ र नेपालतर्फको रेलवे स्टेसन यार्डबाट ल्याउँदा सात सय ६० रुपैयाँको दरेट हुँदा प्रतिटन ६४ को फरक देखिन्छ। भारतीयबाट ल्याउँदा नेपालतर्फका तुलनामा प्रतिटन ६४ रुपैयाँ सस्तो पर्छ। एक च्याकमा कम्तीमा २५ सय टन स्पन्ज आइरन आउँछ। २५ सय टनको हिसाब गर्दा एक लाख ६० हजार रुपैयाँ सस्तो पर्ने देखिन्छ।

त्यस्तै, जिआई वायर, गेभियन बक्सलगायत सामग्रीको मुख्य कच्चा पदार्थ एमएस वायर रड भारतीय यार्डबाट ल्याउँदा नेपालतर्फको यार्डका तुलनामा प्रतिमेट्रिकटन एक सय ६८ रुपैयाँ सस्तो पर्ने देखिन्छ। एक रेलवे च्याकमा कम्तीमा २६ सय टन एमएस वायर रड आउँछ। भारतीय यार्डबाट ल्याउँदा प्रतिटन एक सय ६८ का हिसाबले एक च्याक एमएस वायर रडमा चार लाख ३६ हजार आठ सय रुपैयाँ सस्तो पर्छ। त्यसैले नेपालतर्फको यार्डबाट आयात हुन नसकेको अध्ययनमा उल्लेख छ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना भन्छन्-



इन्टरमोडलले शुल्क निर्धारण गरेपछि नेपालतर्फ कार्गो रेल नआई भारततर्फकै यार्डमा आएको छ, इन्टरमोडल कार्गो ह्यान्डलिङ र ढुवानीको शुल्क निर्धारण गरेर हालसम्म चुपचाप छ। शुल्क निर्धारण भएको नौ महिना बितिसकेको छ, अहिलेसम्म नेपालतर्फ कार्गो रेल आएको छैन। कार्गो रेल किन आएन, समस्या कहाँ छ र कहाँ सुधार गर्नुपर्छ ? भनेर अहिलेसम्म इन्टरमोडलले खोजी गरेको अनुभव हामीले गरेका छौं।' इन्टरमोडलले असारमा निर्धारित शुल्कलाई तत्काल पुनरावलोकन गरेर व्यवसायमैत्री बनाउँदै तुरुन्त संशोधन गर्नुपर्छ।

इन्टरमोडल यातायातका कार्यकारी निर्देशक आशिष गजुरेल भन्छन्-



उद्योग संगठन मोरङले गरेको अध्ययन रिपोर्टलाई मैले पनि सकारात्मक रूपमा लिएको छु। तर, व्यवसायीले एउटै पनि कार्गो नल्याई महँगो भयो भन्न मिल्दैन। हामीले व्यवसायीसँग सल्लाह गरेर नै कार्गोको शुल्क तोकेका हौं। वीरगन्जकै बराबरी शुल्क तोकिएको छ। वीरगन्जको शुल्क महँगो नहुने, तर विराटनगरमा मात्रै महँगो किन भनियो ? जे भए पनि उद्योग व्यवसायीहरूको व्यापार लागत घटाउनुपर्छ भन्ने हाम्रो पनि धारणा हो। हामी पनि अध्ययन गरिरहेका छौं। आवश्यक परे शुल्क घटाउँछौं, तर उहाँहरूले कार्गो ल्याउने ग्यारेन्टी दिनुपर्छ।

फलामे सामग्रीको अर्को कच्चा पदार्थ एचआर सिट एनसिवाईबाट ल्याउँदा त अझ महँगो पर्ने देखिएको अध्ययनले औंल्याएको छ। एचआर सिटबाट सिआर सिट बनाइन्छ। सिआर सिट स्क्वायर पाइप, एंगल, च्यानल आदि उत्पादनको मुख्य कच्चा पदार्थ हो। यही एचआर सिट भारतीय रेलवे यार्डबाट ल्याउँदा प्रतिटनको लोडिङ-अनलोडिङसहित २५ किमिसम्मको ढुवानी चार सय १६ र पार्किङ चार्ज ३२ गरेर चार सय ४८ रुपैयाँको खर्च छ।

जबकि, नेपालतर्फको यार्डबाट ल्याउँदा लोडिङ-अनलोडिङको चार सय र २५ किमिसम्मको ढुवानीको दुई सय २० गरी प्रतिटन ६ सय २० रुपैयाँ निर्धारण गरिएको छ। यसरी नेपालतर्फको यार्डबाट एचआर सिट ल्याउँदा प्रतिटन एक सय ७२ रुपैयाँ महँगो पर्छ। एक च्याकमा २५ सयदेखि तीन हजार टनसम्म एचआर सिट आउँछ। भारतीय यार्डबाट न्यूनतम २५ सय टन ल्याउँदा नेपालतर्फको यार्डको तुलनामा चार लाख ३० हजार रुपैयाँ सस्तो पर्छ।

नेपालतर्फको रेलवे यार्डमा कार्गो रेल ल्याएर मालवस्तुको ह्यान्डलिङ र ढुवानी गर्ने कार्यको शुल्क तथा दरेट नेपाल इन्टरमोडल यातायात विकास कम्पनीले निर्धारण गरेको हो। सरकारले यही समितिलाई आइसिपीको व्यवस्थापकीय पक्षको जिम्मा दिएको छ। इन्टरमोडलले निजी क्षेत्रको ट्रान्स नेपाल फ्रेट सर्भिसेज नामको कम्पनीलाई कार्गो व्यवस्थापनका लागि ठेक्का लगाएको छ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले इन्टरमोडलले शुल्क निर्धारण गरेपछि नेपालतर्फ कार्गो रेल नआई भारततर्फकै यार्डमा आएको बताए। इन्टरमोडल कार्गो ह्यान्डलिङ र ढुवानीको शुल्क निर्धारण गरेर हालसम्म चुपचाप बसिरहेको उनले औंल्याए। 'शुल्क निर्धारण भएको नौ महिना बितिसकेको छ, अहिलेसम्म एनसिवाईमा कार्गो रेल आएको छैन,' उनले भने, 'कार्गो रेल किन आएन, समस्या कहाँ छ र कहाँ सुधार गर्नुपर्छ ? भनेर अहिलेसम्म इन्टरमोडलले खोजी गरेको अनुभव हामीले गरेका छैनौं।' इन्टरमोडलले असारमा निर्धारित शुल्कलाई तत्काल पुनरावलोकन गरेर व्यवसायमैत्री बनाउँदै संशोधन गर्नुपर्ने उनको भनाइ छ।

आयातमा विराटनगर भन्सारको ११ प्रतिशत हिस्सा छ। चालू आवको आठ महिनामा १० खर्ब ३० अर्बको आयात हुँदा त्यहाँबाट मात्रै एक खर्ब १२ अर्बको आयात भएको देखिन्छ। निर्याततर्फ भने यस भन्सारको हिस्सा १९.४६ प्रतिशत छ। फागुनसम्म एक खर्ब ६१ करोड रुपैयाँको निर्यात हुदाँ त्यहाँबाट मात्रै १९ अर्ब ५८ करोडको निर्यात भएको छ।

निजी क्षेत्रलाई 'ड्राइभिङ' सिटमा राख्ने सरकारको नीति छ : अर्थमन्त्री

काठमाडौं/ अर्थमन्त्री वर्षमान पुनले सरकार निजी क्षेत्रसँग हातेमालो गरेर अघि बढ्ने बताएका छन्। अमेरिकी चेम्बर अफ कमर्सका प्रतिनिधिसँग सोमबार मन्त्रालयमा भएको भेटमा उनले निजी क्षेत्रको मनोबल बढाउन सरकारले काम गरिरहेको बताए।



लगानी सम्मेलनको वातावरण बनाउन लगानीसम्बन्धी ऐनका दर्जन प्रावधानमा संशोधन गर्न लागिएको र उक्त संशोधन वैदेशिक लगानी आकर्षित गर्न मात्र नभई आन्तरिक लगानीको वातावरण बनाउनसमेत भएको मन्त्री पुनको भनाइ थियो। मुलुकमा तीव्र आर्थिक विकासका लागि आन्तरिक स्रोत परिचालन मात्र पर्याप्त नहुने भएकाले बाह्य लगानी आकर्षित गर्नैपर्नेमा अर्थमन्त्रीले जोड दिए।

नेपालमा लगानीको वातावरण बनाउनुपर्छ भन्नेमा राजनीतिक दलहरूबीच मतैक्य रहेको पनि मन्त्री पुनले स्पष्ट गरे। 'सरकारले निजी क्षेत्रलाई 'ड्राइभिङ' सिटमै राखेर काम गर्ने हो,' मन्त्री पुनले भने, 'सरकार र निजी क्षेत्रबीच आपसी साझेदारी र विश्वासका साथ काम गरौं भन्नेमै सम्माननीय प्रधानमन्त्री र मेरो जोड छ।' लगानी वातावरणका लागि नीतिगत निरन्तरता र स्थायित्व हुनुपर्नेमा सरकार स्पष्ट रहेको चर्चा गर्दै उनले पछिल्लो डेढ दशकमा जलविद्युत् र सिमेन्ट उद्योगको विकासमा भएको प्रगतिका कारण नीतिगत स्थायित्व भएको उल्लेख गरे। 'कमरेड प्रचण्ड गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री हुनुभएको समयमा लिएको नीतिका कारण आज हाइड्रोपावरमा हामीले धेरै प्रगति गरेका छौं। १० हजार मेगावाट विद्युत् भारतमा निकासीको वातावरण बनेको छ। यस्तै, सिमेन्ट उद्योगका लागि सडक र बिजुलीको व्यवस्था सरकारले गरिदिएका कारण सिमेन्ट निर्यातको वातावरण बनेको छ। यो सबै नीतिगत निरन्तरताका कारण भएको हो।'

फरक प्रसंगमा उनले नेपालले आइटी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने समय आएको र सरकारले त्यसबारे सोचिरहेको बताए। 'हाम्रो जस्तो भू-परिवेष्ठित मुलुकका लागि अन्य उत्पादनको बाह्य बजार खोज्नुभन्दा सजिलो आइटी प्रोडक्टको उत्पादनको बजार खोज्न हुन्छ,' पुनले भने, 'आइटी सेक्टरको प्रवर्द्धनका लागि नीतिगत निरन्तरता हुने गरी काम गर्छौं।' अध्यक्ष निर्मलकाजी श्रेष्ठको नेतृत्वमा आएको चेम्बरको प्रतिनिधिमण्डलका सदस्यहरूले अर्थतन्त्र सुधारका लागि विभिन्न सुझाव दिएका थिए।

तुलसीपुर उपमहानगरद्वारा कम्पोस्ट मल उत्पादन

दाङ/ दाङको तुलसीपुर उपमहानगरपालिकाले फोहोरबाट कम्पोस्ट मल उत्पादन सुरु गरेको छ। तुलसी कम्पोस्ट मल नाम दिएर तीन महिनामा साढे दुई टन मल उत्पादन गरिएको छ। गल्ने फोहोरबाट उत्पादन गरिएको मललाई निरन्तरता दिइने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए। 'गल्ने फोहोरबाट हामीले कम्पोस्ट मल उत्पादन गरेका छौं,' उनले भने, 'यसलाई निरन्तरता दिनेछौं।'

तुलसीपुरमा उत्पादन हुने फोहोरबाट दैनिक ९० टन फोहोर उत्पादन हुने उपमहानगरले जनाएको छ। तर, उपमहानगरले २५ टन मात्रै संकलन गर्ने गर्छ। तीमध्ये गल्ने फोहोरबाट मल उत्पादन गरिएको प्रमुख खड्काले बताए। युएसएआइडी, तयार नेपाल र ब्लु वेस्ट टु भ्यालुको आर्थिक सहयोगमा तीनमहिने तालिमका क्रममा यहाँ मल उत्पादन गरिएको हो। तुलसीपुरको फोहोर व्यवस्थापनको निकै चुनौती हो। यसलाई न्यूनीकरण गर्न कम्पोस्ट मल उत्पादनले महत्त्वपूर्ण भूमिका खेल्नेसमेत प्रमुख खड्काले बताए। नगल्ने फोहोरबाट पनि झोला, ढकिया, जुत्ता पेनहोल्डरलगायतका सामग्री निर्माणको तालिम प्रदान गरिएको छ। जसले गर्दा गल्ने र नगल्ने फोहोरलाई व्यवस्थापन गर्न सकिन्छ।

■ पूर्व-पश्चिम हुलाकी सडक

सुस्त गतिमा कमला पुलको पुनर्निर्माण



लहानमा **मणिलाल विश्वकर्मा**

निर्माणको अन्तिम चरणमा पुगेको पुलको पायाँ बाढीले भासिएको करिब डेढ वर्षपछि कमला पुलको पुनर्निर्माणको भइरहेको छ। पुल भासिएपछि उच्चस्तरीय राजनीतिक नेतृत्व, विभागीय मन्त्रीहरूले पुनर्निर्माणको काम छिटो सक्न निर्देशन दिँदै आएका छन्। तर, धनुषातर्फ भासिएको तेस्रो पायाँको विषयमा सडक विभागको पुल महाशाखाले निर्णय नगर्दा पुनर्निर्माणमा ढिलाइ भएको छ।

१८ चैतमा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले हुलाकी सडकखण्डअन्तर्गत सिराहा र धनुषा जोड्ने कमला पुलको पुनर्निर्माण समयमै सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिए। कमला पुलको पूर्वतर्फ भइरहेको पुनर्निर्माणको स्थलगत निरीक्षण गर्दै उनले सरकारले आवश्यक स्रोत-साधनको व्यवस्था गरेको बताए। समयमै निर्माण सम्पन्न नभए निर्माण कम्पनी कारबाहीको भागीदार हुने चेतावनीसमेत दिए।

■ पूर्वतर्फ काम हुँदै, पश्चिमतर्फ निर्णयको पर्खाइ

हुलाकी सडकअन्तर्गत कमलामा पुल बनाउन ३१ जेठ ०६८ मा भएको सम्झौताअनुसार ३० मंसिर ०७१ सम्म निर्माण सम्पन्न गर्नुपर्थ्यो। कुल २८ करोड १५ लाखमा पप्पु लुम्बिनी जेभीले साढे तीन वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने थियो। पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनीले गर्दै आएको थियो।

पुल निर्माणको अन्तिम काम चलिरहेका वेला १७ असार ०७८ मा कमला नदीमा आएको बाढीले पुलको सिराहातर्फको दोस्रो पायाँ र त्यही वर्षको तीन कात्तिकमा धनुषातर्फबाट तेस्रो पायाँसमेत भासिएको थियो। कुल १२ वटा स्पान र १३ पिल्लर रहेको पुलको पूर्वपट्टि भासिएको पायाँको डिजाइन परिवर्तनपछि वर्षाअगाडि पाइल क्यापसम्मको निर्माण सक्ने गरी काम भइरहेको निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले बताए। 'बाढीले भासिएको धनुषातर्फबाट तेस्रो पायाँको विषयमा विभागको पुल महाशाखाले अहिलेसम्म के गर्ने भन्नेबारे केही निर्णय नै दिएको छैन,' उनले भने, 'पूर्वतर्फ जसरी डिजाइन परिवर्तन गर्ने हो या के गर्ने हो भन्ने निर्णय नआएकाले त्यसको पर्खाइमा छौं।' परिवर्तित डिजाइनअनुसार पूर्वतर्फ भासिएको दोस्रो पायाँको ठाउँमा एउटा थप गरी दुईवटा बनाइएको उनले बताए। उनका अनुसार त्यसमा तीनवटा पिल्लरको सट्टा एउटै पिल्लर बनाएर दुईवटा स्ल्याब १२ वटा फलामको बिममा राखिनेछ।

■ अदालतमा बिमा रकमको विवाद

१५ फागुन ०७९ मा तत्कालीन उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले कमला पुलको स्थलगत निरीक्षण गरेको करिब दुई महिनापछि २४ वैशाखमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र निर्माण कम्पनीबीच ०८१ असार मसान्तसम्म भासिएको पुलको पुनर्निर्माण गर्ने सम्झौता भएको थियो। पुलको अन्तिम निर्माण चलिरहेका वेला बाढीले पायाँ भासिएपछि कम्पनीले क्षतिवापत् बिमा कम्पनीबाट आठ करोड रकम नपाएको मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेकाले समयमा पुनर्निर्माणको काम सम्पन्न गर्न समस्या भएको साइट इन्चार्ज थापाले बताए।

■ बाँसको पुलमा जोखिमपूर्ण यात्रा

पुल भासिएपछि वर्षाको समयमा निजी रूपले सञ्चालन गरिएका डुंगा र हिउँदमा स्थानीयले बनाएको बाँसको पुलमा जोखिमपूर्ण यात्रा गर्नु बाध्य रहेको स्थानीय बासिन्दाले बताए। सिराहा नगरपालिका-६ बसबिट्टाका विन्देश्वर यादव भन्छन्, 'बाँसकै पुल भए पनि तत्काल राहत भएको छ।' पुलको दक्षिणपट्टि बाँसको खम्बामा मोटो प्लाई हालेर बनाइएको दुईवटा पुल पनि जीर्ण भएपछि त्यसको बीचभागमा फेरि त्यस्तो पुल बनाएपछि आवतजावत गरिएको यादवले बताए। उनका अनुसार पैदल र साइकलयात्रीलाई निःशुल्क तथा मोटरसाइकललाई ५० रुपैयाँ शुल्क लिने गरिएको छ।

हेटौंडाको गुन्द्रुकलाई बजारीकरणको अनुमति

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ का महिलाहरूले उत्पादन गरेको गुन्द्रुकले बिक्री-वितरणका लागि सरकारी मान्यता (अनुज्ञापत्र) पाएको छ।

हेटौंडा-१२, घलेगाउँमा रहेको कञ्चनजंघा कृषि सहकारी संस्था लघु उद्यमी उद्योगमा आबद्ध महिलाहरूले उत्पादन थालेको गुन्द्रुकले अनुज्ञापत्र पाएपछि हेटौंडालगायत विभिन्न सहरमा बिक्रीका लागि अनुमति पाएको हो।

समूहकी अध्यक्ष चिनीमाया गुरुङले आफूहरूले उत्पादन गरेको गुन्द्रुकलाई करिब चार महिनासम्मको नियमित परीक्षण र निगरानीपछि बिक्री अनुमति दिएको जानकारी दिइन्। उपमहानगरपालिकाले उपलब्ध गराएको तालिम र एक लाख बिउपुँजीबाट सुरु गरेको गुन्द्रुक उत्पादनले बजारीकरणको अनुमति पाउँदा खुसी लागेको उनले बताइन्।

उपमहानगरपालिकाको एक लाख रुपैयाँबाट थालेको अर्गानिक साग उत्पादन गरी



बनाएको गुन्द्रुकले बजारीकरणका लागि स्वीकृत पाउँदा आफूहरू निकै खुसी भएको उद्यमी समूहका अध्यक्ष चिनीमाया गुरुङले बताइन्।

'आय-आर्जनको खासै केही पेसा नभएको समयमा उपमहानगरपालिकाले तालिम र बिउपुँजीस्वरूप एक लाख दिने भएपछि गुन्द्रुक उत्पादन गरेका हौं। उहाँहरूले बजारीकरणका लागि पनि पहल गर्ने वचन दिनुभएको छ,' उनले भनिन्।

उपमहानगरको एक लाख र सहकारीबाट ८० हजार रुपैयाँ ऋण लिएर भाडाको १५ कट्ठा जमिनमा आफैंले साग लगाई गुन्द्रुक उत्पादन थालेको अध्यक्ष गुरुङको भनाइ छ। अनुज्ञापत्र नहुँदा उत्पादन गरेको गुन्द्रुक बजारमा लैजान नपाएर करिब तीन लाख रुपैयाँबराबरको गुन्द्रुक स्टोर गरेर राखेको पनि अध्यक्ष गुरुङले जानकारी दिइन्।

'अब बजारीकरणको बाटो खुलेको छ। उपमहानगरपालिकासँगै सबैको सहयोगले समूहमा रहेका १२ जनाले गरेको कामले सार्थकता पाउँछ भन्नेमा विश्वास लागेको छ,' अध्यक्ष गुरुङले भनिन्।

उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले समूहलाई अनुज्ञापत्र हस्तान्तरण गर्दै उपमहानगरको सहयोगमा उत्पादित गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्। उनले पहिलो चरणमा हेटौंडाका होटेलहरूमा प्रवर्द्धनका लागि राख्नका लागि पहल गर्ने र बाह्य जिल्लामा बिक्रीका लागि पनि सहयोग गर्ने बताइन्।

अनुज्ञापत्र हस्तान्तरण कार्यक्रममा होटेल व्यवसायी संघ मकवानपुरका अध्यक्ष दिलिसगोविन्द जोशी, उपमेयर राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, उपमहानगरपालिका आर्थिक विकास समितिका संयोजक अनिल बानियाँले स्थानीयस्तरमा उत्पादन भएको गुन्द्रुकले पहिलोपटक सरकारी मान्यता पाएको भन्दै बजारीकरणमा सबैले सहयोग गर्नुपर्ने बताए।

विद्यार्थीलाई सिटिजन्स बैंकको छात्रवृत्ति



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बालविकास समाजलाई आर्थिक सहयोग गरेको छ। बैंकले १७औं वार्षिकोत्सवका अवसरमा अनाथ बालबालिकालाई लालनपालन तथा स्वास्थ्य उपचारका लागि एक लाख ५० हजार आर्थिक सहयोग गरेको हो।

एक समारोहबीच बैंकले डेढ हजारबराबरको चेक संस्थाका अध्यक्ष सुवास गौतमलाई हस्तान्तरण गरेको जनाएको छ। बालविकास समाजमा रहेका ८० जना बालबालिकामध्ये १५ जना बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचारमा उक्त रकम खर्च गर्ने अध्यक्ष गौतमले बताए।

बैंकले आफ्नो वार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणका लागि कार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको बताइएको छ। यसैको निरन्तरतास्वरूप बैंकले आफ्नो वार्षिक कार्यतालिकाअनुसार उक्त सहयोग रकम हस्तान्तरण गरेको हो।

बैंकले आगामी दिनमा पनि संस्थागत सामाजिक उतरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन यस्ता कार्यक्रम सञ्चालन गर्ने बताएको छ।

नेपाल एसबिआई र न्युरो कार्डियोबीच सम्झौता



काठमाडौं/ नेपाल एसबिआई बैंक र विराटनगरस्थित न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटलबीच छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका कोशी प्रदेश प्रमुख रविन घिमिरे तथा अस्पतालका अपरेसन डाइरेक्टर राजेश भट्टराईले हस्ताक्षर गरे।

सम्झौताअनुसार बैंकका ग्राहकले भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गरी स्वास्थ्य सेवामा छुट पाउने भएका छन्।

बुटवल उवासंघको परिषद् सभा

आर्थिक राजधानीका रूपमा विकास गर्न माग

नयाँ पत्रिका



बुटवललाई आर्थिक केन्द्रका रूपमा विकास गर्न सरोकारवाला जुट्नुपर्नेमा जोड दिइएको छ। बुटवल पश्चिम नेपालको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहँदै आएको तथ्य औंल्याउँदै सरोकारवालाले यहाँको विकासमा ध्यान दिन सके प्रदेशको मात्रै नभएर देशकै आर्थिक केन्द्रका रूपमा विकास गर्न सकिनेमा जोड दिए।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको सोमबार सम्पन्न ३०औं परिषद् सभामा बोल्दै लुम्बिनी प्रदेश सभा सदस्य तथा प्रदेशका पूर्वमन्त्री विष्णु पन्थीले बुटवललाई प्रदेशको व्यवस्थित आर्थिक राजधानी बनाउने भन्नेमा बहस हुन आवश्यक रहेको बताए। सबै मिलेर काम गर्ने हो भने बुटवललाई प्रदेशको मात्रै नभएर देशकै आर्थिक केन्द्रका रूपमा विकास गर्न सकिने उनको धारणा थियो।

त्यस्तै, उनले प्रदेशको राजधानी सरेपछि परेको मनोवैज्ञानिक असर र आर्थिक मन्दीले समेत यहाँको उद्योग व्यापार-व्यवसायमा केही जटिलता सिर्जना भएको बताए।

संघका अध्यक्ष हरिप्रसाद अर्यालले आर्थिक विकाससँग जोडिएका विषयमा निजी क्षेत्र र सरकारको साझा धारणा आवश्यक रहेकोमा जोड दिए। उनले मुलुकको आर्थिक विकासको मेरुदण्ड निजी क्षेत्रको विकासका लागि सरकार गम्भीर बन्नुपर्ने बताए।

उनले सरकारले पूर्वाधार निर्माण गर्दा सहज आवागमनलाई असर नगर्ने गरी काम गर्नुपर्ने बताउँदै बुटवल-नारायणगढ सडक पूर्वाधार निर्माण पूरा नहुँदै पश्चिमको सडक नभत्काउन सरकारको ध्यानाकर्षण गराए। प्रदेश सभा सचिवालय र सभा सञ्चालनका लागि प्रदेश सरकारलाई उपलब्ध गराइएको संघको भवन र सभाहल राजधानी सारेपछि अस्तव्यस्त छाडेको र मर्मत-सम्भारको भुक्तानीमा समेत विलम्ब भइरहेको बताउँदै अध्यक्ष अर्यालले सांसद पन्थीलाई भुक्तानीको प्रबन्ध मिलाइदिनसमेत आग्रह गरे।

साथै, संघका पूर्वअध्यक्ष नवराज श्रेष्ठले यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा संघले खेलेको भूमिकाको चर्चा गर्दै विकास र समृद्धिका लागि बुटवल र पहाडी जिल्लाको आवागमनलाई सहज र छिटो-छरितो बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा संघका महासचिव मुक्तिप्रसाद अधिकारीले प्रतिवेदन प्रस्तुत गर्दै संघले गत असोजयता सम्पादन गरेका कार्यक्रमहरू र त्यसले पारेका प्रभावहरूबारे जानकारी गराए।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, संघका परामर्शदाता सिए हरि लम्साल, बुटवल उपमहानगरपालिका वडा नं ४ का अध्यक्ष तथा संघका कार्यसमिति सदस्य नरीश्वर शर्मा पौडेल, क्याटरिङ तथा मिष्ठान्न वस्तुगत समितिका सभापति लक्ष्मण पोखरेललगायतले आर्थिक क्षेत्रका बारेमा चर्चा गरेका थिए।

परिषद् सभामा संघमा गठित वस्तुगत समितिका सभापतिले हालसम्म गरेका गतिविधि, उद्योगी-व्यवसायीका समस्या तथा समाधानका लागि सुझावसहितका प्रतिवेदन प्रस्तुत गरेका थिए। संघमा रहेका २८ वटा वस्तुगत समितिले दिएको प्रतिवेदनका आधारमा व्यवसायीका समस्या समाधानका लागि संघबाट हुन सक्ने पहल संघले गर्ने र केन्द्रमा पहल गर्नुपर्ने कुरा महासंघमार्फत पहल गरिने अध्यक्ष अर्यालले बताए।

कार्यक्रममा संघ र संघअन्तर्गत गठित कपडा वस्तुगत समितिले प्रकाशन गरेको ०८१ सालको भित्तेपात्रो विमोचन गरिएको थियो।

एनसिएचएलले नेप्सलाई प्राप्ति गर्ने

काठमाडौं/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स् लिमिटेड (नेप्स)लाई प्राप्ति गर्ने भएको छ। दुवै संस्थाबीच प्राप्ति गर्नेबारे सम्झौता भएको बताइएको छ। बिहीबार बसेको संयुक्त मर्जर प्राप्ति समितिको बैठकमा एनसिएचएल र नेप्स तर्फका संयोजक महेश शर्मा ढकाल र नेप्सका सञ्जीव श्रेष्ठबीच सम्झौतापत्र आदान-प्रदान गरिएको हो।

सम्झौतापश्चात् दुवै संस्थाले छुट्टाछुट्टै विशेष साधारणसभामार्फत आफ्ना सेयरधनीको समर्थन लिई नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृतिपछि कम्पनी रजिस्ट्रार कार्यालयको आवश्यक प्रक्रिया सम्पन्न गरी एकीकृत कार्य गर्नेछ।

नेप्सले हालसम्म विभिन्न कार्ड स्किमका लागि कार्ड स्विचको पूर्वाधार विस्तार गर्दै बैंक वित्तीय संस्थालाई सेवा दिँदै आएको छ भने एनसिएचएलले कार्डबाहेकका विभिन्न विद्युतीय भुक्तानी प्रणाली, पूर्वाधार तथा प्लेटफर्ममार्फत आफ्ना सदस्यलाई सेवा दिँदै आएको बताइएको छ।

विद्युतीय भुक्तानी पूर्वाधारको विकास तथा यसको प्रयोग वृद्धि गरी डिजिटल नेपालले परिकल्पना गरेको उक्त क्षेत्रलाई आधुनिकीकरण तथा अन्तरआबद्धता कायम गर्न र यससम्बन्धी दूरगामी परियोजनाहरूको सफल कार्यान्वयनका लागि राष्ट्रिय भुक्तानी स्विचलगायतका थप पूर्वाधार विस्तार गर्न यस साझेदारीले सहयोग हुने अपेक्षा गरिएको छ।

सिएचटिसी मोटर्सका भ्यान मेगा बिजनेस ग्रुपले भित्र्याउँदै

काठमाडौं/ चाइना हाई टेक अफ रोड भेहिकल कम्पनी (सिएचटिसी मोटर्स)को आधिकारिक विक्रेतामा मेगा बिजनेस ग्रुप नियुक्त भएको छ। यी दुई कम्पनीले यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार अब ग्रुपले सिएचटिसी मोटर्सद्वारा निर्मित ११, १४ र अन्य सिट क्षमताका विद्युतीय भ्यान नेपाली बजारमा बिक्री-वितरण गर्नेछ। व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न सकिने यी भ्यानहरू वातारणमैत्री एवं प्राविधिक दृष्टिकोणले उत्कृष्ट रहेको कम्पनीले जानकारी गराएको छ। यी उत्पादन यही महिनाको अन्त्यदेखि नेपाली बजारमा उपलब्ध हुने बताइएको छ।

६ वर्ष वा तीन लाख किलोमिटरको वारेन्टी, ४१.८६ किलोवाट क्षमताको ब्याट्री, दुई सय ८५ किलोमिटर रेन्ज (एकपटकको फुल चार्जमा), लिथिएम आएन ब्याट्री प्याक, २०५ एमएम ग्राउन्ड क्लियरेन्स, सुविधाजनक कम्पनीजडित लेदर सिट र लेग स्पेस आदि यी गाडीका विशेषता हुन्। त्यस्तै, ११ सिट क्षमताका भ्यानमा बुट स्पेससमेत उपलब्ध रहेको कम्पनीले जनाएको छ। चीन सरकारद्वारा सञ्चालित सिएचटिसी प्रविधिमा आधारित चीनको अटोमोबाइल बजारमा अग्रणी नाम भएको बताइएको छ।

एनआइसी एसियाको हर्जाना छुट योजना

काठमाडौं/ एनआइसी बैंकले कर्जा ग्राहकलाई दिइने जरिवाना तथा हर्जाना छुट योजना सार्वजनिक गरेको छ। बैंकले आर्थिक शिथिलताका कारण बैंकको कर्जा ग्राहकमा परेको असरलाई न्यूनीकरण गर्न यो योजना ल्याएको बताएको छ। जसअनुसार ०८० पुस मसान्तमा निष्क्रिय कर्जाका रूपमा वर्गीकरण भएका कर्जाहरूको हकमा सम्बन्धित ऋणीले चैत मसान्तसम्मको ब्याज तथा किस्ता रकम पूर्ण रूपमा चुक्ता भुक्तान गर्नुका साथै सम्पूर्ण कर्जा रकम नै यही महिनाको मसान्तभित्र पूर्ण रूपमा चुक्ता भुक्तान गर्दा चैत मसान्तसम्म लाग्ने जरिवाना तथा हर्जाना रकममा शतप्रतिशत छुट हुने योजना ल्याएको हो। त्यस्तै, ब्याज रकममा समेत कमसल खालका कर्जामा १०, शंकास्पदमा १५ र खराब कर्जामा २० प्रतिशत छुट दिइने बैंकले जनाएको छ।

त्यस्तै, मासिक तथा त्रैमासिक किस्ताबन्दीमा भुक्तानी हुने वा चालू पुँजी कर्जा तथा अन्य रिभल्भिङ प्रकृतिका कर्जालगायत बैंकबाट प्रवाह भएका कुनै पनि प्रकारका कर्जामा आर्थिक शिथिलताका कारणले मर्कामा परेका ग्राहक यस योजनामा सहभागी भई लाभ लिन सक्ने बैंकले जनाएको छ।

हेराल्ड कलेजले दियो ८९ विद्यार्थीलाई डेढ करोडको छात्रवृत्ति



काठमाडौं/ हेराल्ड कलेजले ८९ जना विद्यार्थीलाई डेढ करोड रुपैयाँबराबरको छात्रवृत्ति प्रदान गरेको छ। कलेजले यस शैक्षिक सत्रमा प्राज्ञिक, अनुशासन र सहभागिताका क्षेत्र (एएए)मा उत्कृष्टता हासिल गर्न सफल विद्यार्थीलाई पुरस्कृत गरेको बताएको छ।

यी तीनै क्षेत्रलाई एकै सूत्रमा बाँध्ने एएए छात्रवृत्तिको उद्देश्य भनेको विद्यार्थीलाई शैक्षिक सत्रभर उत्कृष्ट अध्ययन गर्न प्रोत्साहित गर्नु रहेको बताइएको छ। यो छात्रवृत्तिका लागि आवेदकको उल्लेख्य सहभागिता रहे पनि योग्यताका आधारमा ८९ जना विद्यार्थी चयन गरिएको कलेजले जनाएको छ।

विद्यार्थीलाई उनीहरूका परिवारजन तथा सम्पूर्ण कलेज परिवारमाझ हेराल्ड कलेजका सिइओ प्रकाश श्रेष्ठले पुरस्कार प्रदान गरेका थिए।

भरतपुर महानगर र पचालझरना गाउँपालिकाबीच भगिनी सम्बन्ध



भरतपुर/ भरतपुर महानगरपालिका र कालिकोट पचालझरना गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ। सोमबार भरतपुर महानगरपालिकाको सभाहलमा एक कार्यक्रमबीच भगिनी सम्बन्ध कायम गरिएको हो। भरतपुर महानगर प्रमुख रेनु दाहाल र पचालझरना गाउँपालिका अध्यक्ष देवराज शाहीले समझदारीपत्रमा हस्ताक्षर गरे।

दुई स्थानीय तहका प्रमुखले नौबुँदे समझदारीपत्रमा हस्ताक्षर गरेर भगिनी सम्बन्ध अगाडि बढेको जनाइएको छ। एक-अर्काको विकास र समन्वयका लागि भगिनी सम्बन्ध कायम गरिएको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले बताइन्।

कर्णालीको सबैभन्दा विकट मानिएको पचालझरना गाउँपालिका र सुगम जिल्ला चितवनको भरतपुरबीच भगिनी सम्बन्ध स्थापित हुनु एक ऐतिहासिक कार्य भएको प्रमुख दाहालको दाबी छ। पचालझरना गाउँपालिका र भरतपुरबीच आर्थिक, सांस्कृतिक, सामाजिक तथा पर्यटकीय क्षेत्रमा सहकार्य र समन्वय गरी अगाडि बढ्ने प्रमुख दाहालको भनाइ छ।

कार्यक्रममा बोल्दै पचालझरना गाउँपालिकाका अध्यक्ष देवराज शाहीले भरतपुरमा भएका असल अभ्यासको सिको गर्दै गाउँपालिकाको थप विकास र समृद्धिका लागि अघि बढ्ने बताए। उनले गाउँपालिकालाई आउने समानीकरण बजेट न्यून रहेकाले आवश्यकताअनुसार विकास गर्न सम्भव नरहेको उल्लेख गरे। भरतपुर महानगरसँगको भगिनी सम्बन्धपछि गाउँपालिकाले विकास र समृद्धिको बाटोमा थप मद्दत पुग्ने विश्वास व्यक्त गरे।

समझदारीपत्रमा भरतपुर महानगरपालिका र पचालझरना गाउँपालिकामा रहेका मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरूको महत्त्व र विशेषताका आधारमा दुवै स्थानीय तहबाट प्रचारप्रसार गरिने उल्लेख गरिएको छ।

दुई स्थानीय तहमा उत्पादित मौलिक कृषिउपजलाई एक-आपसमा बजारीकरण गर्न सहयोग गर्ने, कृषि र पशुपालनका क्षेत्रमा अपनाएका नयाँ प्रविधि, ज्ञान, सीपको सिको गर्दै कृषकलाई विभिन्न तालिम तथा भ्रमणलगायत कार्यक्रम सञ्चालन गर्ने सम्झौतापत्रमा उल्लेख छ।

ग्लोबल मनी विकमा आयोजित निबन्ध प्रतियोगितामा राजवंशी प्रथम

काठमाडौं/ विश्व वित्तीय सप्ताह-२०२४ (ग्लोबल मनी विक)का अवसरमा धितोपत्र ब्रोकर्स एसोसिएसन नेपाल (डिब्यान)ले आयोजना गरेको राष्ट्रव्यापी निबन्ध प्रतियोगिताको विजेता घोषणा गरिएको छ।

